लुम्बिनी प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

# वार्षिक कार्यक्रम कार्यान्वयन कार्यविधि

# २०८२

माननीय मन्त्रीस्तरीय निर्णयबाट
मिति २०८२/०४/१८ मा स्वीकृत

लुम्बिनी प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
राप्ती उपत्यका (देउखुरी),नेपाल

श्रावण २०८२

# विषयसूची


विषयसूची १

परिच्छेद १: प्रारम्भिक ५

परिच्छेद २: वन, वन्यजन्तु, जैविक विविधता संरक्षण तथा व्यवस्थापन कार्यक्रम (३२९०००१२) ९

*२.१ वन सम्वर्द्धन प्रणालीमा आधारित दिगो वन व्यवस्थापन* ९

२.१.१ चक्ला वन व्यवस्थापन कार्ययोजना तयारी, नविकरण तथा कार्यान्वयन ९

२.१.२ साझेदारी वन व्यवस्थापन कार्ययोजना नवीकरण तथा कार्यान्वयन १०

२.१.३ सामुदायिक वनमा वन सम्बर्द्धन प्रणालीमा आधारित वन व्यवस्थापन कार्ययोजना तयारी, संशोधन तथा कार्यान्वयन १०

२.१.४ वनमा आधारित उत्पादन (सरकारद्धारा व्यवस्थित वनमा ढलापडा तथा अन्य वारिसे वेवारिसे काठ, दाउरा तथा अन्य वारिसे वेवारिसे काठ, दाउरा संकलन) तथा व्यवस्थापन (हजार) ११

२.१.५ घाटगद्दी व्यवस्थापन ११

२.१.६ सम्बर्द्धन प्रणालीमा आधारीत वन व्यवस्थापन कार्यक्रमको प्रभावकारीता सम्बन्धि सरोकारवालको अनुगमन (प्रतिवेदन समेत) १३

*२.२ सामुदायिक तथा कबुलियती वन बिकाश कार्यक्रम* १३

२.२.१ सामुदायिक वनको अनुगमन, मूल्यांकन र अभिलेखीकरण १३

२.२.२ कबुलियती वन समूहमा सामाजिक परिचालन मार्फत आयआर्जन १३

*२.३ वन डढेलो नियन्त्रण अभियान* १५

२.३.१ वन डढेलो नियन्त्रण (पूर्व तयारी, नियन्त्रणात्मक, दण्डात्मक तथा मौसमी हेरालु व्यवस्थापन कार्यसमेत) १५

*२.४ वन,वन्यजन्तु संरक्षण र वन अपराध नियन्त्रण कार्यक्रम* १६

२.४.१ वन अतिक्रमण नियन्त्रण (वन सिमांकन समेत) १६

२.४.२ वन अपराध नियन्त्रण (सूचना संकलन, गस्ती परिचालन मुद्दा दायरी समेत) १६

२.४.३ मानव वन्यजन्तु द्वन्द्व न्यूनिकरण १७

२.४.४ वन्यजन्तु पिडितका लागि राहत १८

२.४.५ वन्यजन्तुबाट मृतक तथा सख्त घाईते भएका परिवारका सदस्यलाई छात्रवृत्ति कार्यक्रम १८

*२.५ सिमसार क्षेत्र, पंक्षी-जलचर र जैविक विविधता संरक्षण कार्यक्रम* १८

२.५.१ महत्वपुर्ण सिमसार एवं पोखरी संरक्षण कार्यक्रम १८

२.५.२ पंक्षि (गिद्ध) आरक्ष घोषणा तथा बासस्थान व्यवस्थापन, १९

२.५.३ निजी वन विकास तथा बृक्षारोपण कार्यक्रम (पारिवारीक निजी वन) १९

२.५.४ बर्ड स्याङ्चुरी व्यवस्थापन कार्ययोजना कार्यान्वयन १९

२.५.५ संकटापन्न तथा लोपोन्मुख वनस्पति तथा वन्यजन्तु (पंक्षी समेत) संरक्षण कार्यकम १९

२.५.६ मिचाहा प्रजाति नियन्त्रण तथा व्यवस्थापन २०

२.५.७ तराईको रैथाने बहुउपयोगी मौवा प्रजातिको संरक्षण तथा व्यवस्थापन २०

२.५.८ रेडंपाण्डा संरक्षण कार्यक्रम २०

२.६ प्रचार प्रसार र प्रकाशन २०

२.६.१ वन, वन्यजन्तु, अतिक्रमण, चोरी निकासी तथा चोरी शिकारी नियन्त्रण सम्बन्धी प्रचार प्रसार (पर्चा, पम्पलेट, होर्डिंग बोर्ड, भित्ते लेखन, रेडियो, टि.भी. पत्रपत्रिका समेत) तथा बार्षिक प्रगति प्रतिवेदन पुस्तिका प्रकाशन २१
२.६.२ प्रदेश स्थापना दिवस, सिमसार दिवस, राष्ट्रिय बृक्षारोपण दिवस, जैविक विविधता दिवस, विश्व वातावरण दिवस, वन्यजन्तु सप्ताह आदि २२
२.६.३ वन सम्वर्द्धन प्रणाली कार्यान्वयन सम्वन्धी Video documentary तयारी तथा प्रशारण २३
२.६.४ वन, वातावरण, जलाधार, जैविक विविधता, जलवायु परिवर्तन सम्बन्धी लघु सूचना केन्द्र सहितको पुस्तकालय निर्माण तथा सञ्चालन २३

*२.७ जैविक पार्क तथा उद्यान निर्माण तथा व्यवस्थापन* २३

*२.८ अध्ययन अनुसन्धान* २४
२.८.१ कार्यरत कर्मचारीहरूको क्षमता अभिवृद्धिका लागि सहयोग कार्यक्रम २५
२.८.२ वन क्षेत्रको प्रोफाइल तयारी २५

*२.९ सुशासन अभिवृद्धि कार्यक्रम* २५
२.९.१ सव डिभिजन वन कार्यालय संचालन खर्च (तलव, राशन, भत्ता बाहेक) २५
२.९.२ वन क्षेत्रमा लैंगिक तथा सामाजिक समावेशीकरण अभिमुखिकरण कार्यक्रम २६

*२.१० समन्वय, योजना तर्जुमा र प्रगति समीक्षा गोष्ठी* २६
२.१०.१ योजना तर्जुमा गोष्ठी २६
२.१०.२ चौमासिक र बार्षिक प्रगति समिक्षा गोष्ठी २६
२.१०.३ वन, वातावरण, जलाधार र जडीबुटी सम्बन्धी क्रियाकलापहरूको अनुगमन, सहजीकरण र प्रतिवेदन २६
२.१०.४ कार्यालय प्रमुख तथा अन्य सरोकारवालाहरूसँग समन्वय बैठक/गोष्ठी २७
२.१०.५ गत विगत आर्थिक बर्षहरूमा वस्तुगत तथा नगद अनुदानमार्फत सहयोग गरिएका उद्यम, पेशा तथा उद्योगहरूको प्रभावकारीता सम्बन्धी अनुगमन तथा प्रतिवेदन (वनजन्य उद्यम, होमस्टे समेत) २७
२.१०.६ प्राप्त आयोजनाको फिल्ड भेरिफिकेशन तथा संकलन (Project Bank) व्यवस्थापन २७
२.१०.७ वन, जडीवुटी, जैविक विविधता सम्वन्धी आवश्यक कानून, नीति, रणनीति, मापदण्ड, कार्यविधि, निति कार्यक्रम तयारी, निर्देशिका निर्माण तथा अभिमुखिकरण २७
२.१०.८ अन्तर प्रदेश समन्वय तथा सिकाई आदान प्रदान बैठक २८
२.१०.९ वन सम्बर्द्धन प्रणालीमा आधारित वन व्यवस्थापन मापदण्ड २०७९ प्रकाशन तथा वितरण २८
२.१०.१० मन्त्रालयमा गठन भएका विभिन्न समितिहरुको बैठक संचालन खर्च २८

*२.११ सम्मान पुरस्कार तथा उत्प्रेरणामूलक कार्यक्रम* २८
२.११.१ उत्कृष्ट वनकर्मी पुरस्कार (Best Forester Award) २८
२.११.२ गौतमबुद्ध बृक्ष संरक्षण प्रबल पुरस्कार २८
२.११.३ फ्रन्टलाईनमा खटिने वन रक्षक दुर्घटना बीमा कार्यक्रम २९
२.११.४ वन्यजन्तुबाट हुने सबै किसिमको क्षति बीमा २९
२.११.५ जडीबुटी प्रवर्द्धनका लागि कृषक, व्यवसायी र प्राविधिक बिच सिकाई आदानप्रदान अवलोकन भ्रमण २९

*२.१२ कर्मचारीहरूलाई वन, वातावरण, जलाधार, जैविक विविधता सम्बन्धी तालिम* २९
२.१२.१ वन्यजन्तु उद्धार तथा नियन्त्रण सम्बन्धि उपकरण तथा क्षमता विकाश तालिम सहयोग २९
२.१२.२ ड्रोन तथा स्पाई क्यामेरा लगायतका आधुनिक उपकरण प्रयोग तथा परिचालन सम्बन्धि तालिम २९

२.१२.३ कर्मचारीहरूलाई वन, वातावरण, जलाधार, जैविक विविधता सम्बन्धी तालिम २९
२.१२.४ सिपमूलक तालिम (महिला लक्षित कार्यक्रम) २९

*२.१३ धार्मिक वन संरक्षण र प्रवर्द्धन* ३४

*२.१४ चिउरी पेल्ने कोल व्यस्थापन* ३४

*२.१५ लुम्बिनी प्रदेश वन व्यवस्थापन नीति संवाद* ३४

*२.१६ पञ्च बर्षिय वन व्यवस्थापन योजना तयारी* ३५

*२.१७ प्रदेश स्तरिय वन सम्वर्द्धन गोष्ठी* ३५

**परिच्छेद ३: जडिबुटी तथा गैरकाष्ठ वन पैदावार विकास कार्यक्रम (३२९०००१३)** ३७

*३.१ बहुउपयोगी जडिबुटी तथा गै.का.व.पै. खेति विस्तार (उच्चमुल्यका प्रजाति समेत)* ३७

*३.२ जडिबुटी तथा गैर काष्ठ वन पैदावार प्रशोधन केन्द्र स्थापना तथा सञ्चालनमा सहयोग* ३७

*३.३ उच्च पहाडी क्षेत्रमा ओखर विकास कार्यक्रम* ३७

*३.४ जडिबुटी तथा गैरकाष्ठ वन पैदावारको खेती विस्तार, संकलन सम्बन्धि तालिम* ३८

**परिच्छेद ४: भू संरक्षण तथा जलाधार व्यवस्थापन कार्यक्रम (३२९०००१४)** ३९

४.१.१ कार्यक्रम कार्यान्वयका लागि साझा सिद्धान्त, प्रक्रिया तथा मार्गदर्शन ३९
४.१.२ जनशक्ति व्यवस्थापन तथा समय सीमा ३९
४.१.३ खरीद र भुक्तानी प्रक्रिया तथा गुणस्तर नियन्त्रण ४०
४.२.१ जलवायु परिवर्तन अनुकूलन कार्यक्रम (पानी मुहान, सिमसार संरक्षण) ४०
४.२.२ आकस्मिक विपद् व्यवस्थापन तथा प्राकृतिक प्रकोप न्युनीकरण (तारजाली खरिद समेत) ४१
४.२.३ दिगो भू व्यवस्थापन (क्षतिग्रस्त भूमि पुनरुत्थान, बिरुवा उत्पादन, फलफूल, डाँले घाँस रोपण आदि) ४१
४.२.४ विकासका पुर्वाधार संरक्षण कार्यक्रम ४२
४.२.५ कम खर्चिलो भु-संरक्षण प्रविधिबाट गल्छी, पहिरो तथा भुक्षय नियन्त्रण कार्यक्रम ४३
४.२.६ उपजलाधार क्षेत्रको प्राथमिकिकरण ४३

**परिच्छेद ५: वन क्षेत्र भित्रका खोल्सा खोल्सी व्यवस्थापन कार्यक्रम (३२९०००१५)** ४४

*५.१ वन क्षेत्र भित्रका खोला/खोल्सी व्यबस्थापन तथा नदीजन्य पदार्थ संकलन(घनफिट लाखमा)* ४४

**परिच्छेद ६: वातावरण तथा जलवायु अनुकूलन कार्यक्रम (३२९०००१६)** ४५

*६.१ स्वच्छ वातावरण एवम् कार्यालय परिसर सौन्दर्यीकरण (कार्यालय)* ४५

*६.२ बर, पिपल, समी तथा लाकुरी रोपण तथा चौतारा व्यवस्थापन* ४५

*६.३ स्कुल वन बगैंचा कार्यक्रम* ४५

*६.४ जलवायू परिवर्तन र अनुकुलन रणनीति तयारी* ४६

*६.५ फोहोर व्यवस्थापन कार्यक्रम (***Reduce Reuse Recycle** *समेत)* ४६

*६.६ सार्वजनिक स्थल गाउँ/नगर सरसफाइ कार्यक्रम (प्लाष्टिक नियन्त्रण समेत)* ४६

| | |
|---|---|
| ६.७ EIA, IEE को EMP कार्यान्वियन अवस्थाको अनुगमन (प्रतिवेदन सहित) | ४६ |
| ६.८ जलबायु परीवर्तन र अनुकुलन सम्बन्धी अभिमुखीकरण (जन प्रतिनिधि तथा सरोकारवाला समेत) | ४७ |
| ६.९ जलबायु परीवर्तन र यसको असरबारे प्रदेशका संचारकर्मीको क्षमता अभिवृद्धि कार्यक्रम | ४७ |
| **परिच्छेद ७: वन उद्यम र पर्यापर्यटन प्रवर्द्धन कार्यक्रम (३२९०००१७)** | ४८ |
| ७.१ वन उद्यम प्रवर्द्धन कार्यक्रम | ४८ |
| ७.१.१ जडीबुटी तथा काष्ठजन्य उद्यम विकासमा सहयोग (निजी, सहकारी, सामुदायिक, साझेदारी) | ४८ |
| ७.२ पर्यापर्यटनमा आधारित संरक्षित वन विकास कार्यक्रम (कार्ययोजना निर्माण/परिमार्जन समेत) | ४९ |
| ७.३ नक्षत्र बाटीका निर्माण | ५० |
| **परिच्छेद ८: कृषि वन तथा बृहत्तर हरियाली प्रवर्द्धन कार्यक्रम (३२९०००१८)** | ५३ |
| ८.१ प्रदेश राजधानी सौन्दर्यीकरण अभियान | ५३ |
| ८.२ नर्सरी मर्मत तथा स्तरोन्नति | ५३ |
| ८.३ गत वर्षको बिरुवा स्याहार सम्भार (बहुवर्षीयको रुपमा अल्या भइ आएको) | ५३ |
| ८.४ आगामी वर्षका लागि बिरुवा उत्पादन (बहुवर्षीय) | ५४ |
| ८.५ चालु आ.व.को लागि बिरुवा उत्पादन (एक वर्षीय) | ५४ |
| ८.६ अनुसन्धानमुलक वन नर्सरी (अनुसन्धान, सञ्चानल ईत्यादि) | ५५ |
| ८.७ गत विगत बर्षहरुमा रोपण भएका क्षेत्रमा पुनः रोपण, स्याहार सम्भार र संरक्षण | ५६ |
| ८.८ बृक्षारोपण योजना तयारी र कार्यान्वियन (वृहत्तर चक्ला वृक्षारोपण समेत) | ५६ |
| ८.९ सरकारी तथा सार्बजानिक जग्गामा बृक्षारोपण र संरक्षण | ५६ |
| ८.१० नदि उकास तथा सार्वजनिक जग्गामा विरुवा रोपण (वृक्षारोपण, योजना तयारी र कार्यान्वियन) | ५७ |
| ८.११ अतिक्रमण हटाई वन क्षेत्रको पुनर्स्थापना (बृक्षारोपण) | ५७ |
| ८.१२ "हरित सडक लुम्बिनीको पहिचान" कार्यक्रम मार्फत सडक सौन्दर्यीकरण वृक्षारोपण | ५७ |
| ८.१३ कृषि वन प्रवर्द्धन कार्यक्रम | ५८ |
| ८.१४ घुम्ति बिरुवा वितरण र रोपण सहजीकरण विशेष अभियान | ५८ |
| ८.१५ वन नर्सरीहरुमा लाग्ने रोग सम्बन्धी अध्ययन तथा प्रकाशन | ५९ |
| ८.१६ **Seed Orchard & Seed Stand** स्थापना र व्यवस्थापन | ५९ |
| ८.१७ **BSO** बाट वीउ संकलन, परीक्षण र वितरण | ५९ |

# परिच्छेद १: प्रारम्भिक

## १.१ पृष्ठभूमि

लुम्बिनी प्रदेश सरकार वन तथा वातावरण मन्त्रालय अन्तर्गत विभिन्न आयोजना/कार्यक्रमहरु सञ्चालन गर्ने गरी बजेट विनियोजन भएको परिप्रेक्ष्यमा आर्थिक कार्यविधि तथा प्रचलित ऐन, नियम, मार्गदर्शन, सार्वजनिक खर्चको मापदण्ड र विनियोजित बजेटको परिधि भित्र रही स्वीकृत वार्षिक कार्यक्रमहरु मन्त्रालयका महाशाखा र शाखाहरु एवम् मातहतका कार्यालयहरु: वन निर्देशनालय, वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र, डिभिजन वन कार्यालयहरू र भू तथा जलाधार व्यवस्थापन कार्यालयहरूबाट सञ्चालन गर्ने गरी तय गरिएको छ । स्वीकृत वार्षिक कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयन गरी अपेक्षित उपलब्धि प्रासिका लागि कार्यक्रम/क्रियाकलाप सञ्चालनमा एकरुपता, सम्पादित कार्यको परिमाणात्मक र गुणात्मक पक्षको सुनिश्चितता तथा सरल र सहज तरिकाबाट समयमा नैं प्रभावकारी कार्यान्वयन भई अधिकतम उपलब्धि हासिल गर्ने उद्देश्यले लुम्बिनी प्रदेश वन तथा वातावरण मन्त्रालयको मिति २०८२/०४/ को निर्णय (माननीय मन्त्रिस्तरीय) ले यो वार्षिक कार्यक्रम कार्यान्वयन कार्यविधि २०८२ स्वीकृत गरी जारी गरिएको छ ।

## १.२ संक्षिप्त

क. यस कार्यविधिको नाम **"बार्षिक कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२"** रहेको छ ।

ख. यो कार्यविधि आ.व. २०८२/०८३ को अवधिभर वन तथा वातावरण मन्त्रालय, लुम्बिनी प्रदेश र मातहतका कार्यालयहरुमा लागु हुनेछ ।

## १.३ परिभाषा

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

- "कार्यविधि" भन्नाले प्रदेश सरकार वन तथा वातावरण मन्त्रालय र मातहतका निकाय/कार्यालयहरु मार्फत वार्षिक कार्यक्रम कार्यान्वयन गर्न मन्त्रालयवाट स्वीकृत **बार्षिक कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२** सम्झनुपर्छ ।
- "मन्त्रालय" भन्नाले लुम्बिनी प्रदेश सरकार, वन तथा वातावरण मन्त्रालयलाई सम्झनुपर्छ ।
- "सम्बन्धित निकाय" भन्नाले मन्त्रालयद्वारा कार्यक्रम सञ्चालन गर्न तोकिएको निकायलाई सम्झनुपर्छ।
- "महाशाखा" भन्नाले वन तथा वातावरण मन्त्रालयका महाशाखाहरु सम्झनुपर्छ ।
- "कार्यालय" भन्नाले वन तथा वातावरण मन्त्रालय अन्तर्गत स्थापना भएका वन निर्देशनालय, वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र, डिभिजन वन कार्यालयहरु एवम् भू तथा जलाधार व्यवस्थापन कार्यालयहरुलाई सम्झनुपर्छ।
- "स्थानीय तह" भन्नाले कार्यक्रम लागु हुने स्थानको उपमहानगरपालिका, नगरपालिका वा गाउँपालिका सम्झनुपर्छ।
- "उद्योग" भन्नाले प्रचलित कानून बमोजिम दर्ता भई सञ्चालन भएका उद्योगलाई सम्झनुपर्छ ।
- "प्रचलित कानून" भन्नाले संघ र प्रदेश सरकार, लुम्बिनी प्रदेश सरकारले निर्माण गरेका तथा हाल कार्यान्वयनमा रहेका कानूनहरुलाई जनाउँछ ।
- "वातावरण मैत्री क्रियाकलापहरू" भन्नाले यस कार्यविधि अनुरूप सञ्चालन हुने निर्माण सम्बन्धी क्रियाकलापहरू कार्यान्वयन गर्दा स्थानीय स्तरमा प्राप्त हुने प्राकृतिक तथा जैविक सामग्रीहरू



(प्रमोद भट्टराई)
सचिव

जस्तैः काठ, ढुंगा, माटो, खर आदिको प्रयोग गरी गरिने क्रियाकलापलाइ सम्झनुपर्छ । सो शब्दले उद्यान, पार्कमा सिमेण्ट, फलाम जस्ता निर्माणजन्य सामाग्रीको न्यूनतम प्रयोग र हरियालीजन्य क्रियाकलापहरूलाई प्राथमिकता दिने समेत जनाउँछ ।

## १.४ कार्यक्रम सञ्चालनका लागि साझा प्रक्रिया एवम् मार्गदर्शन

- कुनै पनि वस्तु वा सेवा खरीद र भुक्तानी गर्दा सार्वजनिक खरीद ऐन, २०६३, सार्वजनिक खरीद नियमावली २०६४, प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ र प्रदेश आर्थिक कार्यविधि नियमावली २०७५ को अधिनमा रही गर्नुपर्नेछ। साथै आर्थिक बर्ष २०८२/०८३ को बजेट कार्यान्वयन मार्गदर्शन समेत पालना गर्नु पर्नेछ।
- स्वीकृत वार्षिक कार्यक्रममा तोकिए बमोजिमको परिमाण र विनियोजित बजेटको परिधि भित्र रही कार्यक्रम कार्यान्वयन गर्ने।
- स्वीकृत वार्षिक कार्यक्रम प्राप्त भए पश्चात् कार्यक्रम कार्यान्वयन योजना बनाई कार्यान्वयन गर्ने।
- स्वीकृत वार्षिक कार्यक्रमको विषयगत विशिष्टीकरण र आवश्यकता अनुसार कार्य बिभाजन गरी कर्मचारीहरूलाई जिम्मेवारी तोक्ने ।
- क्रियाकलापहरूको प्रकृतिको आधारमा क्षेत्र निर्धारण गरी लक्षित समूह, क्षेत्र, स्थानीय स्तरमा बैठक, छलफल र आवश्यकता अनुसार अन्तरक्रिया र गोष्ठी सञ्चालन गरी कार्यक्रम सञ्चालन हुने स्थानको पहिचान गर्ने ।
- विषयगत प्राविधिकबाट कार्यक्रमको विस्तृत सर्वेक्षण, डिजाइन तथा लागत अनुमान तयार गर्ने। कार्यालयमा विषयगत प्राविधिक नभएको अवस्थामा स्थानीय तह, प्रदेश तथा सङ्घीय सरकारी कार्यालयका प्राविधिक वा निजी क्षेत्रको समेत सेवा खरिद गरी कार्य सञ्चालन गर्न सकिने ।
- विशेष सिपयुक्त जनशक्ति आवश्यक पर्ने भएमा कार्यक्रम अवधिका लागि व्यक्ति वा सेवा करारमा लिएर सञ्चालन गर्न सकिने ।
- प्रदेश अन्तर्गतका कार्यालयहरूबाट सञ्चालन हुने तालीम तथा अनुसन्धानका विषयहरूमा वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रसँग समन्वय गरी सञ्चालन गर्न सकिने।
- यस कार्यविधि बमोजिम मन्त्रालय, वन निर्देशनालय, वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र, डिभिजन वन कार्यालय, भू तथा जलाधार व्यवस्थापन कार्यालयहरुबाट सञ्चालन गरिने तालिम गोष्ठी, सेमीनार जस्ता नियमीत कार्यहरु कार्यालयका मौजुदा जनशक्ती मार्फत अमानतमा सञ्चालन गरी लक्ष्य अनुसारको प्रगति हासिल गरिने ।
- वन विकासः संरक्षण, सम्वर्द्धन, व्यवस्थापन सम्बन्धी विशिष्टिकृत कार्यहरु जस्तै वन नर्सरी निर्माण/मर्मत, बिरुवा उत्पादन, वृक्षारोपण, तारबार, कार्ययोजना निर्माण/परिमार्जन, वन सर्भेक्षण, अग्नीरेखा निर्माण/मर्मत, पानीपोखरी निर्माण/मर्मत/सरसफाई, नियन्त्रित आगलागी, वन गोडमेल/झाडी सफाई/पत्याउने, सुधार कटान, कटान लगायतका कार्यहरु वन क्षेत्र/परिसर भित्र सञ्चालन हुने र वन प्राविधिकको प्रत्यक्ष निगरानीमा गर्नु पर्ने हुँदा यस्ता कामहरु सम्भव भए सम्म कार्यालयका मौजुदा प्राविधिक जनशक्ति मार्फत अमानतमा सञ्चालन गरी लक्ष्य अनुसारको प्रगति हासिल गरिने ।

- लागत अनुमान तयार गर्दा लुम्बिनी प्रदेश सरकार आर्थिक मामिला तथा योजना मन्त्रालयबाट तयार भएको स्वीकृत नर्मस्, अन्य प्रचलित नर्मस् ,जिल्ला दररेट वा सम्बन्धित स्थानीय तहको दररेटलाई आधार लिइने।
- यस कार्यविधि बमोजिम सञ्चालन गरिने निर्माणसँग सम्बन्धित तथा सेवा प्रदायकबाट गरिने कार्यक्रमहरुको प्रभावकारिता अभिवृद्धी तथा मूल्यांकन गर्ने कार्यका लागि सम्बन्धित कार्यक्रमको प्याकेजमा नै ४ (चार) प्रतिशत कन्टीन्जेन्सी रकम सहितको लागत अनुमान स्वीकृत गराई कार्यान्वयन गर्नुपर्ने छ।कन्टीन्जेन्सी रकम प्रचलित कानुन अनुसार खर्च गर्न सकिने ।
- कार्य योजनाले निर्दिष्ट गरे बमोजिम वा सरकारद्वारा स्वीकृत विकास कार्यहरु (नर्सरी निर्माण, बिरुवा उत्पादन, वृक्षारोपण, गोडमेल, थिनिङ्ग, प्रुनिङ्ग, हारभेष्टिङ्ग इत्यादि) अमानतबाट गर्दा कम्तिमा वन सेवाको पाँचौ तह सम्मको वन प्राबिधिक कर्मचारीले प्रचलित नर्म्स, निर्देशिका र मापदण्डहरुको अधिनमा रही लागत इष्टिमेट बनाई अधिकार प्राप्त अधिकारीको स्वीकृति लिई सञ्चालन गर्नु पर्नेछ।

लागत अनुमानमा देहायका विषयहरू समावेश गर्ने:

- कार्यक्रम/क्रियाकलापको शीर्षक
- कार्यक्रम सञ्चालन हुने स्थान
- कार्यक्रमको डिजाइन, नक्सा, इकाई, परिमाण, स्वीकृत बजेट, प्रति इकाई लागत र कुल लागत परिमाण अनुमान
- श्रोत साझेदारीको अवस्था

कार्यक्रम सञ्चालनको लागि प्रस्ताव तयार गर्दा देहायका विषयहरू स्पष्ट खुलाउने

- कार्यक्रमको नाम
- कार्यक्रमको पृष्ठभूमि
- कार्यक्रमको लक्ष्य र उद्देश्य
- कार्यक्रम सञ्चालन हुने स्थान वा क्षेत्र
- लक्षित समूह सम्बन्धी बिवरण, लाभान्वित घरधुरी, जनसंख्या
- कार्यक्रम सञ्चालन विधि र प्रकृया
- कार्यक्रम शुरु हुने मिति, सम्पन्न गर्न लाग्ने अवधि र लागत अनुमान
- अपेक्षित उपलब्धीहरू
- अनुगमन तथा मूल्याङ्कन

### १.५ कार्यक्रम कार्यान्वयन विधि

यसमा उल्लेख भएका कार्यक्रमहरू प्रचलित कानूनको अधिनमा रही तपसिल अनुसार सञ्चालन गरिनेछ ।

- अमानतबाट कार्यालयले सम्पादन गर्ने नियमित कार्यहरु
- उपभोक्ता समूह वा समितिबाट
- ठेक्कापट्टाबाट
- परामर्श सेवा खरिदबाट
- साझेदारी वा सम्झौताबाट

## १.६ कार्यक्रम अनुगमन तथा मूल्याङ्कन विधि

कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन तपसिल बमोजिम गरिनेछ ।

- वन निर्देशनालयले अनुगमन योजना बनाई नियमित रूपमा अनुगमन गरा पृष्ठपोषण दिन ।
- कार्यक्रम कार्यान्वयन गर्ने निकायहरूले योजना बनाई नियमित रूपमा अनुगमन गरी समयमै पृष्ठपोषण र गुणस्तर नियन्त्रण गर्ने ।
- अनुगमन मूल्याङ्कन गर्दा प्रदेश अनुगमन तथा मूल्याङ्कन दिग्दर्शन, २०७५ लाई समेत आधार बनाउनुपर्ने।
- भौतिक निर्माणको कार्यक्रम सम्पन्न भएपछि आयोजना स्थलमा सम्बन्धित कार्यक्रमबाट नै खर्च बेहोर्ने गरी सकभर काठको वा अन्य उपयुक्त सूचना पाटी राख्नुपर्ने ।
- कार्य सम्पन्न भए पश्चात कार्यसम्पन्न प्रतिवेदनमा कार्यक्रमको फोटो समावेश गर्नु पर्ने।
- कार्यक्रम कार्यान्वयनको प्रगति मासिक रूपमा सम्बन्धित निकायमा पेश गर्नु पर्ने ।

## १.७ बचाउ

यस कार्यविधिमा उल्लिखित विषय सम्बन्धित प्रचलित कानूनी व्यवस्था बमोजिम कार्यान्वयन गर्न बाधा परेको मानिने छैन।

# परिच्छेद २: वन, वन्यजन्तु, जैविक विविधता संरक्षण तथा व्यवस्थापन कार्यक्रम (३२१०००१२)

## २.१ वन सम्वर्द्धन प्रणालीमा आधारित दिगो वन व्यवस्थापन

### २.१.१ चक्ला वन व्यवस्थापन कार्ययोजना तयारी, नविकरण तथा कार्यान्वयन

यस शीर्षकमा विनियोजित भएको रकम लुम्बिनी प्रदेशबाट जारी भएको "वन सम्वर्द्धन प्रणालीमा आधारित वन व्यवस्थापन मापदण्ड २०७९" बमोजिम वन बाली स्थापना गर्न, हुर्काउन, स्याहार सम्भार तथा पुनरूत्पादन नियमन गर्न अवलम्बन गरिने छनौट प्रणाली (Selection System), छत्र प्रणाली (Shelterwood System), सरपट कटान प्रणाली (Clear Felling System) लगायतका वन सम्वर्द्धन प्रणाली (Silviculture System) मध्ये कुनै एक प्रणाली अपनाई कार्ययोजना तयार गर्ने, नबिकरण गर्ने तथा तयार गरीएको वा नवीकरण गरिएको वन व्यवस्थापन कार्ययोजना कार्यान्वयनः जस्तै झाडि सफाई, वृक्षारोपण, पत्याउने, सुधार कटान, बुढा रुख हटाउने, अग्नीरेखा निर्माण/मर्मत/सरसफाई, खहरे तथा खोला व्यवस्थापन, अतिक्रमण नियन्त्रण र वन संरक्षण (वन हेरालु तथा घाटगद्दी चौकीदार समेत) लगायतका कार्यहरुलाई प्राथमिकता दिई खर्च गर्नु पर्नेछ । यसरी चक्ला वन व्यवस्थापन मार्फत उत्पादन भएका काठ दाउरालाई सुरक्षित रूपमा राख्न छहारी सहितको घाटगद्दी (Logyard) निर्माण तथा व्यवस्थापन गर्नु पर्नेछ । डिभिजन वन कार्यालयले विनियोजन भएको एकमुष्ट बजेटलाई स्वीकृत वन व्यवस्थापन कार्ययोजनाको अधिनमा रहि कार्यक्रम विभाजन (Breakdown) गर्न सक्नेछ।र उल्लेखित क्रियाकलापहरू प्रचलित कानून र नर्म्स बमोजिम लागत अनुमान तयार तथा स्वीकृत गरी गराई बजेट तथा कार्यक्रम कार्यान्वयन गर्नुपर्नेछ। माथि उल्लेखित क्रियाकलापहरु मध्ये कुनै क्रियाकलाप कार्ययोजनामा छुट हुन गएको तर स्थलगत रूपमा नगरी नहुने अवस्था आएमा प्रचलित कानुन बमोजिम पूरक कार्ययोजना बनाई स्वीकृत गरी सम्पादन गर्न सकिनेछ। वन क्षेत्रमा बारबेर गर्दा वन्यजन्तुको स्वास्थ्य सुरक्षा तथा वातावरणीय दृष्टिकोणले कटानबाट उत्पादित हाँगाबिँगा वा थिनिङबाट पोल खम्बा तयार गरी नेट जालीको बारबेरलाई प्राथमिकता दिनु पर्नेछ।

यस कार्यक्रम कार्यान्वयन गर्दा चक्ला वन संरक्षण तथा व्यवस्थापनको लागि अति आवश्यक पर्ने देखिएमा चौकिदार भवन/सम्बन्धित सव डिभिजन वन कार्यालय भवनको मर्मत सम्भार, सवारी साधन व्यवस्थापन तथा वन व्यवस्थापनसँग सम्बन्धित क्षमता अभिवृद्धिका क्रियाकलाप समेत गर्न सकिनेछ तर यस शीर्षकमा विनियोजन भएको रकमको १० प्रतिशत भन्दा बढी रकम यस्ता क्रियाकलापमा खर्च गर्न पाईने छैन ।

यस अन्तर्गत तपसिल बमोजिमका कार्यक्रमहरु रहेका छन्।

११.४.१७.१ चक्ला वन व्यवस्थापन कार्ययोजना कार्यान्वयन

११.४.१७.१२१५ चक्ला वन व्यवस्थापन कार्ययोजना तयारी तथा कार्यान्वयन

११.४.१७.१८२२ चक्ला वन व्यवस्थापन कार्ययोजना नविकरण

कार्यसम्पन्न भए पश्चात् हरेक कार्यक्रमको अन्य कागजातका अतिरिक्त कार्यसम्पन्न प्रतिवेदन, फोटो, जाचँपास फारम र नापी किताब तयार गरी पेश गर्नुपर्नेछ ।

## २.१.२ साझेदारी वन व्यवस्थापन कार्ययोजना नवीकरण तथा कार्यान्वयन

यस शीर्षकमा विनियोजित भएको रकम लुम्बिनी प्रदेशबाट जारी भएको "वन सम्वर्द्धन प्रणालीमा आधारित वन व्यवस्थापन मापदण्ड २०७९" बमोजिम वन बाली स्थापना गर्न, हुर्काउन, स्याहार सम्भार तथा पुनरूत्पादन नियमन गर्न अवलम्बन गरिने छनौट प्रणाली (Selection System), छत्र प्रणाली (Shelterwood System), सरपट कटान प्रणाली (Clear Felling System) लगायतका वन सम्वर्द्धन प्रणाली (Silviculture System) मध्ये कुनै एक प्रणाली अपनाई कार्ययोजना तयार गर्ने, नबिकरण गर्ने तथा तयार गरिएको वा नवीकरण गरिएको वन व्यवस्थापन कार्ययोजना कार्यान्वयनः जस्तै झाडि सफाई, वृक्षारोपण, पत्याउने, सुधार कटान, बुढा रुख हटाउने, अग्नीरेखा निर्माण/मर्मत/सरसफाई, खहरे तथा खोला व्यवस्थापन, अतिक्रमण नियन्त्रण र वन संरक्षण (वन हेरालु तथा घाटगद्दी चौकीदार समेत) लगायतका कार्यहरुलाई प्राथमिकता दिई खर्च गर्नु पर्नेछ । यसरी चक्ला वन व्यवस्थापन मार्फत उत्पादन भएका काठ दाउरालाई सुरक्षित रूपमा राख्न छहारी सहितको घाटगद्दी (Logyard) निर्माण तथा व्यवस्थापन गर्नु पर्नेछ । डिभिजन वन कार्यालयले विनियोजन भएको एकमुष्ट बजेटलाई स्वीकृत वन व्यवस्थापन कार्ययोजनाको अधिनमा रहि कार्यक्रम विभाजन (Breakdown) गर्न सक्नेछ। उल्लेखित क्रियाकलापहरू प्रचलित कानून र नर्म्स बमोजिम लागत अनुमान तयार तथा स्वीकृत गरी गराई बजेट तथा कार्यक्रम कार्यान्वयन गर्नुपर्नेछ। माथि उल्लेखित क्रियाकलापहरु मध्ये कुनै क्रियाकलाप कार्ययोजनामा छुट हुन गएको तर स्थलगत रूपमा नगरी नहुने अवस्था आएमा प्रचलित कानुन बमोजिम पूरक कार्ययोजना बनाई स्वीकृत गरी सम्पादन गर्न सकिनेछ। वन क्षेत्रमा बारबेर गर्दा वन्यजन्तुको स्वास्थ्य सुरक्षा तथा वातावरणीय दृष्टिकोणले कटानबाट उत्पादित हाँगाबिँगा वा थिनिङबाट पोल खम्बा तयार गरी नेट जालीको बारबेरलाई प्राथमिकता दिनु पर्नेछ।

यस कार्यक्रम कार्यान्वयन गर्दा साझेदारी वन संरक्षण तथा व्यवस्थापनको लागि अति आवश्यक पर्ने देखिएमा चौकिदार भवन/सम्बन्धित सव डिभिजन वन कार्यालय भवनको मर्मत सम्भार, सवारी साधन व्यवस्थापन तथा वन व्यवस्थापनसँग सम्बन्धित क्षमता अभिवृद्धिका क्रियाकलाप समेत गर्न सकिनेछ तर यस शीर्षकमा विनियोजन भएको रकमको १० प्रतिशत भन्दा बढी रकम यस्ता क्रियाकलापमा खर्च गर्न पाईने छैन ।

यस शिर्षकमा विनियोजन भएको रकम डिभिजन वन कार्यालयले लागत इष्टिमेट तयार गरी खर्च गर्नु पर्नेछ।

कार्यसम्पन्न भए पश्चात् हरेक कार्यक्रमको अन्य कागजातका अतिरिक्त कार्यसम्पन्न प्रतिवेदन, फोटो, जाचँपास फारम र नापी किताब तयार गरी पेश गर्नुपर्नेछ ।

## २.१.३ सामुदायिक वनमा वन सम्बर्द्धन प्रणालीमा आधारित वन व्यवस्थापन कार्ययोजना तयारी, संशोधन तथा कार्यान्वयन

वनको उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्दै दिगो रूपमा वन पैदावार प्राप्त गर्ने उद्देश्यले स्वीकृत वन व्यवस्थापन कार्य योजनाको अधिनमा रहि यो कार्यक्रम कार्यान्वयन गर्नुपर्नेछ । लुम्बिनी प्रदेशवाट जारी भएको "वन सम्वर्द्धन प्रणालीमा आधारित वन व्यवस्थापन मापदण्ड २०७९" बमोजिम सामुदायिक वनहरूको वन बाली स्थापना गर्न, हुर्काउन, स्याहार सम्भार तथा पुनरूत्पादन प्रवर्द्धन अवलम्वन गरिने छनौट प्रणाली (Selection System), छत्र प्रणाली (Shelterwood System), सरपट कटान प्रणाली (Clear

Felling System) लगायतका वन सम्वर्द्धन प्रणाली (Silviculture System) मध्ये कुनै एक उपयूक्त प्रणाली अपनाई कार्ययोजना नवीकरण/संशोधन गर्ने वा नयाँ कार्ययोजना तयार गर्ने र कार्ययोजना कार्यान्वयन गर्न विनियोजित बजेट खर्च गरिने छ ।

यस शीर्षकमा विनियोजन बजेट पुनरूत्पादन कटान, पुनरूत्पादन तयारी कटान, थिनिङ तथा सुधार कटान, छहारी सहितको घाटगद्दी (Logyard) निर्माण तथा व्यवस्थान, पुनरूत्पादन अभिवृद्धि कार्यक्रम, अग्नीरेखा निर्माण/मर्मत, खहरे तथा खोला व्यवस्थापन, वन संरक्षण, अतिक्रमण नियन्त्रण वन क्षेत्रमा वृक्षारोपण र वन संरक्षण लगायतका कार्यलाई प्राथमिकता दिई खर्च गर्नु पर्नेछ ।

साथै थिनिङ्ग तथा कन्भर्जन योजना तयारी तथा उक्त योजना कार्यान्वयनमा समेत विनियोजित बजेट खर्च गर्न सकिनेछ।

## २.१.४ वनमा आधारित उत्पादन (सरकारद्धारा व्यवस्थित वनमा ढलापडा तथा अन्य वारिसे वेवारिसे काठ, दाउरा तथा अन्य वारिसे वेवारिसे काठ, दाउरा संकलन) तथा व्यवस्थापन (हजार)

सरकारद्वारा व्यवस्थित वनमा हावाहुरी वा अन्य कारणले ढलेका रुखहरु तथा वारिसे, बेवारिसे, मुद्दाको सिलसिलामा बरामद वन पैदावार संकलन तथा घाटगद्दी गर्नुपर्नेछ । यसरी काठ दाउरा संकलन गर्दा अन्य रुखहरुलाई असर नपर्ने गरी प्रचलित वन ऐन, वन नियमावली तथा वन पैदावार (काठ/दाउरा) संकलन तथा बिक्री वितरण निर्देशिका, २०७३ अनुसार गर्नुपर्नेछ । यसका अतिरिक्त यस शीर्षकवाट पहाडी तथा उच्च पहाडी क्षेत्रका न्यून आम्दानी (वार्षिक आम्दानी रु. १ लाख भन्दा कम) भएका सामुदायिक वन क्षेत्रमा हावाहुरी वा अन्य कारणले ढलेका रुखहरु संकलन तथा घाटगद्दी गर्न सकिने छ। घाटगद्दी सकभर वन क्षेत्र भन्दा बाहिर गर्नुपर्नेछ तर विकल्प नभएमा वनक्षेत्रको सुरक्षित स्थानमा गर्न सकिने छ। संकलित काठ दाउराको घाटगद्दी गर्दा सुरक्षाको यथोचित व्यवस्था मिलाई आगलागी, खोलानालाको बाढीले प्रभाव पार्न नसक्ने स्थान छनौट गर्नुपर्दछ ।

## २.१.५ घाटगद्दी व्यवस्थापन

यस कार्यक्रमको मुख्य उद्देश्य डिभिजन कार्यालय अन्तर्गत रहेका विभिन्न प्रकारका वनहरुबाट नियमित रुपमा नियमानुसार उत्पादन हुने काठको समुचित भण्डारण गर्नको लागि आधुनिक किसिमको हावा पानीले असर नगर्ने गरी टिनको छाना भएको सेड निर्माण/ढुङ्गा बिछ्याउने जस्ता कार्य गर्नु रहेको छ।
यसमा विनियोजित बजेट डिभिजन वन कार्यालयबाट स्वीकृत लागत इष्टिमेटका आधारमा खर्च गर्न सकिनेछ। यो कार्य सामुदायिक र साझेदारी वन उपभोक्ता समुहको लागत साझेदारीमा समेत संचालन गर्न सकिनेछ।
घाटगद्दि वा डिपो निर्माण गर्दा बजेटको परिधि भित्र रहि निम्न बमोजिमको पक्षहरुलाई ध्यान दिई निर्माण गर्नु पर्नेछ।

१. **वातावरणीय पक्षहरुः** जमिनको अवस्था, र वन्यजन्तुको वासस्थान जस्ता कुराहरु ध्यानमा राखेर वातावरणीय प्रभावलाई कम गर्ने स्थान तथा संवेदनशील क्षेत्र र पानीबाट सुरक्षा गर्न बफर जोनको व्यवस्था।

२. **पहुँचः** डिपोमा वन पैदावारहरु लैजान र डिपोबाट वन पैदावारहरु निकासको लागि सहज तथा सरल पहुँच मार्गको व्यवस्था।

३. **सुरक्षाको प्रत्याभूति भएको स्थानः** सुरक्षामा चोरी तथा सबै किसिमका जोखिमहरु आगलागी, बाढी पहिरो लगायत।

४. **लग भण्डारणः** विभिन्न प्रकार र आकारमा गोलिया/काठका लागि तोकिएको क्षेत्रहरु सहितको व्यवस्थित भण्डारण स्थानको व्यवस्था।

५. **लोडिङ र अनलोडिङ क्षेत्रहरुः** क्रेन वा अन्य उपयुक्त उपकरणहरु सहित ट्रकहरु लोड र अनलोड गर्नका लागि विशेष क्षेत्रहरु निर्दिष्ट गर्ने। साथै सुरक्षित रुपमा सवारी साधल चलाउनको लागि पर्याप्त ठाउँको सुनिश्चितता।

६. **सुरक्षित छानो भएको भण्डारण क्षेत्रको निर्माणः** प्रतिकूल मौसम अवस्थाहरूबाट गोलिया/काठहरुको गुणस्तर कायम राख्न र क्षतिको जोखिम कम गर्न यस्ता भण्डारण क्षेत्रहरू निर्धारण गर्नु पर्ने । विशेष गरी संवेदनशील प्रजातिका गोलिया/काठहरुको सुरक्षाको लागि विशेष व्यवस्था ।

७. **भूक्षय हुनबाट जोगाउने तथा संरक्षण गर्ने कार्यः** भूक्षय/बाढि पहिरो नहुने क्षेत्रमा घाटगद्दि क्षेत्र छनौट गर्ने र घाटगद्दि क्षेत्रमा भू क्षयको जोखिम हुने देखिएमा भू संरक्षणका उपायहरु अपनाउने।

८. **फोहोर व्यवस्थापनः** बोक्रा, भूस लगायत अन्य उप-उत्पादनहरू व्यवस्थापन गर्नको लागि फोहोर व्यवस्थापन प्रणाली स्थापना । फोहर सामाग्रीहरुको पुनः उपयोग तथा सुरक्षित विसर्जनको व्यवस्था।

९. **श्रमिक सुरक्षा उपायहरूः** दुर्घटनाको जोखिम कम गर्न सुरक्षा प्रोटोकल र साइनेजहरुको व्यवस्था । कामदारहरूको लागि सुरक्षा प्रशिक्षण प्रदान गर्ने प्रणाली र व्यक्तिगत सुरक्षा उपकरणहरूको उपलब्धता सुनिश्चितता गर्ने । यससँग सम्बन्धित सामाग्रीहरुको सुरक्षित भण्डारण तथा सहज पहुँचको व्यवस्था तथा त्यसको लागि प्रोटोकोलको तयारी तथा लागु गर्ने व्यवस्था ।

१०. **सुरक्षा उपायहरूः** चोरी र अनधिकृत पहुँच रोक्न सुरक्षा सुविधाहरू स्थापना तथा संरचनाहरु निर्माण लगायत अवाञ्छित क्रियाकलापहरुको नियन्त्रण गर्न नियमित अनुगमन, सि सि क्यामेरा र हेरालुको प्रबन्ध ।

११. **वातावरणीय तथा सामाजिक सुरक्षाको अनुपालनः** स्थानीय, राष्ट्रिय र सामान्यतः अन्तर्राष्ट्रिय वन र वातावरणीय नियमहरूको पालना सुनिश्चितको साथै वातावरणीय तथा सामाजिक सुरक्षा ढाँचाले निर्दिष्ट गरेको विषयहरुको पालना तथा लागु गर्ने कार्यहरु ।

१२. **अभिलेख व्यवस्थापनः** घाटगद्दीमा प्राप्त तथा निकासी भएका गोलिया/काठहरुको विवरण तुरुन्त देखिने गरी जानकारी प्रवाह हुने व्यवस्था ।

१३. **समुदायसँगको सहकार्यको प्रणालीगत व्यवस्थाः** वन पैदावारको उपयोगको सरोकारलाई सम्बोधन गर्न र सकारात्मक सम्बन्ध बढाउन स्थानीय समुदाय र सरोकारवालाहरूसँग डिपोको सञ्चालन व्यवस्था पारदर्शी प्रणाली ।

१४. **सूचना व्यवस्थापन प्रणाली विकासः** गोलिया/काठहरुको परिमाण र प्रकारहरूको Real time tracking व्यवस्थापन प्रणालीहरू लगायत गोलिया/काठ पहिचानको लागि नम्बरिङ प्रणाली वा बारकोड जस्ता प्रविधिको प्रयोग गरी अभिलेख व्यवस्थापन गर्न सकिनेछ ।

१५. **श्रमिकहरुको सुरक्षा प्रणालीको प्रत्याभूति हुने प्रणाली**

वन क्षेत्रमा कार्य गर्ने श्रमिकहरुको सुरक्षाको लागि कार्य प्रारम्भ गर्नु अगाडि सुरक्षा सम्बन्धी अभिमुखीकरण गर्नुपर्नेछ र कार्य गर्दा हेलमेट, पन्जा, बुट लगायत सुरक्षा सामाग्रीको प्रयोग गर्नुपर्नेछ ।

### २.१.६ सम्बर्द्धन प्रणालीमा आधारीत वन व्यवस्थापन कार्यक्रमको प्रभावकारीता सम्बन्धि सरोकारवालको अनुगमन (प्रतिवेदन समेत)

यस कार्यक्रमको मुख्य उद्देश्य वन सम्बर्द्धन प्रणाली अवलम्वन गरी व्यवस्थापन गरिएका प्रदेश भित्रका विभिन्न सामुदायिक वन, चक्ला वन एवम् साझेदारी वनमा वन व्यवस्थापन, सदुपयोग लगायतका क्रियाकलापहरु सरोकारवालाहरुको संलग्नतामा विभिन्न जिल्लाहरुमा संयूक्त अनुगमन गर्ने साथै सामुदायिक वन र साझेदारी वनका पदाधिकारी तथा उपभोक्ताहरु समेतसँग स्थलगत रुपमा अन्तर्क्रिया तथा छलफल गर्ने रहेको छ।

यसमा विनियोजित बजेट स्वीकृत लागत इष्टिमेटका आधारमा पदाधीकारीहरु, कर्मचारीहरु, वन तथा वातावरणको क्षेत्रमा कलम चलाउने पत्रकारहरुसंगको फरक फरक समुह बनाई अनुगमन गर्न सकिनेछ।

## २.२ सामुदायिक तथा कबुलियती वन बिकाश कार्यक्रम

### २.२.१ सामुदायिक वनको अनुगमन, मूल्यांकन र अभिलेखीकरण

प्रचलित वन ऐन तथा नियमावली एवं मार्गदर्शनले निर्धारण गरेको प्रक्रियाहरू तथा सामुदायिक वनको कार्ययोजनामा निर्दिष्ट गरिएको कार्यहरू सञ्चालन भए नभएको हेर्न सामुदायिक वनहरूको निरीक्षण तथा अनुगमन गर्ने, अनुगमनबाट प्राप्त नतिजाहरू लिपिबद्ध गर्न अनुगमन पुस्तिका प्रकाशन गर्ने र सामुदायिक वन समुहलाई आवश्यक निर्देशन एवम् पृष्ठपोषण प्रदान गर्न यो कार्यक्रम सञ्चालन गरिनेछ ।
यो शीर्षकमा विनियोजित रकम अनुगमन फारम प्रकाशन, अनुगमन(तथ्याङ्क संकलन)मा खटिने कर्मचारीको दैनिक तथा भ्रमण भत्ता, तथ्यांक विश्लेषण तथा लेखन कार्य, अनुगमन पुस्तिका प्रकाशन गर्न खर्च गर्न सकिनेछ। अनुगमन फारमको एकरूपताको लागि निर्देशनालयले आवश्यक निर्देशन दिन सक्नेछ। यसरी अनुगमन गरिएको फारम आवश्यकता अनुसार सम्बन्धित सब-डिभिजन कार्यालय र डिभिजन वन कार्यालयमा डिजिटल र भौतिक रूपमा अभिलेख राख्नुपर्नेछ। यसरी डिभिजन वन कार्यालयले तथ्यांक सार्बजनिक गर्दा अन्य विवरणको अतिरिक्त अनुगमन गरिएका प्रत्येक सामुदायिक वनको गत आ.व.को आम्दानी, खर्च र खुद मौज्दात सम्बन्धी विवरणहरू अनिवार्य रूपमा उल्लेख गर्नुपर्नेछ। यसरी तयार भएको अनुगमन पुस्तिका १/१ प्रति मन्त्रालय, वन निर्देशनालय र प्रदेशका सबै डिभिजन वन कार्यालयमा पठाउनु पर्नेछ। वन निर्देशनालयले डिभिजन वन कार्यालयहरूबाट प्राप्त अनुगमन सम्बन्धी विवरणहरू एकिकृत गरी कार्यक्रम अनुगमन सम्बन्धी बजेटबाट प्रदेश स्तरीय अनुगमन प्रतिवेदन तयार गर्नुपर्नेछ ।

### २.२.२ कबुलियती वन समूहमा सामाजिक परिचालन मार्फत आयआर्जन

यस शीर्षकमा विनियोजन भएको रकम कबुलियती वन समूहमा नियमित रूपमा वन व्यवस्थापन र अन्य बहुआयामिक कार्यक्रम मार्फत आयआर्जन बृद्धि हुने किसिमका क्रियाकलापहरू सञ्चालन गर्न, समूहको विधान, कार्ययोजना तथा जीविकोपार्जन सुधार योजना तयार गर्न र वन प्राविधिक (कम्तिमा डिप्लोमा फरेष्ट्री गरेको), जिल्ला सुपरभाइजर (District Supervisor) तथा वित्त सहायक/समूह सहयोगी (Group Promoter) को पारिश्रमिकमा खर्च गरिनेछ ।

यस कार्यक्रमबाट कबुलियती वन समूह रहेको जिल्लामा प्रति ५० समूह एक जना वन प्राविधिक र जिल्ला सुपरभाईजर एवं समूह संख्याको आधारमा समुह सहयोगी डिभिजन वन कार्यालयले छनौट गरी कबुलियती वनमा विभिन्न समुह परिचालनका कार्यक्रमहरु जस्तै कबुलियती वन उपभोक्ता समूहहरुको भेला गराउने, समिति गठन तथा नवीकरण गर्ने, छलफल कार्यक्रमहरु सञ्चालन गर्ने, नियमित वचत संकलन तथा सहकारी गठन, समूहको व्यावसायिक योजना बनाई कबुलियती वन क्षेत्र र कबुलियती वन समूहका सदस्यहरूको निजी जग्गामा समेत आयमूलक जडीबुटी घाँस तथा गैरकाष्ठ वन पैदावारको खेती, फलफूल तथा वन प्रजातिका बिरुवा रोपण, पशुपालन जस्ता आयमूलक क्रियाकलाप सञ्चालनमा सहजीकरण गर्ने, सहभागितात्मक रुपमा समूहहरुको मूल्याङ्कन गर्ने जस्ता कार्यक्रमहरु सञ्चालन गर्नुपर्नेछ । नयाँ समूह गठन गरी समूहको विधान, कार्ययोजना तथा जीविकोपार्जन सुधार योजना तयार गर्नुपर्दा अधिकतम रू. दश हजार सम्म खर्च गर्न सकिनेछ ।वन प्राविधिक सुपरभाईजर र समुह सहयोगीको कार्य जिम्मेवारी निम्न अनुसारको हुनेछः

- डिभिजन वन कार्यालयको निर्देशन अनुसार कबुलियती वनमा अनुगमन, निरीक्षण, संरक्षण, सम्वर्द्धन लगायत समूहहरूलाई आवश्यक प्राविधिक सहयोग गर्ने,
- कबुलियती वन समूह, सब डिभिजन वन कार्यालय, डिभिजन वन कार्यालय, स्थानीय तह र पशुसेवा सम्बन्धी कार्यालय लगायतका निकायको वीचमा सम्वन्ध र समन्वय कायम गर्ने,
- समूह गठन तथा नवीकरणका लागि परिचालन, उत्प्रेरणा र सहयोग गर्ने,
- बैठक व्यवस्थापन गर्न कवुलियती वन समूहलाई निरन्तर सहयोग गर्ने, नेतृत्व विकास, रेकर्ड राख्ने, वचत कार्यमा सहयोग गर्ने,
- सब डिभिजन वन कार्यालय तथा डिभिजन वन कार्यालयसँग समन्वय गरी समूहको लागि सञ्चालन हुने फिल्डस्तरका कार्यहरु र तालीम तथा प्रचार प्रसार कार्यमा सहयोग गर्ने,
- आफ्नो कार्यक्षेत्रका सवै कवुलियती वन समूहको बैठकमा भाग लिने,
- कवुलियती वन समूहको अनुगमन कार्य गरी वन कार्यालयलाई नियमित रिपोर्टिङ गर्ने,
- समूहले पाउने सहयोगको बारेमा डिभिजन वन कार्यालयबाट जानकारी लिई सोही बमोजिम समूहलाई जानकारी गराउने,
- वन तथा पशु सेवा सम्बन्धी इन्टर्न विद्यार्थीलाई कार्यक्षेत्रमा परिचालन गरी कबुलियती वन विकास कार्यक्रममा सहभागी गराउने,
- अन्यको हकमा डिभिजन वन कार्यालयले तोके बमोजिम हुनेछ ।

कबुलियति वनको विधान, कार्ययोजना र जीविकोपार्जन सुधार योजना तयारीमा निम्नानुसार खर्च गर्न सकिनेछः

- टोल, घरधुरी सर्वेक्षण, समुदाय छलफल गोष्ठी, खाजा खर्च,
- सहजीकरणमा खटिएको कर्मचारीको दैनिक तथा भ्रमण खर्च, ईन्धन र संचार खर्च
- टाइपिङ्ग, प्रिन्टिङ्ग र बाईन्डिङ्ग

कबुलियती वन समूह गठन पश्चात् प्रगति प्रतिवेदनमा निम्न बुँदाहरू समाबेश गर्नु पर्नेछः

- गठित समूह र हस्तान्तरित कबुलियती वनको नाम र ठेगाना
- सामाजिक समूह अनुसारको लाभान्वित घरधुरी संख्या र जनसंख्या
- कार्यसमितिको स्वरूप
- गठन वा नवीकरण गरिएको कबुलियती वनको क्षेत्रफल

## २.३ वन डढेलो नियन्त्रण अभियान

### २.३.१ वन डढेलो नियन्त्रण (पूर्व तयारी, नियन्त्रणात्मक, दण्डात्मक तथा मौसमी हेरालु व्यवस्थापन कार्यसमेत)

यस शीर्षकमा विनियोजन भएको रकम डिभिजन वन कार्यालयको समग्र कार्यक्षेत्रमा वन डढेलो नियन्त्रण तथा व्यवस्थापनको वार्षिक कार्ययोजना तयार गरी कार्यान्वयन गर्ने कार्यमा खर्च गरिनेछ । वन डढेलो नियन्त्रण तथा व्यवस्थापन कार्ययोजनामा निम्न क्रियाकलापहरुमा निम्न बमोजिम रकम खर्च गर्न सकिनेछ।

| सि. नं. | क्रियाकलाप | कुल रकमको खर्च प्रतिशत | कैफियत |
|---|---|---|---|
| १ | वन डढेलो क्षेत्रको पहिचान, सुचना खरिद तथा संजाल गठन | ५-१० | |
| २ | अग्नी रेखा मर्मत तथा व्यवस्थापन:<br>यस शीर्षकबाट साविकमा भएका अग्नीरेखाको सरसफाई तथा मर्मत सम्भार गरिनेछ। | १०-१५ | |
| ३ | वनक्षेत्र भित्रको ज्वलनशील पदार्थ संकलन तथा व्यवस्थापन:<br>यस शीर्षक अन्तर्गत नियन्त्रित डढेलो (Controlled Burning), वन क्षेत्र भित्रको पत्कर संकलन तथा व्यवस्थापन, संकलित पत्करबाट प्राङ्गारिक मल उत्पादन तथा अन्य कार्य गरिनेछ । | १५-२० | |
| ४ | वन डढेलो नियन्त्रण सम्बन्धी क्षमता अभिवृद्धि तथा जनचेतनामूलक कार्यक्रम:<br>यस शीर्षकमा मौसमी हेरालु (दस्ता) व्यवस्थापन, स्कुल शिक्षा कार्यक्रम, वन डढेलो सप्ताह, प्रचार प्रसार, वन डढेलो नियन्त्रणको लागि क्षमता अभिवृद्धि तालिम तथा अन्य कार्य गरिनेछ । | २०-२५ | |
| ५ | सहभागितामुलक वन डढेलो रोकथाम तथा नियन्त्रण :<br>वन डढेलो नियन्त्रणका लागि सरोकारवालासँग छलफल, वन डढेलो नियन्त्रण कार्य, प्रतिरोधी आगो (Counter Fire) तथा अन्य व्यवस्थापकीय कार्य सञ्चालन गरिनेछ । | १०-१५ | |
| ६ | वन डढेलो नियन्त्रण सामग्री खरिद तथा वितरण | ५-१० | |
| ७ | वन डढेलोमा संलग्न व्यक्तिहरूको पहिचानको सुराकी व्यवस्थापन (उत्प्रेरणामूलक), वन डढेलोसम्बन्धी घट्नाको छानविन, अनुसन्धान तथा मुद्दा दायरी | ३-५ | |

यस शीर्षकबाट विनियोजन भएको रकमबाट वन डढेलो नियन्त्रणको लागि नियमित गस्ति गर्न इन्धन तथा सवारी मर्मतका लागि बढिमा २०% रकम खर्च गर्न सकिनेछ ।यस शीर्षक बमोजिम वन डढेलो नियन्त्रणको पूर्व तयारीका लागि स्वीकृत कार्ययोजनाको अधिनमा रही तपसिलको कार्यक्रम सन्चालन गर्दा सम्बन्धित वन समुहको कार्ययोजनामा समाबेश गरि प्रचलित कानुनमा उल्लिखीत प्रकृया बमोजिम कार्यक्रम सञ्चालन गर्नुपर्नेछ।

यस कार्यक्रम अन्तरगत निम्नअनुसार क्रियाकलापहरु समेत रहेका छन् ।

१) सामुदायिक वन क्षेत्रमा डढेलो नियन्त्रणका लागि पाईपलाईन विस्तार,

२) सल्लाको वन क्षेत्रमा डढेलो नियन्त्रण तथा पुनः भरणका लागि रिचार्ज पोखरीहरु

३) वन भित्रको पत्कर व्यवस्थापनबाट प्राङ्गारिक मल उत्पादन उद्यम सञ्चालनमा सहयोग (जोखिम क्षेत्र केन्द्रीत नमुना अभ्यास)

यस कार्यक्रमले वन क्षेत्रको जैविक फोहोरलाई व्यवस्थित रूपमा व्यवस्थापन गरेपछि वनमा डढेलो लाग्ने सम्भावना पनि घटाउन मद्दत पुर्याउँछ। पातपतिङ्गरहरू र झाडि, पातहरू सँगै जमिनमा जम्मा हुँदा डढेलोको

सम्भावना बढ्ने हुन सक्छ, जसले वनस्पति तथा वन्यजन्तुमा गम्भीर प्रभाव पार्छ । यस कार्यक्रमको मुख्य उद्देश्य पातपतिङ्गरहरू, झाडिपातहरू तथा अन्य जैविक फोहोरको प्रभावकारी व्यवस्थापन गरी प्रांगारिक मल उत्पादन गर्नुको साथै वन डढेलो नियन्त्रण तथा व्यवस्थापन गर्नु हो।

वन क्षेत्रहरूमा खस्ने पातपतिङ्गरहरू र झाडि, पातहरूलाई नष्ट नगरी तिनीहरूको सदुपयोग गरी जैविक मल उत्पादन गर्दा वातावरणीय सन्तुलन कायम रहन सक्छ। यो प्रक्रियाले वन क्षेत्रको फोहोर व्यवस्थापन मात्र होइन, माटोको उर्वराशक्ति बढाएर जैविक खेतीलाई पनि प्रोत्साहन गर्छ। साथै, समुदायलाई यस कार्यमा संलग्न गराई, उनीहरूलाई आर्थिक लाभ प्राप्त गराउँदै स्रोतहरूको प्रभावकारी उपयोगलाई प्रवर्द्धन गर्न सकिन्छ ।

यस किसिमका योजनाहरूले वन स्रोतको संरक्षणसँगै, समुदायमा आय आर्जन, जैविक कृषि उत्पादन र वातावरणीय सन्तुलनको दीर्घकालीन समाधान प्रदान गर्छ ।

यो कार्यक्रम सामुदायिक र साझेदारी वन उपभोक्ता समूहको लागत साझेदारीमा सञ्चालन गर्न सकिनेछ । यसको लागि संक्षिप्त अवधारणापत्र तयार गरी कार्यान्वयनको लागि साझेदारीता गर्न सकिनेछ। यसको लागि प्रचलित खरिद तथा निर्माण प्रक्रिया अवलम्बन गर्नुपर्नेछ ।

**४) डढेलो नियन्त्रणका लागि टयाक्टर सहितको मिनी प्रेसर टयाँक खरिद**

वन डढेलोको समयमा आवश्यक उपकरणहरुको उपलब्धता सुनिश्चित गर्न भौगोलिक क्षेत्र अनुसार टयाक्टर, मिनि ट्रक समेत खरिद गर्न सकिनेछ।

**५) डढेलो नियन्त्रण सम्बन्धी स्कुल शिक्षा कार्यक्रम (जोखिम क्षेत्र केन्द्रित)**

यस कार्यक्रमको उदेश्य वन डढेलोबाट हुने जनधन, वातावरण र जैविक विविधताको क्षति न्यूनिकरण गर्न विद्यालयस्तरमा सचेतना, सीप र व्यवहारिक क्षमता अभिवृद्धि गर्नु रहेको छ। कार्यक्रम विशेष गरी डढेलोको उच्च जोखिम भएका जिल्ला, पालिका वा वडाका विद्यालयहरूमा केन्द्रित हुनेछ।यस कार्यक्रम अन्तर्गत डढेलो सम्बन्धी सचेतना पुस्तिका, पोस्टर, पम्प्लेट, स्थानीय भाषामा सामग्री तयार गर्न, शिक्षक र विद्यार्थीलाई वन डढेलोको असर, रोकथाम तथा डढेलो नियन्त्रण सम्बन्धि तालिम संचालन गरिनेछ।

## २.४ वन,वन्यजन्तु संरक्षण र वन अपराध नियन्त्रण कार्यक्रम

### २.४.१ वन अतिक्रमण नियन्त्रण (वन सिमांकन समेत)

यस कार्यक्रमको उद्देश्य अतिक्रमणको दृष्टिकोणले संवेदनशिल वन क्षेत्रलाई सुरक्षित राख्न सिमांकन गरी निजी आवादी क्षेत्र र वन क्षेत्र छुट्याउनु रहेको छ । यस शीर्षकमा विनियोजित बजेट सरोकारवालासंग छलफल, सिमाना छुट्याउने कामका लागि (पिलर गाड्ने, आवश्यकता अनुसार जैविक बार/तारबार,तोष निर्माण गर्ने इत्यादि) आवश्यक सामाग्री खरिद तथा प्रयोग, कर्मचारीको दैनिक भ्रमण भत्ता, इन्धन, जे.सी.वी. भाडा, खाजा ईत्यादीमा खर्च गर्न सकिने छ। सिमाना छुटयाउने कार्य नापी प्राविधिकको संलग्नता र अन्य सुरक्षा निकायहरुको सहयोगमा गर्न सकिने छ ।

### २.४.२ वन अपराध नियन्त्रण (सूचना संकलन, गस्ती परिचालन मुद्दा दायरी समेत)

यस कार्यक्रमको मुल उद्देश्य वन, वन्यजन्तु र वन क्षेत्रको प्रभावकारी संरक्षण, चोरी शिकारी नियन्त्रणको लागि गस्ती परिचालन र सम्भावित आरोपीहरूलाई सुराकीको माध्यमबाट समयमै नियन्त्रणमा राखी वन

अपराध हुनै नदिने वा भइ हालेमा उक्त अपराधको अनुसन्धान, तहकिकात गरी सम्बन्धित निकायमा मुद्दा दायरी गर्नु रहेको छ ।

यस शीर्षकमा विनियोजित बजेट निम्नानुसारको कार्यमा खर्च गर्न सकिनेछ:

- सूराकी परिचालन
- गस्तीमा खटिने जनशक्तिहरूको खाजा, खाना, फिल्ड गियर तथा उपकरण
- गस्ती तथा अपराध अनुसन्धान कार्यमा खटिने सवारी साधनको भाडा, इन्धन र मर्मत
- अनुसन्धान तथा तहकीकात कार्यमा खटिने कर्मचारीहरूलाई दैनिक भ्रमण भत्ता
- बरामद वन्यजन्तु र मालवस्तुको व्यवस्थापन
- अपराध नियन्त्रण तथा न्यूनिकरणका लागि सरोकारवालाहरू संगको छलफल तथा अन्तर्क्रिया गोष्ठी

कार्य सम्पन्न भए पश्चात् प्रगति प्रतिवेदनमा सम्पादन गरिएका क्रियाकलापहरू,क्रियाकलाप भएको स्थान, गस्ती/मुद्दाको क्रममा संकलित विभिन्न प्रतिवेदनहरू, फोटोहरू, खर्च रकमको विल भर्पाइ, उपलब्धीहरू पेश गर्नुपर्नेछ । यसै बमोजिम **वन्यजन्तु अपराध नियन्त्रणमा सहजीकरण (बाँके र रुपन्देही)** कार्यक्रम समेत गर्न सकिनेछ।

## २.४.३ मानव वन्यजन्तु द्वन्द्व न्यूनिकरण

यस कार्यक्रमको उद्देश्य प्रदेशमा मानव वन्यजन्तु द्वन्द्व न्यूनीकरणका लागि आवश्यक पूर्वाधार निर्माण, मानव वन्यजन्तु सहअस्तित्वसँग सम्बन्धित कार्यहरू गर्नुका साथै मानवको जीउ धनमा हुने क्षतिलाई तत्काल राहत पुऱ्याउनु रहेको छ । यसका लागि मानव वन्यजन्तुको बारम्बार घटना घट्ने गरेको क्षेत्रमा न्यूनीकरणका लागि फेन्स निर्माण, वाल निर्माण, काठको टावर निर्माण, लगायतका पूर्वाधार निर्माणमा खर्च गर्नुपर्नेछ साथै वन्यजन्तुबाट हुने बालीनालीको क्षति न्यूनिकरण र राहतको सन्दर्भमा क्षति पुगेका बालीधनी कृषकहरूलाई प्राथमिकतामा राखी वन्यजन्तुले नरूचाउने/कम रूचाउने कृषि तथा गैरकाष्ठ प्रजातिहरू (अदुवा, बेसार, कागती, मेन्था, पामारोजा, क्यामोमाइल, टिमुर, अलैची इत्यादी) को खेति गर्न विउ विजन, विरूवा तथा रोपण एवम् खेति सम्बन्धी अन्य आवश्यक सहयोग उपलब्ध गराउनु पर्नेछ । यसका अतिरिक्त वन्यजन्तुबाट हुन सक्ने क्षतीको बीमा डिभिजन क्षेत्र अन्तर्गत समस्याग्रस्त वन्यजन्तु नियन्त्रणमा लिनका लागि आवश्यक पर्ने केज, औजार, उपकरण सामाग्री खरिद समेत गर्न सकिनेछ । यी बाहेक द्वन्द्व प्रभावित क्षेत्रमा बासस्थान सुधार, स-साना कोरिडोरको कनेक्टिभिटी, सिमसार तथा पानीपोखरीहरूको व्यवस्थापन, सचेतनामूलक क्रियाकलापहरू, विद्युतको सुविधा नभएको स्थानमा सोलार बत्तीको व्यवस्थापनमा खर्च गर्न सकिनेछ । घाइते तथा टुहुरा वन्यजन्तुहरूको उद्धारको लागि वन्यजन्तु उद्धार केन्द्रको स्थापना र सञ्चालन तथा वन्यजन्तु उद्धार केन्द्रमा सहयोग, उद्धारका लागि औषधी उपचार र आवश्यक आहाराको व्यवस्था तथा प्राकृतिक बासस्थानमा पुनर्स्थापन गर्ने कार्य समेतमा यस शीर्षकको बजेट खर्च गर्न सकिनेछ । यसका साथै वन्यजन्तुका कारण घरपालुवा जनावर तथा मानवीय क्षती भएको अवस्थामा राहत वितरणको लागि जिल्ला स्तरीय राहत वितरण सिफारिस समितिका सदस्यहरूको बैठक भत्ता तथा यातायात खर्च र वाली तथा पशु चौपायका क्षतिको मुल्याङकन गर्ने प्राविधिकहरुलाई खाना तथा खाजा खर्च समेत यस शीर्षकबाट व्यहोर्न सकिनेछ । साथै मानव वन्यजन्तु द्वन्द्ध न्यूनिकरणका लागि परिचालन हुने सावारी साधनको इन्धनका लागि समेत बजेट खर्च गर्न सकिनेछ । कुनै स्थानमा मानवीय क्षतिको घटना घटेमा मृत्यु भएको अवस्थामा १ लाख रूपैयाँ र सख्त घाइते भएको अवस्थामा बढीमा २५ हजार रूपैयाँ सम्म घटनाको पुष्टी हुने कागजातको आधारमा राहत रकमको कार्यक्रम समन्वय

समिति मार्फत पछि समर्थन गराउने गरी तत्कालै राहत स्वरूप उपलब्ध गराउन सकिनेछ । यस कार्यक्रमबाट उपलब्ध गराईएको राहत रकम **वन्यजन्तुबाट भएको क्षतिको राहत वितरण निर्देशिका, २०८०** को प्रकृया पुरा गरी उपलब्ध गराइने राहत रकममा कटाई समायोजन गर्नुपर्नेछ । यस शीर्षक बमोजिम निम्न शीर्षकका कार्यक्रमहरू समेत सञ्चालन गरिनेछः

- वन्यजन्तु उद्धार केन्द्र स्थापना तथा व्यवस्थापन
- यस कार्यक्रम अन्तर्गत उद्धार गरिएका बाघ, चितुवा लगाएतका वन्यजन्तु राखको लागि होल्डिङ्ग सेन्टर लागायतका संरचना निर्माण गरिने छ।यो कार्यक्रम जि. टु. जी. मार्फत यस प्रदेशमा रहेका संरक्षित क्षेत्र, राष्ट्रिय निकुञ्ज क्षेत्रमा गर्न सकिनेछ।
- मानव वन्यजन्तु द्धन्द्धबाट अति प्रभावित क्षेत्रमा हात्ति लगायतका ठुला बन्यजन्तुबाट बच्नको लागि मचान निर्माण,
- मानव वन्यजन्तु द्वन्दबाट अति प्रभावित क्षेत्रमा मेस वायर सहितको विधुतिय फेन्सिङ,
- मानव वन्यजन्तु द्वन्दबाट अति प्रभावित क्षेत्रमा मेस वायर सहितको विधुतिय फेन्सिङ,
- रजिया देउराली पाखो सा.व. थान गैरे क्षेत्रमा तारबार,
- चुरे क्षेत्रमा वन वन्यजन्तु संरक्षण कार्यक्रम,
- सामुदायिक वनमा मेसजाली फेन्सिङ्ग,

**पीडितसंग प्रदेश सरकार कार्यक्रम समन्वय समिति**

संयोजकः डिभिजनल वन अधिकृत

सदस्यहरूः जिल्ला प्रशासन कार्यालयको अधिकृत प्रतिनिधी
जिल्ला प्रहरी कार्यालयको अधिकृत प्रतिनिधी
सम्बन्धित स्थानीय तहको निर्वाचित प्रतिनिधी वा प्रशासकीय अधिकृत
संरक्षित क्षेत्र भित्रको घटनाको हकमा संरक्षित क्षेत्र कार्यालयको प्रमुख

सदस्य सचिवः वन अधिकृत, वन व्यवस्थापन शाखा

### २.४.४ वन्यजन्तु पिडितका लागि राहत

यस शीर्षकमा विनियोजित बजेट वन्यजन्तुबाट भएको क्षतिको राहत वितरण निर्देशिका, २०८० को दफा ३(१)(क) बमोजिम वन्यजन्तुको आक्रमणबाट नेपाली नागरिकको मृत्यु भएमा, गम्भिर घाइते भएमा वा सामान्य घाइते भएमा उक्त निर्देशिका बमोजिमको प्रकृया पुरा गरी निज वा निजको हकवालालाई (मृत्यु भएको खण्डमा) राहत वापतको रकम उपलब्ध गराउन खर्च गरिनेछ ।

### २.४.५ वन्यजन्तुबाट मृतक तथा सख्त घाईते भएका परिवारका सदस्यलाई छात्रवृत्ति कार्यक्रम

मन्त्रालयबाट छुट्टै कार्यविधि जारी गरी यस कार्यक्रमको कार्यान्वयन गरिनेछ।

## २.५ सिमसार क्षेत्र, पंक्षी-जलचर र जैविक विविधता संरक्षण कार्यक्रम

### २.५.१ महत्वपुर्ण सिमसार एवं पोखरी संरक्षण कार्यक्रम

यस कार्यक्रमको उद्देश्य आवश्यकतानुसार नयाँ पोखरी निर्माण, भएका पोखरी तथा सिमसार क्षेत्रहरूको सरसफाई, स्तरोन्नति र व्यवस्थापनबाट पानीको पुनर्भरण, पानीको स्रोत संरक्षण गरी डढेलो नियन्त्रण र कृषिबालीमा टेवा पुर्याउनु हो। यस शीर्षकमा विनियोजन भएको बजेटबाट स्थान छनौट, सर्भे नक्सा तथा डिजाइन र ल.ई. तयार गरी कार्यक्रम सञ्चालन गर्न खर्च गरिनेछ। नयाँ पोखरी निर्माण तथा मौजुदा

पोखरीहरूको स्तरोन्नति कार्य सम्पादन गर्दा सिमेन्ट जन्य सामाग्रीको न्यून प्रयोग गरी वातावरण तथा वन्यजन्तु मैत्री संरचना निर्माणमा जोड दिनुपर्नेछ। यस शीर्षक बमोजिम हुने गरि निम्नानुसारको कार्यक्रम समेत सञ्चालन गरिनेछ:

- पोखरी निर्माण, पोखरी सरसफाई तथा व्यवस्थापन, जलासय व्यवस्थापन, पोखरी व्यवस्थापन तथा सौन्दर्यकरण, जलाशय निर्माण, पानी मुहान संरक्षण, कुवा व्यवस्थापन, जलाशय निर्माण तथा सौन्दर्यीकरण, रिचार्ज पोखरी निर्माण, वन्यजन्तुको लागि पानी पोखरी निर्माण, सिमसार क्षेत्र व्यवस्थापन तथा विस्तार र ताल संरक्षण तथा व्यवस्थापन।

## २.५.२ पंक्षि (गिद्ध) आरक्ष घोषणा तथा बासस्थान व्यवस्थापन, गिद्ध संरक्षण कार्यक्रम

यस कार्यक्रमको उद्देश्य प्रदेशमा संकटापन्न र लोपोन्मुख अवस्थामा रहेका भनी पहिचान गरिएका गिद्धको बासस्थान संरक्षण एवं गिद्ध संरक्षण क्षेत्रको रूपमा समेत विकास गर्दै जाने र गिद्धको अध्ययन अनुसन्धान एवम् गिद्ध संरक्षणको माध्यमबाट पर्यटकीय गतिविधिमा समेत टेवा पुर्याउनु रहेको छ। यस शीर्षकमा विनियोजित बजेटबाट बासस्थान संरक्षण तथा व्यवस्थापन योजना निर्माण तथा कार्यान्वयन, गिद्ध संरक्षणक्षेत्र घोषणा, आहारा व्यवस्थापन, संरक्षणका लागि जनचेतनामूलक कार्यक्रमहरू, स्कुल शिक्षा कार्यक्रम, जिल्ला स्थित सरोकारवाला कार्यालय तथा संघ संस्थासंग समन्वय, Nest Monitoring एवम् सम्बन्धित वन उपभोक्ताहरू मार्फत गिद्ध संरक्षणका क्रियाकलापमा खर्च गर्न सकिनेछ।

## २.५.३ निजी वन विकास तथा बृक्षारोपण कार्यक्रम (पारिवारीक निजी वन)

यस कार्यक्रमको कार्यान्वयनका लागि प्रचलित वन, वातावरण, आर्थिक ऐन, नियमावली र कार्यबिधिहरुको अधिनमा रहि सम्बन्धित संस्थासँग लागत साझेदारीमा कार्यक्रम कार्ययोजना तयार गरि कार्य सन्चालन गरिनेछ। यस कार्यक्रम अन्तर्गत बिरुवा उत्पादन तथा खरिद, बिरुवा ढुवानी, बिरुवा रोपण, बृक्षारोपण क्षेत्रको संरक्षण, कम्पोष्ट मल खरिद, बारबेरा जस्ता कृयाकलापहरुमा खर्च गर्नु पर्नेछ ।

## २.५.४ बर्ड स्याङ्चुरी व्यवस्थापन कार्ययोजना कार्यान्वयन

यस शीर्षकमा विनियोजित बजेटबाट जगदीशपुर बर्ड स्याङ्चुरी (Bird Sanctuary) क्षेत्रमा स्वीकृत व्यवस्थापन कार्ययोजनाको कार्यान्वयनलाई निरन्तरता दिइनेछ । स्वीकृत व्यवस्थापन कार्ययोजनामा भएका क्रियाकलापहरु बाहेकका क्रियाकलापहरु गर्न पाइने छैन। यस कार्यमा पंक्षी संरक्षण संघ नेपाल (BCN), विश्व वन्यजन्तु कोष नेपाल (WWF)/ तराई भू-परिधि कार्यक्रम (TAL), IUCN नेपाल, ZSL नेपाल, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग, बाणगंगा सिचाई व्यवस्था कार्यालय र यस सम्बन्धी आवश्यक निकायहरुसँग समेत सहयोग लिन सकिनेछ ।

## २.५.५ संकटापन्न तथा लोपोन्मुख वनस्पति तथा वन्यजन्तु (पंक्षी समेत) संरक्षण कार्यकम

यस कार्यक्रमबाट डिभिजन वन कार्यालयले आफ्नो कार्य क्षेत्र भित्र पर्ने विभिन्न वैज्ञानिक अध्ययनहरुले नेपालमा संकटापन्न र लोपोन्मुख अवस्थामा रहेका भनी पहिचान गरेका वन्यजन्तु तथा चराचुरूंगीको वासस्थापन एवम् वनस्पतिको पकेट क्षेत्र भनि पहिचान गरेका वनस्पति तथा वन्यजन्तुहरूको संरक्षणका लागि प्रजाति विशेष संरक्षण कार्यक्रम कार्यान्वयन गरिनेछ। यसका लागि बासस्थानको पहिचान तथा

संरक्षण, प्राकृतिक पुनरुत्पादन क्षेत्र संरक्षण (घेरबार), पुनरूत्पादन प्रवर्द्धन, प्रजाति संरक्षणको लागि संरक्षण पुस्तिका तयारी तथा प्रचार प्रसार, नर्सरीमा विरुवा उत्पादन, वितरण र वृक्षारोपण लगायत प्रजाति विशेष संरक्षण कार्यक्रम कार्यान्वयनमा खर्च गर्न सकिनेछ । यस अन्तर्गत तपसिल बमोजिमका कार्यक्रमहरू समेत लक्षित गरिएको छ।

- चाँप संरक्षण, सारस संरक्षण, सतिसाल संरक्षण तथा व्यवस्थापन कार्यक्रम, लालिगुँरास विकास तथा प्रवर्द्धन कार्यक्रम, लालिगुराँस संरक्षण तथा घेरावार कार्यक्रम, लौठसल्ला संरक्षण तथा व्यवस्थापन कार्यक्रम, विजयसाल संरक्षण कार्यक्रम।

### २.५.६ मिचाहा प्रजाति नियन्त्रण तथा व्यवस्थापन

यस कार्यक्रमको उद्देश्य तराई तथा पहाडका वनक्षेत्रमा हाल तिव्र रूपमा फैलिएर वनका मुख्य प्रजातिहरूको पुनरूत्पादन, जैविक विविधता संरक्षण तथा रूख बिरुवाको बृद्धिमा समस्या पैदा गरिरहेका मिचाहा प्रजातिहरूलाई नियन्त्रण तथा व्यवस्थापन गरी वनको हैसियतमा सुधार ल्याउनु रहेको छ । वन क्षेत्र तथा सिमसार क्षेत्रमा समस्याका रूपमा रहेका *Eupatorium adenophorum, Lantana camara, Chromolaena odorata, Mikania micrantha, Eichhornia crassipes* लगायतका प्रजातिहरूलाई रसायनको प्रयोग नगरी सके सम्म उखेल्ने, काट्ने र जैविक मल, बायोब्रिकेट जस्ता उपयोगी पदार्थ उत्पादनमा जोड दिइनेछ । यस शीर्षकमा विनियोजन भएको बजेटबाट मिचाहा प्रजाति उखेल्ने, हटाउने, प्राङ्गारिक मल, सजावटका सामग्री तथा अन्य वैकल्पिक सामाग्री बनाउने कार्यका लागि ज्यामी, JCB समेतको लागि खर्च गर्न सकिनेछ।

### २.५.७ तराईको रैथाने बहुउपयोगी मौवा प्रजातिको संरक्षण तथा व्यवस्थापन

यस कार्यक्रमको उद्देश्य तराईका जिल्लाहरूमा विशेष गरी थारू समुदायको सस्कृतिसँग जोडिएको मौवा प्रजातिको रूख बिरुवालाई संरक्षण, प्रवर्द्धन गरी पकेट क्षेत्रको रूपमा विकास गरी स्थानीय समुदायको आम्दानी बढाउनु र लोपान्मुख प्रजातिको संरक्षण गर्नु रहेको छ । यस शीर्षकमा विनियोजित रकम मौवा प्रजाति तथा सोको पकेट क्षेत्रको संरक्षण तथा व्यवस्थापन सम्बन्धी क्रियाकलापमा खर्च गरिनेछ । यसका लागि मौवा प्रजातिको बिरुवा उत्पादन, मौवा प्रजातिको प्रोत्साहनका लागि झाडी सफाई, पुनरूत्पादन प्रवर्द्धन, वृक्षारोपण, संरक्षण तथा स्थानीयहरूको सचेतना लगायतका क्रियाकलापहरू सञ्चालन गर्न सकिनेछ।

### २.५.८ रेडपाण्डा संरक्षण कार्यक्रम

यस शीर्षकमा विनियोजन भएको बजेटबाट रेडपाण्डाको बासस्थानको पहिचान, अध्ययन अनुसन्धान, वासस्थान व्यवस्थापन, प्रचार प्रसार, प्रजाति विशेष संरक्षण कार्ययोजना निर्माण तथा कार्ययोजना कार्यान्वयनमा खर्च गर्न सकिनेछ।

## २.६ प्रचार प्रसार र प्रकाशन

प्रदेशको वन तथा वातावरण क्षेत्रमा मन्त्रालय तथा मन्त्रालय मातहतका कार्यालयबाट सञ्चालन भएका कार्यहरू वनक्षेत्रको सिद्धान्त, प्राथमिकता तथा समसामयिक विषयमा जनता तथा वनका उपभोक्ताहरु, सरोकारवालाहरु, जनप्रतिनिधिहरु, सञ्चारकर्मीहरूमा सूचना प्रवाह गरी वनको संरक्षण तथा व्यवस्थापनमा जनसहभागिता अभिबृद्धि गर्नु मन्त्रालयको एउटा प्रमुख उद्देश्य हो । उक्त उद्देश्य अनुसार प्रदेशभर वन

व्यवस्थापन, वन्यजन्तु, जलवायु परिवर्तन, भू तथा जलाधार व्यवस्थापन, जैविक विविधता तथा वातावरण क्षेत्रमा मन्त्रालय र मातहतका कार्यालय मार्फत भए गरेका कार्यहरू एवं वन तथा वातावरण विषयसँग सम्बन्धित समसामयिक विषयहरूको प्रचार प्रसार गर्न तपसिल बमोजिम कार्यहरू सञ्चालन गरिनेछः-

- वन क्षेत्रका सवालहरुमा प्रदेश सभाका माननीयज्यूहरुसँग अन्तरकृया,
- वन क्षेत्रका सवालहरुमा पत्रकारहरुसँग अन्तरकृया,
- वन वातावरण तथा जैबिक बिबिधता संरक्षण सम्बन्धि रेडियो कार्यक्रम उत्पादन।

## २.६.१ वन, वन्यजन्तु, अतिक्रमण, चोरी निकासी तथा चोरी शिकारी नियन्त्रण सम्बन्धी प्रचार प्रसार (पर्चा, पम्पलेट, होर्डिंग बोर्ड, भित्ते लेखन, रेडियो, टि.भी. पत्रपत्रिका समेत) तथा बार्षिक प्रगति प्रतिवेदन पुस्तिका प्रकाशन

यस कार्यक्रमको मुल उद्देश्य वन, वनस्पति, वन्यजन्तु, जलाधार, जैविक विविधता, सिमसार, वातावरण, जलवायु परिवर्तन लगायतका विषयमा जनचेतना अभिवृद्धि गर्ने रहेको छ । यस शीर्षकमा विनियोजन भएको बजेटबाट डिभिजन वन कार्यालयहरूले आर्थिक बर्षभरी सम्पादन गरेको लक्ष तोकिएको (बार्षिक कार्यक्रम समेत) तथा नतोकिएको कार्यहरूको प्रगति, तीनको प्रभावकारिता र कार्यालयसँग सम्बन्धित निम्न विवरणहरू समेत समावेश गरी बार्षिक पुस्तिका प्रकाशन गर्नुपर्नेछ ।यसरी प्रकाशन गरिने बार्षिक पुस्तिकाबाट समयमै सूचना प्रवाह गर्न गत आर्थिक बर्षको बार्षिक प्रगति पुस्तिका चालु आर्थिक बर्ष प्रारम्भ भएको पहिलो त्रैमासिक भित्र प्रकाशन गरी कार्यालयको वेभसाइटमा राख्ने तथा निर्देशनालय र मन्त्रालयमा अनिवार्य रूपमा पठाउनु पर्नेछ । प्रकाशित बार्षिक पुस्तिका सरोकारवाला कार्यालयहरु, अनुसन्धानकर्ता व्यक्ति, सँघ, सँस्था समेतलाई बितरण गर्न सकिनेछ ।

प्रकाशित बार्षिक पुस्तिका निम्न कुराहरु समाबेश भएको हुनुपर्नेछः-

१. कार्यालयको परिचय, काम, कर्तव्य, अधिकार तथा तोकिएको र मौजुदा जनशक्ति, कार्यक्षेत्रको विवरण, वन क्षेत्रको विवरण (सामुदायिक, साझेदारी, धार्मिक, कबुलियती, चक्ला, संरक्षित वन तथा सरकारद्वारा व्यवस्थित राष्ट्रिय वन क्षेत्रको संक्षिप्त/सारांश विवरण), सिमसार, तालतलैया तथा पर्यापर्यटनको क्षेत्रको विवरण,
२. कार्यालयले आर्थिक बर्षभरी सम्पादन गरेको बार्षिक स्वीकृत कार्यक्रमहरूको प्रगति, तिनको असर तथा प्रभाव, लाभान्वित क्षेत्र, समुदाय, योजना आयोगले निर्दिष्ट गरेको प्रगति प्रतिवेदन,
३. डिभिजन वन कार्यालयको कार्यक्षेत्र भित्र रहेको सामुदायिक, साझेदारी, चक्ला तथा सरकारद्वारा व्यवस्थित राष्ट्रिय वन तथा निजी आवादीबाट उत्पादन भएको वन पैदावार, अघिल्लो आर्थिक वर्षमा विक्री हुन बाकी रही जिम्मेवारी सरेको अल्या परिमाण, विक्री वितरण भएको र आ.व.को अन्त्यमा बाकी रहेको काठ दाउरा, जडिबुटी तथा गैरकाष्ठ वन पैदावार (खोटो समेत) को परिमाण,
४. माथि बुँदा नं. ३ मा सामुदायिक, साझेदारी, चक्ला तथा सरकारद्वारा व्यवस्थित राष्ट्रिय वन तथा निजी आवादीबाट उत्पादित (अल्या समेत) काठ दाउरा, जडिबुटी तथा गैरकाष्ठ वन पैदावार (खोटो समेत) को विक्री वितरणबाट (समूहको आन्तरिक विक्री समेतबाट) छुट्टाछुट्टै सङ्घीय सञ्चित कोष, प्रदेश सञ्चित कोष, उपभोक्ता समूहको कोषमा जम्मा भएको रकम, मु.अ.क., अ. आ. करको विवरण,
५. नर्सरी निर्माण, स्तरोन्नति, विरूवा उत्पादन (एकबर्षे, बहुबर्षे खुल्नेगरी), विरुवा वितरण, बृक्षारोपण, गोडमेल, पुनरोपण,

६. अतिक्रमण (कुल अतिक्रमण, हटाइएको अतिक्रमणको क्षेत्रफल), वनडढेलो (वनडढेलोको घटना, क्षति, डढेलो नियन्त्रणका लागि गरिएका कार्यहरू, अग्निरेखा निर्माण तथा मर्मत सम्भार), मानव वन्यजन्तु द्वन्द्वबाट भएको क्षति तथा राहतको विवरण,
७. वन सम्बर्धन प्रणालीमा आधारित वन व्यवस्थापन भएको वन क्षेत्रको विवरण, गोडमेल, पत्ल्याउने (थिनिङ्ग), सुधार कटान कार्य (क्षेत्रफल, उत्पादित वन पैदावार समेत), पुनरूत्पादन कटानको क्षेत्रफल र उत्पादित काठ दाउरा तथा अन्य आवश्यक विवरण,
८. कार्ययोजना नविकरण गरिएका, म्याद सकिएर नविकरण हुन बाकी सामुदायिक वन, कबुलियती वन तथा साझेदारी वनको विवरण,
९. सञ्चालनमा रहेको तथा नयाँ दर्ता भएका वन उद्यम सम्बन्धी विवरण (स:मिल, फर्निचर, जडिबुटी प्रशोधन, भेनियर प्लाईवोर्ड तथा अन्य उद्यम),
१०. रोजगारी सिर्जना (श्रमदिन): वन व्यवस्थापन कार्य (सामुदायिक, साझेदारी, चक्ला तथा सरकारद्वारा व्यवस्थित राष्ट्रिय वन तथा निजी वन/आवादी समेत), जडिबुटी तथा गैरकाष्ठ वन पैदावार (खोटो, खोला खोल्सी व्यवस्थापनबाट संकलित नदिजन्य पदार्थ) बाट सिर्जना भएको रोजगारी, बार्षिक कार्यक्रम (नर्सरी, बिरूवा उत्पादन, बृक्षारोपण, भू संरक्षण, अन्य निर्माण कार्य ईत्यादी) कार्यान्वयनबाट सिर्जना भएको रोजगारी,
११. वन तथा वन्यजन्तुसम्बन्धी मुद्दाको विवरण,
१२. बेरूजुको विवरण,
१३. वन पैदावार आपूर्ति समिति तथा पञ्चबर्षिय कार्ययोजनाको प्रगतिको सारांश तथा अन्य आवश्यक विवरणहरू,
१४. सम्पादन भएका कार्यक्रमका मुख्य मुख्य फोटोहरु ।

माथि उल्लिखित बार्षिक प्रतिवेदनको अलावा यस कार्यक्रमबाट आवश्यकता अनुसार तल दिइएको अन्य क्रियाकलापहरूमा समेत खर्च गर्न सकिनेछ ।

- आम संचारका माध्यमहरू रेडियो, टेलिभिजन र पत्रपत्रिकाबाट सन्देशमूलक सामग्री निर्माण तथा प्रसारण गर्ने,
- सूचनाको हक सम्बन्धी विषयहरूमा कार्यालयका गतिविधिहरूको नियमित प्रकाशन, सब डिभिजन स्तरमा सार्वजनिक सुनुवाई, वेभसाइट सञ्चालन गर्ने,
- पुस्तिका प्रकाशन, भिडियो डकुमेन्ट्री लगायत प्रचार प्रसार सामग्री उत्पादन र वितरण गर्ने,
- कार्यदल र सरोकारवालाहरूसँगको समन्वय बैठक, गोष्ठी आदि गर्ने,
- डि.व.का. बाट संचालित क्रियाकलापहरूको सञ्चार माध्यम लगायत सरोकारवालाहरूद्वारा अनुगमन गराई पृष्ठपोषण लिने ।

## २.६.२ प्रदेश स्थापना दिवस, सिमसार दिवस, राष्ट्रिय बृक्षारोपण दिवस, जैविक विविधता दिवस, विश्व वातावरण दिवस, वन्यजन्तु सप्ताह आदि

यस शीर्षकमा विनियोजित बजेट वन, वन्यजन्तु, जैविक विविधता तथा वातावरण क्षेत्रका विभिन्न दिवस तथा समारोहहरू आयोजना गर्न खर्च गरिनेछ। यस अन्तर्गत वन महोत्सव, विश्व सिमसार दिवस, विश्व वातावरण दिवस, जैविक विविधंता दिवस, प्रदेश स्थापना दिवस, निजामती सेवा दिवस, भू संरक्षण दिवस,

वन डढेलो सप्ताह, वन्यजन्तु सप्ताह, विश्व वन दिवस लगायत अन्य राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दिवस तथा समारोहको आयोजना गर्न सकिनेछ । दिवसको अवसरमा विभिन्न गोष्ठी, र्‍याली, वृक्षारोपण, वक्तृत्वकला, हाजिरी जवाफ, कार्यक्रम लगायत अन्य सिर्जनात्मक कार्यक्रमहरु गर्न सकिनेछ ।

### २.६.३ वन सम्वर्द्धन प्रणाली कार्यान्वयन सम्वन्धी Video documentary तयारी तथा प्रशारण

यस कार्यक्रमको मुख्य उद्देश्य हालसम्म लुम्बिनी प्रदेशमा भए गरेका वन व्यवस्थापनका क्रियाकलापहरू, सोको उपलब्धि तथा प्रभाव र अवसरहरूलाई बृत्तचित्रमा देखाई प्रचार प्रसार गर्नु रहेको छ । यस शीर्षकमा रहेको रकम प्रचलित सार्वजनिक खरिद ऐन तथा नियम बमोजिम सेवा खरिद गरी बृत्तचित्र (Documentary) तयारी गर्न खर्च गरिनेछ । यसै शिर्षक बमोजिम तपसिलको कार्यक्रम समेत गर्न सकिनेछ।

- अमृसो र तेजपातको डकुमेन्ट्रि तयारी,
- धार्मिक सांस्कृतिक प्राकृतिक तथा हिमाल ताल तलैया झरना वनजंगल, वन्यजन्तु र बहुमूल्य जडिबुटीको डकुमेन्ट्रि तयारी ।

### २.६.४ वन, वातावरण, जलाधार, जैविक विविधता, जलवायु परिवर्तन सम्बन्धी लघु सूचना केन्द्र सहितको पुस्तकालय निर्माण तथा सञ्चालन

यस कार्यक्रमको उद्देश्य लुम्बिनी प्रदेशको वन, वातावरण, जलाधार, जैविक विविधता तथा जलवायु परिवर्तन सम्बन्धी जानकारीमुलक अध्ययन सामग्रीहरू संग्रहित गरी वन तथा वातावरण क्षेत्रमा विभिन्न सरोकारवालाहरूलाई सहज रूपले पठन पाठन गर्न एक लघु सूचना केन्द्र सहितको पुस्तकालय निर्माण तथा सञ्चालन गर्नु रहेको छ।यस शीर्षकमा विनियोजित बजेटबाट अध्ययन सामग्रीहरू राख्ने पुस्तकालय कक्ष, फर्निचर तथा फर्निसिङ्गको व्यवस्था, अध्ययन तथा प्रचार प्रसार सामाग्री संकलन तथा खरिद, ईमेल/इन्टरनेट जडान जस्ता कार्यमा खर्च गरिनेछ। यसै शिर्षक बमोजिम तपसिलको कार्यक्रम समेत गर्न सकिनेछ ।

- वनजन्य उत्पादन सम्बन्धि सुचना केन्द्र स्थापना तथा संचालन: यस अन्तरगत काष्ठ तथा काष्ठजन्य, जडिवुटी तथा गैऱहकाष्ठ वन पैदावारहरुको नमुना सहित यसको उपलब्धता, प्रयोग, संरक्षणको अवस्था, बजार लगायतका जानकारी सहित सुरक्षित भण्डारण र प्रदर्शन/डिस्प्ले बोर्ड/सो-केश दराजको व्यवस्था गरी सुचना केन्द्र स्थापना तथा संचालन गरिनेछ।

### २.७ जैविक पार्क तथा उद्यान निर्माण तथा व्यवस्थापन

यस कार्यक्रमको उद्देश्य लुम्बिनी प्रदेश तथा अन्य क्षेत्रका पाइने सामाजिक, आर्थिक, वातावरणीय तथा औषधीय दृष्टिकोणले महत्वपूर्ण तथा लोपोउन्मुख एवं हावापानी सुहाउँदो वनस्पतिहरू रोपण गरी नमुना उद्यान (Garden) निर्माण तथा सञ्चालन गरी पर्यापर्यटन प्रवर्द्धन गरिनेछ । यस शीर्षकमा विनियोजित बजेट देहायको कार्यक्रम गर्न डिभिजन वन कार्यालयबाट तयार भई स्वीकृत भएको जडीबुटी/वनस्पति उद्यान निर्माण तथा सञ्चालन सम्बन्धी विस्तृत परियोजना प्रतिवेदन अनुसारका कार्यहरू सञ्चालन गरिने छ। कार्यक्रम सञ्चालन गर्दा स्थानीय तह तथा समूहसँगको समन्वय तथा साझेदारीमा सन्चालन गर्नुपर्ने छ । जडिबुटी/वनस्पति उद्यान निर्माण तथा सञ्चालन सम्बन्धी विस्तृत परियोजना प्रतिवेदनमा तल उल्लिखित कार्यमा विशेष प्राथमिकता दिनुपर्नेछः

- Collection, introduction and maintenance of native, indigenous, and exotic plants

- Ex-situ and in-situ conservation of endemic, threatened, and other useful plants
- Collection and storage of seeds
- Education regarding conservation, classification, and uses of plants
- Landscape development and beautification to improve the garden aesthetic appeal for visitors
- Production and cultivation of ornamental plants and MAPs
- Dissemination of botanical information to raise awareness
- Extra-curricular activities and plantation on various occasions
- Technical support in garden development

यस शीर्षकको रकम उपरोक्त अनुसारको कार्यक्रम गर्न प्रचलित कानुन बमोजिम तथा स्वीकृत विस्तृत परियोजना अनुसार लागत अनुमान तयार तथा स्वीकृत गरी माथी उल्लेखित कृयाकलाप सहितको जैविक पार्क तथा उद्यान निर्माण तथा व्यवस्थापनमा खर्च गरिने छ ।

## २.८ अध्ययन अनुसन्धान

यस कार्यक्रमको लक्ष्य लुम्बिनी प्रदेशका वन, वातावरण, जडीबुटी, जलाधार, जैविक विविधताको विभिन्न क्षेत्रमा नवीनतम अध्ययनहरू गर्ने, प्रतिवेदन प्रकाशन गर्ने, म्यानुअल तयारी गर्ने, अध्ययन अनुसन्धान तथा शोधपत्र तयार गर्न सहयोग गर्ने रहेको छ।

वन विज्ञान बिषयमा स्नातक अध्ययनरत विद्यार्थीहरूको इन्टर्नशीप कार्यमा सहयोगको लागि मन्त्रालयसँग Memorandum of Understanding (MoU) भएका विश्वविद्यालयहरुसँग समन्वय गरी प्रति विद्यार्थी अधिकतम मासिक रू. १० (दश) हजार सम्म इन्टर्नशीप कार्य बापत आर्थिक सुविधा उपलब्ध गराइनेछ ।

वन विज्ञान, कृषि वन विज्ञान, भू संरक्षण, वन्यजन्तु व्यवस्थापन बिषयमा स्नातकोत्तर अन्तिम सेमिष्टरमा अध्ययनरत विद्यार्थीहरु लाई Silviculture Based Forest Management, Soil and Watershed Management, Human Wildlife Conflict, Agroforestry, NTFPs, Quantivative Silviculture, Forest measurement and Modelling, Forest Biometrics, Climate Change, Enivronmental Impact Assessment सँग सम्बन्धित शिर्षकमा शोधपत्र/अनुसन्धान गर्नका लागि प्रति विद्यार्थी बढीमा रु. ८० (असी) हजार रुपैयासम्म आर्थिक सहयोग गर्न सकिनेछ।

यस शिर्षकमा विनियोजित बजेट कार्यसूची तयारी, सूचना प्रकाशन, प्रस्ताव मूल्याङ्कन, परामर्शदाता छनोट, स्थलगत अध्ययन, प्रस्तुतीकरण, प्रतिवेदन तयारी/सम्पादन अनुगमन, प्रकाशन लगायतमा समेत खर्च गर्न सकिनेछ ।
यस शिर्षक अन्तर्गत कार्यक्रम कार्यान्वयन गर्ने निकायले सम्बन्धित अध्ययन कार्यक्रमको विस्तृत कार्यक्षेत्रगत शर्त तयार गरी मन्त्रालयबाट स्वीकृत गराई सेवा परामर्श मार्फत वा निकाय आफैले प्रचलित कानूनी प्रकृया पुरा गरी कार्यक्रम सम्पादन गर्नुपर्नेछ । यस शीर्षक अन्तर्गत निम्नानुसारको कार्यक्रम सञ्चालन गरिनेछ।

१. प्रदेशमा रहेको प्रमुख १० गैरकाष्ठ तथा जडिबुटी प्रजातीको खेति, विस्तार. संकलन तथा उपयोग सम्वन्धि पुस्तिका तयारी तथा प्रकाशन।
२. वन्यजन्तु उद्धार केन्द्र स्थापनाका लागि सम्भाव्यता अध्ययन (DPR तयारी समेत) ।
३. प्रदेश वन क्षेत्रबाट भएको आम्दानी र जिविकोपार्जनमा पारेको प्रभाव र सम्भाव्यता सम्वन्धी अध्ययन।
४. काठको गुणस्तर वृद्धी खपत तथा बजारीकरण सम्वन्धि अध्ययन ।
५. हरित रोजगार प्रवद्धन सम्वन्धी अध्ययन/ रणनीतिक योजना तयारी ।

६. साल प्रजातीको तराई, पहाड र चुरे क्षेत्रमा वृद्धी सम्वन्धि अध्ययन ।
७. मानव वन्यजन्तु द्वन्द्व न्यूनीकरणकाका उपायहरु सम्बन्धी अध्ययन।
८. वन विज्ञान विषयमा स्नातक तथा स्नातकोत्तर अध्ययनको शोधपत्र तथा इन्टर्नसिप परिचालन सहयोग।
९. वन मन्त्रालय मातहतका कार्यालयहरु र वन उपभोक्ता समुहको कार्यालय भवनको निर्माण मापदण्ड तयारी (नक्सा सहित) ।
१०. खोटो संकलन कार्यमा बोरहोल प्रविधी सम्वन्धी सम्भाव्यता अध्ययन ।
११. उच्च पहाडी क्षेत्रका जिल्लाहरुमा यार्सागुम्बा सम्वन्धि अध्ययन ।
१२. समुदायमा आधारित वन व्यवस्थापन समुहहरुको आय व्यय तथा वन पैदावार वितरणको अवस्थाको अनुगमन (प्रतिवेदन सहित) ।
१३. निजी क्षेत्रलाई नदि उकास, खोला किनार. सार्वजनिक बाझो जग्गा तथा वन क्षेत्रमा वृक्षारोपण तथा उत्पादन गर्न लिजमा जग्गा उपलब्ध गराउने सम्वन्धि सम्भाव्यता अध्ययन ।
१४. प्रदेशस्तरको वन डढेलो नियन्त्रण रणनीति तयारी ।
१५. प्रदेशस्तरिय वन क्षेत्रको रणनीती तयारी ।

### २.८.१ कार्यरत कर्मचारीहरूको क्षमता अभिवृद्धिका लागि सहयोग कार्यक्रम

यस कार्यक्रमको उद्देश्य मन्त्रालयका कर्मचारीहरुको सिप विकास तथा क्षमता अभिवृद्धि गर्ने रहेको छ। यस अन्तर्गत विनियोजित बजेट कर्मचारीको प्राविधिक दक्षता हासिल गर्न आवश्यक तालिम, टिम विल्डिङ्ग गोष्ठी सञ्चालन तथा तालिममा सहभागी हुने कर्मचारीको तालिम शुल्कमा समेत खर्च गर्न सकिनेछ ।

### २.८.२ वन क्षेत्रको प्रोफाइल तयारी

यस कार्यक्रमको मुख्य उद्देश्य लुम्बिनी प्रदेश भित्रको वन क्षेत्रको तथ्यांक संकलन तथा अध्यावधिक गरी प्रदेश-स्तरीय समग्र वन प्रोफाइल तयार गर्नु रहेको छ।
यस अन्तर्गत डिभिजन वन कार्यालय, भू तथा जलाधार व्यवस्थापन कार्यालय, सव डिभिजन वन कार्यालय, सामुदायिक, साझेदारी वनको विवरण, चक्ला वन, धार्मिक वन, कबुलियती वन, तिनीहरुको अवस्थिती, सव डिभिजन वन कार्यालय तथा स्थानिय तह अनुसार सामुदायिक, साझेदारी वन, चक्ला वन, धार्मिक वन, कबुलियती वनको विवरण, वन क्षेत्रको जग्गा अन्य प्रयोजनको लागि दिएको विवरण लगायतका विवरण संकलन गरी नक्साङ्कन सहितको प्रतिवेदन तयार गरिनेछ।

यस शिर्षकमा विनियोजित बजेट छलफल, अन्तक्रिया, खाजा, खाना, सवारी भाडा, इन्धन, दैनिक भ्रमण भत्ता, बैठक भत्ता, विज्ञ/परामर्श सेवा, सम्पादन टाइपिङ्ग, प्रिन्टिङ्ग, वाइन्डिङ्ग, प्रतिवेदन तयारी, सम्पादन, प्रकाशन लगायतमा समेत खर्च गर्न सकिनेछ ।

## २.९ सुशासन अभिवृद्धि कार्यक्रम

### २.९.१ सव डिभिजन वन कार्यालय संचालन खर्च (तलव, राशन, भत्ता बाहेक)

यस कार्यक्रमको मुख्य उद्देश्य सव डिभिजन वन कार्यालयहरूलाई आधारभूत रूपमा आवश्यक उपकरण, कार्यालय सामग्री तथा अन्य पूर्वाधार व्यवस्थापनमा सहयोग पुऱ्याउनु रहेको छ । यस अन्तर्गत सव

डिभिजनहरूलाई दुर्गमताको आधारमा प्राथमिकताका साथ आवश्यक पर्ने कम्प्युटर, कार्यालय समाग्री लगायतका अन्य विद्युतीय सामग्रीहरूको व्यवस्थापनका साथसाथै दैनिक कामकाजका लागि आवश्यक पर्ने इन्टरनेट, मसलन्दहरू व्यवस्थापन, सवारी साधन मर्मत, मेसिनरी औजार मर्मत, इन्धन, विद्युत तथा पानीको महशुल भुक्तानी, अनिवार्य मेश सञ्चालनका लागि राशन सुविधा प्राप्त गर्ने सामग्री बाहेकका अन्य आवश्यक सामग्री खरिद, कार्यालय भवन मर्मत सम्भार, कार्यालयको बोर्ड, सूचना पाटी, फर्निचर लगायतमा खर्च गर्न सकिनेछ । यस शीर्षकमा विनियोजित बजेट सम्बन्धित सव डिभिजन वन कार्यालय मार्फत खर्च गरिने छ।

## २.९.२ वन क्षेत्रमा लैंगिक तथा सामाजिक समावेशीकरण अभिमुखिकरण कार्यक्रम

लैंगिक तथा सामाजिक समावेशीकरणको समस्या समाधानका लागि प्रदेशका सवै जिल्लालाई समेटी समुदायमा आधारित वन व्यवस्थापन पद्धतीका निर्णायक तहमा वसेका पदाधिकारीहरुलाई समुहहरुले गर्नुपर्ने कार्यहरुको कार्ययोजना तयारी, लेखा अभिलेखीकरण, नेतृत्व विकास, सुशासन अभिवृद्धी, समन्वय सम्बन्धमा अन्तरक्रिया गोष्ठी संचालन गर्नुपर्नेछ। यो कार्यक्रम मन्त्रालय आफै वा सेवा प्रदायक मार्फत गर्नेछ।यसमा विनियोजन भएको रकम नियमानुसार गोष्ठी सचालनका लागी प्रचलित नर्म्स बमोजिम स्टेशनरी, सहभागी र प्रशिक्षकको खाना/खाजा, यातायात भाडा एवम् प्रशिक्षकको दैनिक भ्रमण भत्ता र सेसन फी आदिमा खर्च गर्न सकिनेछ।यस अन्तर्गत तपसिलका कार्यक्रमहरु गर्न सकिनेछ।

१. सामुदायिक वनका महिला नेतृत्वहरुलाई सुशासन, लेखा, दिगो वन व्यवस्थापन सम्बन्धि क्षमता अभिवृद्धि तालिम,
२. महिला पदाधिकारीहरुको क्षमता अभिवृद्धि कार्यक्रम ।

## २.१० समन्वय, योजना तर्जुमा र प्रगति समीक्षा गोष्ठी

### २.१०.१ योजना तर्जुमा गोष्ठी

मन्त्रालय मातहतका कार्यालयहरुबाट पेश हुन आएका आगामी आर्थिक बर्षको योजना तथा कार्यक्रमहरु जिल्ला तथा मन्त्रालय स्तरमा छलफल गरि अन्तिम टुंगो लगाउन वार्षिक योजना तर्जुमा गोष्ठी गरिनेछ।

### २.१०.२ चौमासिक र बार्षिक प्रगति समिक्षा गोष्ठी

यस कार्यक्रमको उद्देश्य वार्षिक स्वीकृत कार्यक्रमको मर्म बमोजिम स्थलगत रुपमा कार्य सम्पादनको अवस्था कस्तो रहेको छ भनी नियमित रुपमा प्रगतिको समीक्षा गरी लक्ष्यमा पुग्न सहयोग पुर्याउनु रहेको छ । यस शीर्षकमा विनियोजित रकमबाट मन्त्रालय स्तरिय विकाश समस्या समाधान समितिको बैठक समेत संचालन गर्न सकिनेछ।

### २.१०.३ वन, वातावरण, जलाधार र जडीबुटी सम्बन्धी क्रियाकलापहरूको अनुगमन, सहजीकरण र प्रतिवेदन

यस कार्यक्रमको मूल लक्ष्य नियमित रुपमा स्थलगत अनुगमन गरी समयमा नै गुणस्तरीय कार्य सम्पादन गर्न सहजीकरण र पृष्ठपोषण गर्नु रहेको छ । अनुगमनको क्रममा प्राप्त विवरणहरुको विश्लेषण गरी वार्षिक तथा त्रैमासिक प्रतिवेदनहरु तयार गर्नु पर्नेछ।यस शिर्षकमा बिनियोजित बजेटबाट खाजा, यातायात खर्च,

दैनिक तथा भ्रमण खर्च तथा बैठक सञ्चालन, फिल्ड गियर सम्बन्धी विविध मसलन्दका लागि समेत खर्च गर्न सकिनेछ ।

### २.१०.४ कार्यालय प्रमुख तथा अन्य सरोकारवालाहरूसँग समन्वय बैठक/गोष्ठी

यस कार्यक्रमको उद्देश्य कार्यालयहरूको बार्षिक कार्यक्रम कार्यान्वयन, वन क्षेत्रको संरक्षण तथा व्यवस्थापन र भू तथा जलाधार व्यवस्थापन कार्यसँग सम्बन्धित विषयमा कार्यालय प्रमुख तथा अन्य सरोकारवालाहरूसँग समन्वय बैठक/गोष्ठी सञ्चालन गरी वन तथा जलाधार व्यवस्थापन कार्यमा प्रभावकारिता अभिवृद्धि गर्नु रहेको छ । यस शीर्षकको बजेट बैठकका सहभागीहरूलाई खाजा, होटल बाँस, यातायात खर्च, बैठक भत्ता तथा बैठक सञ्चालन सम्बन्धी विविध मसलन्दका लागि खर्च गर्न सकिनेछ ।

### २.१०.५ गत विगत आर्थिक बर्षहरूमा वस्तुगत तथा नगद अनुदानमार्फत सहयोग गरिएका उद्यम, पेशा तथा उद्योगहरूको प्रभावकारीता सम्बन्धी अनुगमन तथा प्रतिवेदन (वनजन्य उद्यम, होमस्टे समेत)

गत आ.व.हरुमा मन्त्रालय बाट सम्पादन भएका वस्तुगत तथा नगद अनुदान मार्फत सहयोग गरिएका उद्यम, पेशा तथा उद्योगहरुको प्रभावकारिता सम्बन्धी अनुगमन तथा प्रतिवेदन तयार गर्न यस शीर्षकको विनियोजीत रकम खर्च गर्न सकिने छ। यस शिर्षकमा बिनीयोजित बजेट दैनिक भ्रमण भत्ता, यातायात खर्च, प्रतिवेदन तयारी तथा प्रकाशनमा खर्च गरीने छ।

### २.१०.६ प्राप्त आयोजनाको फिल्ड भेरिफिकेशन तथा संकलन (Project Bank) व्यवस्थापन

यस मन्त्रालयबाट भविष्यमा संचालन गरिने बिभिन्न योजना तथा कार्यक्रमहरुको आवश्यकता र औचित्यको आधारमा व्यवस्थित अभिलेख राखी प्रोजेक्ट बैंकका रुपमा व्यवस्थापन गरी कार्यक्रमहरुलाई प्रभावकारी रुपमा संचालन गर्न यस कार्यक्रमले सहयोग गर्नेछ। बिभिन्न माध्यमबाट मन्त्रालयमा माग भई आएका कार्यक्रमहरुको स्थलगत रुपमा भेरिफिकेसन गर्ने, वनक्षेत्रमा सन्चालन गर्न सकिने कार्यक्रमहरुको पहिचान गर्ने, संभाव्यता अध्ययन गर्ने र बिस्तृत आयोजना प्रतिवेदन तयार गर्ने जस्ता कार्यक्रम/क्रियाकलाप गरिनेछ। यस कार्यक्रममा बिनियोजित रकम दैनिक भ्रमण भत्ता, यातायात खर्च, अन्तरक्रिया, विज्ञ सेवा लिने, व्यवस्थित अभिलेखिकरण र प्रतिवेदन तयारी लगायतमा खर्च गर्न सकिनेछ ।

### २.१०.७ वन, जडीवुटी, जैविक विविधता सम्वन्धी आवश्यक कानून, नीति, रणनीति, मापदण्ड, कार्यविधि, निति कार्यक्रम तयारी, निर्देशिका निर्माण तथा अभिमुखिकरण

यस कार्यक्रमको मूल उद्देश्य वन, जैविक विविधता, जडीबुटी, भू तथा जलाधार व्यबस्थापन र वातावरण तथा जलवायू परिवर्तन सम्बन्धी कानून/नीति निर्माण गर्नु रहेको छ । कार्यक्रमको कार्यान्वयन निम्न अनुसार गरिनेछ।

- प्रदेश स्तरमा आवश्यक पर्ने वन, जैविक विविधता, जडीबुटी, जलाधार व्यबस्थापन, वातावरण तथा जलवायू परिवर्तन सम्बन्धी आवश्यकतानुसार नीति, ऐन, नियम, विनियम, रणनीति, कार्यविधि, निर्देशिका, मापदण्ड लगायत निर्माण गरिनेछ ।
- नीति, ऐन, नियम, विनियम, रणनीति, कार्यविधि, निर्देशिका, मापदण्ड लगायतका कानूनहरुको मस्यौदा तयारीका क्रममा आवश्यक्ता अनुसार सरोकारवालाहरुसंग राय सङ्कलन, समिति/कार्यदल बैठक,

छलफल/बैठक/गोष्ठी, परामर्श सेवा, मस्यौदा लेखन/टाईपिङ्ग/प्रिन्टिङ्ग, पूनरावलोकन, सम्पादन तथा छपाइ सम्बन्धी कार्यको साथै आबश्यकता र कार्यक्रमको प्रकृति समेतका आधारमा गोष्ठी/छलफल/अन्तरक्रिया गर्दा हलभाडा, खाना, खाजा, यातायात भाडा, ~~ईन्धन~~, ~~दैनिक भ्रमण भत्ता~~, मसलन्द लगायतमा खर्च गर्न सकिनेछ ।

### २.१०.८ अन्तर प्रदेश समन्वय तथा सिकाई आदान प्रदान बैठक

वन तथा वातावरण क्षेत्रमा अनुभव, ज्ञान र असल अभ्यास (Best practices) आदान-प्रदान , समन्वय बैठक सञ्चालन गर्ने उद्देश्यले तयार गरिएको हो।

कार्यक्रमको उद्देश्यः

- प्रदेशहरू बीच आपसी सहकार्य र विश्वास वृद्धि गर्नु।
- नीति, कार्यक्रम र कार्यान्वयनमा अपनाइएका सफल अभ्यास र सिकाइ साझा गर्नु।
- चुनौती र समस्या समाधानका उपायहरूको खोजीमा सहकार्य बढाउनु।
- प्रदेश-प्रदेशबीच दिगो विकासका लागि साझेदारी परियोजना/कार्यक्रम पहिचान गर्नु।
- अन्तर प्रदेश विच थप सम्भावना र साझा प्रयासको लागि समन्वय एवं सहकार्य गर्नु ।

यस बैठकबाट प्राप्त ज्ञान र अनुभव नीति, योजना र कार्यान्वयन पक्षमा सुधारका लागि प्रयोग गरिनेछ। यस कार्यक्रममा बिनियोजित बजेट गाडी भाडा, दैनिक भ्रमण भत्ता, बैठक भत्ता, खाजा, खाना स्टेशनरी, प्रदेशको विशेषता झल्कने मायाको चिनो खरिद तथा वितरण आदी लगायतका कार्यहरूमा खर्च गरिनेछ।

### २.१०.९ वन सम्बर्द्धन प्रणालीमा आधारित वन व्यवस्थापन मापदण्ड २०७९ प्रकाशन तथा वितरण

- वन सम्बर्द्धन प्रणालीमा आधारित वन व्यवस्थापन मापदण्ड २०७९ लाई आवश्यकता अनुसार संशोधन गरी छपाई गरी वितरण गरिनेछ। संशोधन मस्यौदा तयारीका क्रममा आवश्यक्ता अनुसार समिति/कार्यदल बैठक, छलफल/बैठक/गोष्ठी, परामर्श सेवा, मस्यौदा लेखन/टाईपिङ्ग/प्रिन्टिङ्ग, पूनरावलोकन, तथा छपाइ कार्यमा खर्च गर्न सकिनेछ ।

### २.१०.१० मन्त्रालयमा गठन भएका विभिन्न समितिहरुको बैठक संचालन खर्च

मन्त्रालय मातहत गठन हुने समितिको बैठक संचालनको क्रममा हुने खर्चहरुः बैठक भत्ता, यातायात, इन्धन खर्च, खाजा खाना, मसलन्द र आवश्यकता अनुसार होटल बाँस समेतमा खर्च गर्न सकिनेछ।

## २.११ सम्मान पुरस्कार तथा उत्प्रेरणामूलक कार्यक्रम

### २.११.१ उत्कृष्ट वनकर्मी पुरस्कार (Best Forester Award)

प्रदेशमा कार्यरत वन प्राविधिक कर्मचारीहरू मध्ये उत्कृष्ट कम्तिमा तीन जना कर्मचारीलाई यो पुरस्कार प्रदान गरिनेछ। उत्कृष्ट कर्मचारी छनौट सम्बन्धी सुचक र आधार एवम् प्रकृया मन्त्रालयले तय गर्नेछ।

### २.११.२ गौतमबुद्ध बृक्ष संरक्षण प्रबल पुरस्कार

प्रदेशमा वन संरक्षण, व्यवस्थापन एवम् विकासमा उत्कृष्ट काम गर्ने सामुदायिक वन, निजी वन, कबुलियती वन, साझेदारी वन, धार्मिक वन, स्वतन्त्र संरक्षणकर्मी, व्यक्ति, सुरक्षा निकाय मध्ये उत्कृष्ट तीन संस्था

वा व्यक्तिलाई यो पुरस्कार उपलब्ध गराइनेछ ।पुरस्कार छनौट सम्बन्धी सुचक र आधार एवम् प्रकृया मन्त्रालयले तय गर्नेछ ।

### २.११.३ फ्रन्टलाईनमा खटिने वन रक्षक दुर्घटना बीमा कार्यक्रम

यस कार्यक्रममा विनियोजित रकम वन कार्यालयमा कार्यरत वनरक्षक कर्मचारीहरुलाई वन संरक्षण, व्यवस्थापन तथा विकास सम्बन्धि कार्य गर्दा शारिरीक रुपमा जोखिम हुने भएकोले प्रचलित कानुन बमोजिम बीमा कम्पनीहरुसँग सम्झौता गरी दुर्घटना बीमा गर्ने कार्यमा खर्च गरिनेछ ।

### २.११.४ वन्यजन्तुबाट हुने सबै किसिमको क्षति बीमा

यस कार्यक्रममा विनियोजित रकम वन्यजन्तुले सबैभन्दा बढी क्षति पुऱ्याई रहेको नगरपालिकाका वडाहरुमा त्यस क्षेत्रका स्थानीयहरुको बीमा प्रचलित कानुन बमोजिम बीमा कम्पनीहरुसँग सम्झौता गरी क्षतिको बीमा गर्ने कार्यमा खर्च गरिनेछ।

### २.११.५ जडीबुटी प्रवर्द्धनका लागि कृषक, व्यवसायी र प्राविधिक बिच सिकाई आदानप्रदान अवलोकन भ्रमण

- यस कार्यक्रमको मुख्य उद्देश्य अन्य प्रदेशमा भए गरेका जडीबुटी प्रवर्द्धनका विषयका सफल अभ्यासहरूको स्थलगतरूपमा अवलोकन गरि प्रदेशमा कार्यन्वयनमा रहेको जडीबुटी बिकास कार्यक्रम लगायतका क्षेत्रहरूमा थप टेवा पुर्याउन अन्तरप्रदेश सिकाइ आदान प्रदान गर्नु रहेकोछ।
- यस कार्यक्रम अन्तर्गत जडीबुटी बिकासका सफल कामहरू भएका प्रदेशहरूका बिभिन्न जिल्लामा सम्बन्धित कर्मचारी/विज्ञ, मन्त्रालय, निर्देशनालयमा कार्यरत कर्मचारीलाई सहभागी गराई बढिमा १ हप्ता अवधि सम्मको अन्तर प्रदेश अवलोकन अध्ययन भ्रमण कार्यक्रम गरिनेछ ।
- यस कार्यक्रममा बिनियोजित बजेट गाडी भाडा, दैनिक भ्रमण भत्ता, सहभागीहरूलाई खाजा एवम् प्रशिक्षक भत्ता लगायतका कार्यहरूमा खर्च गरिनेछ ।

## २.१२ कर्मचारीहरूलाई वन, वातावरण, जलाधार, जैविक विविधता सम्बन्धी तालिम

### २.१२.१ वन्यजन्तु उद्धार तथा नियन्त्रण सम्बन्धि उपकरण तथा क्षमता विकाश तालिम सहयोग

### २.१२.२ ड्रोन तथा स्पाई क्यामेरा लगायतका आधुनिक उपकरण प्रयोग तथा परिचालन सम्बन्धि तालिम

### २.१२.३ कर्मचारीहरूलाई वन, वातावरण, जलाधार, जैविक विविधता सम्बन्धी तालिम

### २.१२.४ सिपमूलक तालिम (महिला लक्षित कार्यक्रम)

वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रबाट सञ्चालन हुने तालिमहरुमा यस शीर्षकको विनियोजित बजेट देहाय बमोजिम खर्च गरिने छ।

**क. छोटो अवधिको तालिम**

कर्मचारीहरूको ज्ञान सीप र क्षमता तथा कार्यालयको समग्र कार्यसम्पादनमा सहयोग पुर्‍याउने उद्देश्यले वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रद्वारा सञ्चालन हुने १५ पन्ध्र दिन भन्दा कम अवधिका तालिमहरूलाई छोटो अवधिको तालिम भनिने छ। वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र, बुटवलले वन तथा वातावरण मन्त्रालय, वन निर्देशनालय, प्रदेशका डिभिजन वन कार्यालयहरू, भु- तथा जलाधार व्यवस्थापन कार्यालयहरू, लगायतका सरोकारवालाहरू सँग समन्वय तथा बिचार विमर्श, अन्तरक्रिया गरी आवश्यकता महसुस भएका तालिम प्राथमिकीकरण गरी यस आ.व. मा सञ्चालन गर्ने तालिमहरुको तालिका बनाई वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रका कर्मचारीहरूबाट अमानतमा सञ्चालन गरी सम्पन्न गरिने छ।

यसै कार्यविधिको अधिनमा रही छोटो अवधिका ड्रोन तथा स्पाई क्यामेरा लगायतका आधुनिक उपकरण प्रयोग तथा परिचालन सम्बन्धी तालिम, वन्यजन्तु उद्धार तथा नियन्त्रण सम्बन्धी उपकरण तथा क्षमता बिकास तालिम सहयोग र सिपमुलक तालिम (महिला लक्षित कार्यक्रम) सन्चालन गरिनेछ। उपरोक्त तालिम शिर्षकमा बिनीयोजित रकम तालिमका सहभागीहरुको दैनिक भ्रमण भत्ता, यातायात खर्च, स्टेशनरी, तालिम सामग्री खरिद, हलभाडा, खाजा, प्रशिक्षण शुल्क, प्रशिक्षकको दैनिक भ्रमण भत्ता, यातायात खर्च, फिल्डगियर, तालिमका लागि आवश्यक औजार उपकरण तथा प्राथमिक स्वास्थ्य सामाग्री खरीद तथा वितरण, संयोजक भत्ता, स्थलगत भ्रमणका लागि आवश्यक सवारी साधन भाडा, कार्यालयका सवारी साधनका लागि इन्धन, व्यानर तथा प्रमाणपत्र तयारी, उद्घाटन तथा समापन कार्यक्रम आदि लगायतका विभिन्न शीर्षकमा स्वीकृत लागत इष्टिमेट बमोजिम खर्च गर्न सकिनेछ।

**लक्षित बर्गः**

वन तथा वातावरण मन्त्रालयमा कार्यरत नेपाल वन सेवा, प्रशासन सेवा तथा अन्य सेवाका श्रेणी विहीन देखि अधिकृतस्तरको कर्मचारीहरू। साथै लुम्बिनी प्रदेश अन्तर्गतका राष्ट्रिय निकुञ्ज र संरक्षित क्षेत्रहरूमा कार्यरत वन सेवाका कर्मचारीहरू।

**ख. लामो अवधिको क्षमता अभिवृद्धि तालिम**

वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रद्वारा सञ्चालन हुने कर्मचारी दक्षता/क्षमता अभिवृद्धि तथा सिप विकासमा आधारित १५ (पन्ध्र) दिन भन्दा बढी अवधिका तालिमहरुलाई लामो अवधिको तालिम भनिनेछ। यस अन्तर्गत निम्न विषयका तालिमहरु संचालन गरिने छ।

### १. विकासका लागि वन संरक्षण र व्यस्थापन तालिम (सेवाकालीन)

**समयावधिः**

यस तालिमको समयावधि ३५ कार्यदिनको हुनेछ। शनिवार बाहेकका सार्वजनिक बिदाका दिनमा समेत तालिम सञ्चालन गर्नु परेमा व्यवस्थापन समितिले तोक्न सक्ने छ।

**लक्षित बर्गः**

लुम्बिनी प्रदेश भित्र वन क्षेत्रमा कार्यरत वनरक्षक, गेमस्काउट, फरेष्टर, सिनियर गेम स्काउट, रेञ्जर र अधिकृतस्तरका कर्मचारीहरु।

**तालिमको उद्देश्यः**

लुम्बिनी प्रदेश भित्र वन तथा वन्यजन्तुको क्षेत्रमा कार्यरत वनरक्षक, गेमस्काउट, फरेष्टर, सिनियर गेम स्काउटर, रेञ्जर र अधिकृत स्तरका कर्मचारीहरुलाई वन, वन्यजन्तु, वातावरण, जलवायू परिवर्तन, गैरकाष्ठ

वन पैदवार/जडिबुटी, जलाधार तथा जैविक विविधता सम्बन्धि विविध विषयहरुमा आधारभूत ज्ञान प्रदान गर्ने मुख्य उद्देश्यले यो तालिम सञ्चालन गरिने छ।

अपेक्षित उपलब्धिः

- यस तालिम प्राप्त गरे पछि सहभागी कर्मचारीको क्षमता तथा कार्य दक्षतामा सुधार भई गुणस्तरीय सार्वजनिक सेवा प्रवाह गर्न सक्षम हुनेछन् ।
- तालिममा सहभागी भई तालिम सफलता पूर्वक सम्पन्न गर्ने कर्मचारीहरुको वृत्ति विकासमा सहयोग पुग्ने छ।

**सेवाकालिन तालिममा सहभागी छनोटः**

व्यवस्थापन समितिले निर्णय गरेबमोजिम छनोट भै आएका सहभागिलाई तालिममा सहभागी गराईने छ। यसरी छनोट गर्दा जेष्ठता र शैक्षिक योग्यताको आधारमा छनोट गर्नु पर्ने छ।

**तालिम मूल्याङ्कन विधिः**

तालिम मूल्याङ्कन समितिले तालिमका सहभागीको मूल्याङ्कन गर्ने छ। तालिम सुरु हुन पहिले बसेको व्यवस्थापन समितिले तालिम मूल्याङ्कनको लागि मूल्याङ्कन ढाँचा तयार गर्ने छ।

## २. सेवा प्रवेश तालिम

**समयावधिः**

यस तालिमको समयावधि बढिमा १५ कार्यदिनको हुने छ। शनिवार बाहेकका सार्वजनिक बिदाका दिनमा समेत तालिम सञ्चालन गर्नु परेमा व्यवस्थापन समितिले तोक्न सक्ने छ।

**लक्षित बर्गः**

प्रदेश लोक सेवा आयोगबाट सिफारीस भई आउने वन सेवाका अधिकृतस्तर सम्मका कर्मचारीहरूका लागि व्यवहारिक तथा प्रयोगात्मक सिप अभिवृद्धिका लागि सेवा प्रबेश तालिम संचालन गरिने छ।

**तालिमको उद्देश्यः**

वन क्षेत्रमा नव आगन्तुक कर्मचारीहरुलाई वन सम्बन्धी आधारभूत तहको सैद्धान्तिक तथा व्यवहारिक ज्ञान, सीप र क्षमता प्रदान गरी समग्र कार्यालयको कार्य सम्पादन प्रभावकारी बनाउने रहेको छ।

**अपेक्षित उपलब्धिः**

- यस तालिम प्राप्त गरे पछि सहभागी कर्मचारीको क्षमता तथा कार्य दक्षतामा सुधार भई गुणस्तरीय सार्वजनिक सेवा प्रवाह गर्न सक्षम हुनेछन् ।
- तालिममा सहभागी भई तालिम सफलता पूर्वक सम्पन्न गर्ने कर्मचारीहरुको वृत्ति विकासमा सहयोग पुग्ने छ।

**तालिममा सहभागी छनोटः**

लोकसेवा आयोगबाट सिफारिस भै मन्त्रालय मार्फत तालिमका लागि वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रमा पठाईने छ।

**तालिम मूल्याङ्कन विधिः**

तालिम मूल्याङ्कन समितिले तालिमका सहभागीको मूल्याङ्कन गर्ने छ। तालिम सुरु हुन पहिले बसेको व्यवस्थापन समितिले तालिम मूल्याङ्कनको लागि मूल्याङ्कन ढाँचा तयार गर्ने छ।

### ग. तालिम सहयोगी तथा कर्मचारी क्षमता अभिवृद्धि कार्यक्रम

यस कार्यक्रम अन्तर्गत वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रका कर्मचारीलाई कम्प्युटर सम्बन्धी डिजाईनीङ (प्रमाणपत्र, फोटोग्राफी, भिडीयोग्राफी आदि), सिप विकास (ड्राईभिङ्ग, TOT आदि), वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रमा तालिम सम्बन्धी आवश्यक सामाग्री खरिद गर्ने, पुस्तकालय व्यवस्थापन, वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रको Website Update गर्ने, तालिमका सहभागी तथा प्रशिक्षकको डाटावेस तयार गर्न सफ्टवयर निर्माण गर्ने, तालिम आवश्यकता पहिचान तथा तालिम अनुगमन गर्न आवश्यक फिल्ड भ्रमण, फिल्ड भ्रमणमा आवश्यक फिल्ड गियर (जुत्ता, झोला, स्लिपीङ्ग ब्याग, वाटर बोटल, रेनकोट आदि) खरिद तथा तालिम संचालनमा आवश्यक यन्त्र उपकरण खरिद गरिने छ।

### घ. अन्य कार्यक्रमहरु

आ. व. २०८२/०८३ मा यस वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र, बुटवलमा संघीय सरकार तथा प्रदेश सरकार लगायत अन्य निकायहरुबाट कार्यक्रमहरु थप हुन आएमा यसै कार्यविधिमा भएको व्यवस्था बमोजिम सञ्चालन गरिनेछ ।

## तालिम व्यवस्थापन तथा मूल्याङ्कन समिति

### तालिम व्यवस्थापन समिति

तालिमलाई प्रभावकारी रूपले सञ्चालन गर्नका लागि तपसिल अनुसारको तालिम व्यवस्थापन समिति हुनेछः

| | | |
|---|---|---|
| १. | सचिव, वन तथा वातावरण मन्त्रालय, लुम्बिनी प्रदेश | अध्यक्ष |
| २. | महानिर्देशक, वन निर्देशनालय, लुम्बिनी प्रदेश | सदस्य |
| ३. | महाशाखा प्रमुख, वन व्यवस्थापन योजना तथा अनुगमन महाशाखा | सदस्य |
| ४. | सम्बन्धित डिभिजनको डिभिजनल वन अधिकृत | सदस्य |
| ५. | प्रदेश लोक सेवा कार्यालयका अधिकृत स्तर प्रतिनिधी (मूल्याङ्कन हुने तालिममा मात्र) | सदस्य |
| ६. | निर्देशक, वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र, बुटवल | सदस्य |
| ७. | सहायक तालिम अधिकृत, वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र, बुटवल | सदस्य-सचिव |

*नोटः आवश्यकता अनुसार ३ जना सम्म आमन्त्रित सदस्य राख्न सकिने छ ।*

तालिम व्यवस्थापन समितिले आवश्यकता अनुसार बैठक बसी तपसिलका कार्यहरु गर्ने छ।

क. तालिम सञ्चालन पूर्व अवस्थामा

- तालिम सञ्चालन गर्ने मिति र स्थान छनोट गर्ने,
- पाठ्यक्रम (Syllabus) स्विकृत तथा संशोधन गर्ने,
- तालिम कार्यक्रमको नियमित अनुगमन गरि आवश्यकता अनुसार निर्देशन दिने,
- तालिमका कमी-कमजोरी औल्याई अन्य तालिमलाई पृष्ठपोषण गर्ने,
- अन्य व्यवस्थापन सम्बन्धी कार्यहरु गर्ने ।

### तालिम मूल्याङ्कन समितिः

सेवाकालीन तथा सेवा प्रवेश तालिम (मूल्याङ्कन गर्नु पर्ने अन्य तालिम समेत) सञ्चालन गर्न निम्नानुसारको मूल्याङ्कन समिति रहने छ

| | | |
|---|---|---|
| १. | वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रका निर्देशक | अध्यक्ष |
| २. | प्रदेश लोकसेवा आयोगको कार्यालयका अधिकृत स्तरका प्रतिनिधि | सदस्य |
| ३. | ~~वन तथा वातावरण मन्त्रालयका वन सेवाका अधिकृत स्तरका प्रतिनिधि~~ | ~~सदस्य~~ |
| ४. | वन निर्देशनालयका वन सेवाका अधिकृत स्तरका प्रतिनिधि | सदस्य |
| ५. | प्रशिक्षक मध्यबाट २ जना सम्म विषयगत विज्ञहरु | सदस्य |
| ६. | तालिम संयोजक | सदस्य सचिव |

*नोटः आवश्यकता अनुसार बढिमा ३ आमन्त्रीत सदस्य राख्न सकिने छ।*

तालिम मूल्याङ्कन समितिले तपसिल बमोजिमका कार्यहरु गर्नेछः

क. पाठयोजना अनुसार प्रश्नपत्र तयार गरी स्विकृत गर्ने,

ख. परिक्षाका क्रममा अनुगमन गर्ने,

ग. मूल्याङ्कन गर्ने,

घ. उत्तर पुस्तिकामा प्राप्त अङ्क आवश्यक परेको अवस्थामा पुनः जाँच गरी सदर गर्ने,

ङ. नतिजाको श्रेणी सहित प्रत्येक सहभागीको प्रासाङ्क र श्रेणी सदर गर्ने ।

**तालिम सञ्चालन प्रक्रिया तथा सेवा सुविधा**

- निर्देशकले कार्यक्रम सञ्चालन गर्ने कर्मचारी तोकी कार्यदिश दिने।
- कर्मचारीले कायदिश प्राप्त गरेपछी कार्यक्रमको लागत अनुमान तयार गरी निर्देशकबाट स्वीकृत गराउने।
- स्वीकृत लागत अनुमान सहितको निवेदन पेश गरि पेश्की लिई कार्यक्रम सञ्चालन गर्ने।
- तालिमको पाठ्यक्रम तयार गरी तालिम व्यवस्थापन समिति मार्फत स्वीकृत गराउने।
- सेवाकालीन तालिमको अवधि ३५ कार्य दिन रहनेछ भने बाँकी अन्य तालिमहरुको अवधि आवश्यता अनुसार २ देखि १५ दिन सम्मको हुनेछ ।
- प्रत्येक तालिममा कम्तीमा १५ (पन्ध्र) जना सहभागी उपस्थित हुनु पर्नेछ, अन्यथा तालिम रद्द हुनेछ।
- तालिमका लागि विनियोजित रकम तालिम सामग्री खरिद, तालिमका सहभागीहरुको दैनिक भत्ता, यातायात, हलभाडा, प्रशिक्षण शुल्क, खाजा, फिल्डगियर, तालिमका लागि आवश्यक सामाग्री खरिद तथा वितरण, तालिम व्यवस्थापन समूह भत्ता, संयोजक भत्ता, स्थलगत भ्रमणका लागि आवश्यक सवारी साधन भाडा, कार्यालयका सवारी साधनका लागि इन्धन, व्यानर तथा प्रमाणपत्र तयारी, उद्घाटन तथा समापन कार्यक्रम आदि लगायतका विभिन्न शीर्षकमा स्वीकृत लगत इष्टिमेट बमोजिम खर्च गर्न सकिनेछ।
- तालिमका सहभागीहरुलाई जिल्ला वाहिर वा जिल्ला भित्र २० कि.मी. भन्दा टाढाका भएमा भ्रमण खर्च नियमावली (संशोधन समेत), २०७२ अनुसार दैनिक भ्रमण भत्ता उपलव्ध गराउन सकिनेछ।
- तालिमका सहभागीहरु २० कि.मी. भित्र भई दैनिक भ्रमण भत्ता नपाउनेभएमा प्रदेश सरकार लुम्बिनी प्रदेशको सार्वजनिक खर्च व्यवस्थापन निर्देशिका २०७९ बमोजिमको मापदण्ड अनुसार नै सहभागीलाई सुविधा उपलव्ध गराउन सकिनेछ।
- निर्देशकको अध्यक्षतामा बैठक बसी तालिमलाई प्रभावकारी एवम् व्यवस्थित रुपमा सञ्चालन गर्न आन्तरिक रुपमा बढीमा तिन जना कर्मचारी निर्देशकको संयोजकत्वमा तालिम व्यवस्थापन टिम

गठन गरिनेछ। व्यवस्थापन टिमले कार्यालय समय अघि पछि तालिमको कार्यमा खटिई काम गर्नु पर्नेछ ।

- तालिम व्यवस्थापनमा खटिने व्यवस्थापन टिमका कर्मचारीहरुलाई जिल्ला बाहिर र जिल्ला भित्र २० किलोमिटर भन्दा टाढा कार्यक्रम सञ्चालन हुँदा भ्रमण खर्च नियमावली (संशोधन समेत), २०७२ अनुसार दैनिक भ्रमण भत्ता उपलव्ध गराइनेछ।
- तालिम व्यवस्थापनमा खटिने व्यवस्थापन टिमका कर्मचारीहरुलाई जिल्ला भित्र २० कि.मी. भित्र सञ्चालन हुँदा सहभागी सरह प्रदेश सरकार लुम्बिनी प्रदेशको सार्वजनिक खर्च व्यवस्थापन निर्देशिका २०७९ (परिच्छेद २, ५/१) अनुसारको रकम भत्ता स्वरुप उपलव्ध गराइनेछ।
- तालिम कार्यक्रममा प्रशिक्षणका लागि वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रमा मौजुदा प्रशिक्षकहरुवाट सञ्चालन गर्नु पर्ने छ। वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रका मौजुदा जनशक्तिबाट प्रशिक्षण गर्न नसकिने अवस्था आएमा सम्बन्धित विषयवस्तुको विज्ञहरुबाट प्याकेज वा सत्र आधारमा प्रशिक्षणको व्यवस्था मिलाउन सकिनेछ।
- सेवा प्रवेश र सेवाकालिन तालिमहरुमा तालिम सञ्चालन पश्चात् मूल्याङ्कन गरी प्रतिवेदन तयार गरिनेछ।

**तालिम कार्यक्रम सम्पन्न भएपछि प्रतिवेदनमा समावेस गर्नु पर्ने बुँदाहरुः**

- तालिमको नाम र उद्देश्य,
- तालिम विधि,
- तालिमका प्रमुख बिषयबस्तु (Major contents),
- स्विकृत पाठ योजना,
- तालिमको प्रमुख उपलब्धि,
- तालिमबाट भएका सिकाई ताथ सुझावहरु,
- स्विकृत लागत इष्टिमेट,
- तालिम कार्यक्रम सम्पन्न गर्दा भएको जम्मा खर्चको विवरण तथा विल भर्पाइ,
- सहभागीको विवरण (विश्लेषण सहित),
- मूल्याङ्कन हुने तालिमको सहभागीहरुको तालिम मूल्याङ्कन फारम,
- तालिम कार्यक्रम सञ्चालनका फोटोहरु ।

## २.१३ धार्मिक वन संरक्षण र प्रवर्द्धन

वन ऐन र वन नियमावली तथा प्रचलित कानून बमोजिम धार्मिक वन संरक्षण तथा प्रवद्धन गर्न यो कार्यक्रम संचालन गरिनेछ।

## २.१४ चिउरी पेल्ने कोल व्यस्थापन

यस शिर्षकमा बिनियोजित बजेट चिउरी पेल्ने काठको कोल निर्माण तथा व्यवस्थापनमा खर्च गरिनेछ।

## २.१५ लुम्विनी प्रदेश वन व्यवस्थापन नीति संवाद

लुम्बिनी प्रदेशमा वन व्यवस्थापनका नीतिगत विषयहरूमा छलफल, अनुभव आदान-प्रदान, सुधारका उपाय र सहकार्यको बाटो खोल्ने उद्देश्यले **"लुम्बिनी प्रदेश वन व्यवस्थापन नीति संवाद"** कार्यक्रम आयोजना गरिनेछ। यस कार्यक्रमलाई **नेपाल वन प्राविधिक संघ** समेतको साझेदारीमा गर्न सकिनेछ।

उद्देश्यः

- प्रदेशस्तरमा वन व्यवस्थापन नीति सम्बन्धी सरोकारवालाबीच विचार-विमर्शको साझा मंच निर्माण गर्ने।
- विद्यमान ऐन, नियम, कानून, नीति र कार्यविधि कार्यान्वयनका चुनौती तथा अवसरको पहिचान गर्ने।
- नीति सुधारका लागि ठोस सुझाव र कार्ययोजना तयार गर्ने।
- सरकारी, गैरसरकारी तथा सामुदायिक संस्थाबीच समन्वय र सहकार्य वृद्धि गर्ने।

वन विज्ञ, कर्मचारी, पदाधिकारी, वन उपभोक्ताहरु, सरोकारवाला निकाय तथा व्यक्तिहरुको सहभागीतामा यो कार्यक्रम कार्यान्वयन गरिनेछ।

**कार्यान्वयन प्रक्रिया**

कार्यक्रमको मुख्य उद्देश्य, अपेक्षित नतिजा र सञ्चालन विधि सम्बन्धी अवधारणा प्रस्ताव नेपाल वन प्राबिधिक संघसँग माग गरिनेछ। प्रस्तावमा मिति, स्थान, सहभागिता संख्या, कार्यक्रमको ढाँचा (प्रस्तुति, प्यानल डिस्कसन, समूह कार्यशाला) आदी समेत तय गरि पेश गर्नु पर्नेछ। कार्यक्रम सञ्चालनका लागि आवश्यक अनुमानित बजेट, कार्यक्रम (Event) संख्या तय गरि अनुमानित लागत समेत संलग्न राखी पेश भएको उपयुक्त र कार्यान्वयन योग्य प्रस्ताव पेश भएमा मन्त्रालयले आवश्यक परिमार्जन सहित कार्यक्रम सन्चालनको स्वीकृत दिनेछ। कार्यक्रम सार्बजानिक खरिद ऐन अनुसार अघि बढाइने छ। बिनियोजित बजेट व्यानर, कार्यक्रम उद्घाटन, प्रचार प्रसार सामग्री छपाई तथा वितरण (टोपी/झोला/टिसर्ट आदि), इन्धन, यातायात, सहभागीहरुको खाजा, खाजा, हल भाडा, प्रचार प्रसार, दैनिक भ्रमण भत्ता, बहशमा सहभागिहरुको नियमानुसार पारिश्रमिक तथा अन्य ब्यबस्थापन कार्यका साथै संचार माध्यम मार्फत गरिने प्रसारणमा समेत खर्च गर्न सकिनेछ।

## २.१६ पञ्च बर्षिय वन व्यवस्थापन योजना तयारी

प्रदेश वन ऐन २०७८ तथा प्रदेश वन नियमावली २०७९ मा उल्लेख भए बमोजिम वनको संरक्षण, विकास, सम्बर्द्धन तथा सदुपयोग गरी वनको दिगो व्यवस्थापन गर्न वन कार्ययोजना तयार गर्नुपर्ने छ।

कार्ययोजना तयारीका लागि व्यवस्था भएको बजेटबाट सूचना प्रकाशन, सरोकारवालासँग छलफल, अन्तरक्रिया गोष्ठी, श्रोत सर्वेक्षण/ तथ्यांक संकलन फिल्ड भत्ता, इन्धन, विज्ञ सेवा खरिद/परामर्श सेवा खरिद, फिल्ड सामग्री खरिद, स्टेशनरी, नक्सा/फोटो खरिद, टाइपिंङ, प्रिन्टिङ वाइन्डिङ्ग, IEE तयारी कार्य, प्रस्तुतिकरण, बैठक भत्ता, खाजा, खाना हलभाडा, पुनरावलोकन तथा समीक्षा लगायतका कार्यमा खर्च गर्न सकिने छ। तयार भएको पञ्चबर्षीय/आवधिक वन व्यवस्थापन योजना र IEE प्रतिवेदन समेत स्वीकृत गराउनु पर्नेछ ।

## २.१७ प्रदेश स्तरिय वन सम्वर्द्धन गोष्ठी

यस कार्यक्रमको मुख्य उद्देश्य प्रदेश स्तरिय सरोकारवालाहरुमा दिगो वन व्यवस्थापन लक्षित क्रियाकलापहरुको बारेमा जानकारी गराउनुको साथै यस लक्ष्य हासिल गर्नको लागि वन व्यवस्थापन गर्न अपनाइएको वन सम्बर्द्धन प्रणालीमा आधारित विभिन्न वन व्यस्थापनका क्रियाकलाप र सो सम्बन्धमा भएका नियमहरु सरोकारवालाहरुलाई जानकारी प्रवाह गरी वन सम्वर्द्धन प्रणालीमा आधारित वन व्यवस्थापन कार्यक्रमलाई सुदृढ गर्ने रहेको छ।

यस कार्यक्रमको लागि विनियोजित बजेटबाट सूचना प्रकाशन, सरोकारवालासँग छलफल, अन्तरक्रिया गोष्ठी, इन्धन, विज्ञ सेवा खरिद/परामर्श सेवा खरिद, प्रचार प्रसार, टि सर्ट, झोला, टोपी, स्टेशनरी, टाइपिङ्ग, प्रिन्टिङ वाइन्डिङ्ग, प्रस्तुतिकरण, दैनिक भ्रमण भत्ता, बैठक भत्ता, खाजा, खाना, बाँस खर्च, हलभाडा, सवारी/गाडी भाडा, इन्धन लगायतमा खर्च गर्न सकिने छ।

# परिच्छेद ३: जडिबुटी तथा गैरकाष्ठ वन पैदावार विकास कार्यक्रम (३२९०००१३)

## ३.१ बहुउपयोगी जडिबुटी तथा गै.का.व.पै. खेति विस्तार (उच्चमुल्यका प्रजाति समेत)

**(तेजपात खेती विकास तथा प्रवर्द्धन कार्यक्रम, पाषणवेद र सतुवा विकास कार्यक्रम, टिमुर खेती विकाश तथा प्रवर्द्धन कार्यक्रम)**

यसमा विनियोजित बजेट बिरुवा ढुवानी, मल खरिद, विरुवा वितरण, बिरुवा रोपणको स्थलगत अभ्यास र आवश्यकता अनुसार बारबेर तथा हेरालू परिचालनमा खर्च गर्न सकिनेछ। यस कार्यमा विनियोजित भएको रकम मध्ये वास्तविक खर्चको आधारमा वढीमा २ प्रतिशत रकम उक्त कार्यमा खटिने कर्मचारीको दैनिक भ्रमण भत्ता, इन्धन, खर्च गर्न सकिनेछ । यसरी कार्य सम्पन्न पश्चात् प्रगति प्रतिवेदनमा निम्न विषयहरू समावेश गर्नुपर्नेछ।

- वितरण भएको जडीबुटी बिरुवा, मलको परिमाण,
- लाभान्वित समूह/घरधुरी नामावली तथा विवरण,
- जडीबुटी खेती विस्तार भएको क्षेत्रको विवरण तथा जि.आइ.एस. नक्सा,
- कार्य सञ्चालन पुर्व तथा पश्चातको र कार्य सञ्चालनको फोटो ।

यस शीर्षकबाट निजी कृषकको जग्गामा बहुउपयोगी जडिबुटी तथा गै.का.व.पै. खेति विस्तार गर्न निजी कृषकहरूलाई विरूवा वितरण, ढुवानी सहयोग, खाडल खन्ने कार्यमा सहयोग तथा रोपण कार्यमा प्राविधिक सहयोग गर्न सकिनेछ । यसरी निजी कृषकले जडिबुटी तथा गै.का.व.पै. खेति विस्तार कार्य सम्पादन गर्दा कृषक स्वयमले मलको प्रयोग, रोपण गरिएको विरूवाको संरक्षण तथा आवश्यकता अनुसार सिचाई समेतको प्रबन्ध भएको सुनिश्चित गर्नु पर्दछ ।

## ३.२ जडिबुटी तथा गैर काष्ठ वन पैदावार प्रशोधन केन्द्र स्थापना तथा सञ्चालनमा सहयोग

- **टिमुर प्रशोधन तथा मुल्य अभिवृद्धि कार्यक्रम, ड्रायर, भण्डारण समेत**
- **जडिबुटी उद्यानमा सूचना केन्द्र स्थापना**

यस कार्यक्रमको मूल उद्देश्य जडिबुटी तथा गैरकाष्ठ वन पैदावारमा आधारित सामुदायिक उद्यम विकास र प्रबर्द्धनमा सहयोग गरी प्रशोधन तथा विक्री वितरण सवल र सुदृढ बनाउंदै स्थानीय स्तरमा आय आर्जन र रोजगारीका अवसरहरुको अभिवृद्धी गर्ने रहेको छ । मन्त्रालयबाट गरिएको जडिबुटी प्रशोधन उद्योग स्थापना सम्भाव्यता अध्ययन प्रतिवेदन तथा स्थानीय माग र आवश्यकताका आधारमा ड्रायर खरिद, भण्डारण व्यवस्थापन, सुचना केन्द्र स्थापना, सिप विकाश तथा व्यवसायिकरण तालिम लगायतका कार्यहरुमा स्विकृत लागत अनुमान बमोजिम खर्च गर्न सकिनेछ ।

## ३.३ उच्च पहाडी क्षेत्रमा ओखर विकास कार्यक्रम

आम्दानीको हिसाबले प्रचुर सम्भावना रहेको दाँते ओखरलाई यस प्रदेशको एक मात्र हिमाली जिल्ला रूकुम पुर्वमा विगत वर्षदेखि अभियानकै रूपमा विस्तार गरी कृषकको आयआर्जन र जीविकोपार्जनमा सहयोग पुर्याउने मुख्य उदेश्य रहेको छ । यस कार्यक्रमबाट दाँते ओखरको पकेट क्षेत्र पायक पर्ने गरी नर्सरी स्थापना र सञ्चालन, विजु बिरुवा उत्पादन, कलमी विरुवा उत्पादन, वृक्षारोपण, प्राविधिक सहजिकरण लगायतका

क्रियाकलापहरू सञ्चालन गर्नुपर्नेछ। साथै यस अघि रोपण भएका बिरुवाहरुको नियमित रेखदेख तथा अभिलेखीकरण कार्य समेत गर्नु पर्नेछ। यो कार्यक्रम नविनतम र विशेष कार्यक्रम भएको हुदाँ कार्यालयबाट लक्ष्य, उदेश्य, कार्यनीति, कार्यक्रम, अपेक्षित उपलब्धी, कार्यान्वयन योजना र अनुगमन योजना सहितको बार्षिक कृयाकलाप योजना तयार गर्नुपर्नेछ। उल्लेखित क्रियाकलापमा बजेट विभाजन गरी बार्षिक कृयाकलाप योजना तयार मंसिर महिना भित्र निर्देशनालयबाट स्वीकृत गराई कार्यान्वयन गर्नुपर्नेछ।

## ३.४ जडिबुटी तथा गैरकाष्ठ वन पैदावारको खेती विस्तार, संकलन सम्बन्धि तालिम

- जडिबुटी तथा गैरकाष्ठ वन पैदावारको प्रशोधन तथा बजारीकरण सम्बन्धि तालिम

उल्लिखित कार्यक्रमहरुको लक्ष्य सामुदायिक, सार्वजनिक र निजी जंगगामा जडीबुटी खेती विस्तारका लागि स्थानीय कृषकहरूको क्षमता अभिवृद्धि तथा स्थलगत अभ्यास गर्नु रहेको छ। कार्यक्रममा विनियोजित बजेट क्षमता विकासको लागि स्रोत व्यक्ति तथा सहभागिहरुको लागि खाना, खाजा, यातायात खर्च, तालिम सामाग्री, दैनिक भ्रमण भत्ता, इन्धन, स्टेशनरी आदिमा खर्च गर्न सकिनेछ। कार्य सम्पन्न प्रतिवेदनमा सहभागीहरु तथा स्रोत व्यक्तिको विवरण र कार्य सञ्चालनको फोटोहरू समावेश गर्नुपर्नेछ ।

# परिच्छेद ४: भू संरक्षण तथा जलाधार व्यवस्थापन कार्यक्रम (३२९०००१४)

## ४.१.१ कार्यक्रम कार्यान्वयका लागि साझा सिद्धान्त, प्रक्रिया तथा मार्गदर्शन

- एकीकृत जलाधार व्यवस्थापनलाई नमुना कार्यक्रमको रुपमा प्रदर्शन गर्ने उद्देश्यले प्रत्येक जिल्लामा कम्तीमा एकवटा भू-संरक्षण तथा जलाधार प्रदर्शन स्थलको रुपमा विकास गर्ने,
- संरक्षण कार्यलाई उत्पादनशील, आयमुलक एवं बजारमुखी ढाँचामा सञ्चालन गर्ने,
- चुरे क्षेत्रको जलाधार व्यवस्थापनलाई विशेष प्राथमिकता दिने,
- जलाधार व्यवस्थापनका विविध पक्षहरु बारे प्रचार प्रसार र समन्वय गर्ने,
- जलवायु परिवर्तनका कारणले पर्न सक्ने संभावित जोखिमको आँकलन गरी जलाधार स्तरमा आवश्यक र उपयुक्त अनुकूलन/समानुकूलन एवं विपद् व्यवस्थापनका कार्यक्रम सञ्चालन गर्ने,
- **'Too much water, too little water management'** को अवधारणा अनुरूप, विशेष गरी हिउँद ऋतुमा उत्पन्न हुने 'too little water' को अवस्थालाई मध्यनजर गर्दै पानीको संचय, नवीकरण तथा सतत् उपयोग सुनिश्चित गर्ने कार्यक्रमहरूमा विशेष प्राथमिकता दिइनुपर्नेछ,
- संरक्षणका सम्पूर्ण कार्य र प्रयासहरु उपल्लो भेगको संरक्षण तल्लो भेगको फाइदा भन्ने वैज्ञानिक मान्यताका साथ जिल्लाको उपल्लो जलाधार क्षेत्र र तल्लो जलाधार क्षेत्रमा संगसंगै कार्यक्रमहरु एकीकृत रूपमा संचालन गर्ने,
- प्रदेशमा रहेका जमिनहरुको भू-क्षमताका आधारमा उपयोग गर्ने, भू-क्षय जोखिमयुक्त जमिनको पहिचान गरी संरक्षणका उपायहरु अवलम्बन गर्ने,
- कार्यक्रम सञ्चालन गर्दा सकेसम्म स्थानीय समुदायको आयआर्जन हुने तथा हरियाली प्रवर्द्धन हुने कार्यलाई एकीकृत गरी सञ्चालन गर्ने,
- यस कार्यविधिमा उल्लेख नभएका तर स्वीकृत वार्षिक कार्यक्रम अनुसार कार्य सम्पादन गर्न आवश्यक भएका कार्यक्रमहरु समेत प्रचलित ऐन, नियम, नर्म्स, निर्देशिका, मार्गदर्शन तथा कार्यविधिको परिधि भित्र रही कार्यान्वयन गर्नुपर्ने,
- सकेसम्म कम खर्चिलो भू संरक्षण प्रविधि तथा बायोइन्जिनियरिङ्ग प्रविधिको प्रयोग गरी हरियाली प्रवर्द्धनमा जोड दिनुपर्ने,
- विपद् व्यवस्थापन कार्यक्रम कार्यान्वयन गर्दा सम्बन्धित जिल्ला प्रशासन कार्यालय, स्थानीय तह, डिभिजन वन कार्यालय लगायत अन्य सम्बन्धित निकायसँग समन्वय गर्नु पर्नेछ,
- कार्यक्रम सम्पन्न भए पछि हरेक क्रियाकलापको पार्श्वचित्र (Activity Profile) बनाउनु पर्नेछ ।

## ४.१.२ जनशक्ति व्यवस्थापन तथा समय सीमा

- भू तथा जलाधार व्यवस्थापन कार्यालय अन्तर्गत रहेका मौजुदा जनशक्तिको परिचालन गर्दै जनशक्ति अभाव भएको अवस्थामा प्रचलित ऐन, नियमानुसार सेवा प्रदायकबाट समेत सहयोग लिई कार्यक्रम कार्यान्वयन गर्न सकिनेछ।
- पहिलो त्रैमासिक अवधि सम्ममा स्थान छनौट, बस्तुस्थितिको बिश्लेषण, सर्भे डिजाइन तथा ल.ई.सम्पन्न गरी काम शुरु र चौथो त्रैमासिक भित्र कार्यक्रम कार्यान्वयन गरी स्थानीय समुदायहरुलाई व्यवस्थापनको जिम्मेवारी हस्तान्तरण समेत गर्ने।

### ४.१.३ खरीद र भुक्तानी प्रक्रिया तथा गुणस्तर नियन्त्रण

- कुनै पनि वस्तु वा सेवा खरीद र भुक्तानी गर्दा सार्वजनिक खरीद ऐन, २०६३, सार्वजनिक खरीद नियमावली २०६४, प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ र प्रदेश आर्थिक कार्यविधि नियमावली २०७५ को अधिनमा रही गर्नुपर्नेछ।
- आर्थिक बर्ष २०८२/०८३ को बजेट कार्यान्वयन मार्गदर्शन समेत पालना गर्नु पर्नेछ।
- कार्यक्रमको आवश्यकता अनुसार ग्याबियन तार जालीको काम गर्दा खिया नलाग्ने, स्पेसिफिकेशन भएको मेशिनवाट बुनिएका Heavy Coated G.I. तारजाली प्रचलित कानुन बमोजिम खरीद गर्नु पर्नेछ।
- सबै निर्माण कार्य स्थलमा सो कार्यक्रमसंग सम्बन्धित विवरणहरु (आयोजनाको नाम, लागत रकम, उपभोक्ता समितिको नाम, ठेगाना, लाभान्वित घरघुरी, कार्यक्रमबाट हुने मुख्य मुख्य उपलब्धीहरु आदि) सर्वसाधारणले देख्ने गरी सार्वजनिक गर्नु पर्नेछ।
- लागत, लाभांश, सहभागिता लगायतका विषयमा सार्वजनिक सुनुवाई गर्ने, कार्यक्रमको भुक्तानी पछि उपभोक्ता समूह सदस्यहरु बीच समन्यायिक बाँडफाँड, मर्मत सम्हार, लगायतका विषयमा अनुगमन गर्नुपर्नेछ।
- बिरुवा उत्पादन, समन्वयात्मक गोष्ठी, संरक्षण कार्यको व्यवस्थापन एवं रेखदेख अनुगमन तथा मुल्यांकन तथा वार्षिक प्रगति प्रतिवेदन कार्यक्रम प्रचलित आर्थिक ऐन नियमको परिधिभित्र रही जनशक्ति मार्फत अमानतमा संचालन गर्न सकिनेछ । यी बाहेक भू तथा जलाधार व्यवस्थापनका कार्यहरूको हकमा प्रचलित कानूनका अधिनमा रहि संचालन गर्न सकिनेछ।
- कार्यक्रम कार्यान्वयन गर्दा संभव भए सम्म म्यानुयल रुपमा गर्नु पर्नेछ तर कार्यक्रम /स्थानको प्रकृति हेरी म्यानुयल रुपमा गर्दा निर्माण हुने संरचनाको गुणस्तरमा कमीआउने/ कार्य सम्पन्न हुन बढी समय र लागत लाग्ने देखिएमा यान्त्रिक उपकरण प्रयोग गर्न सकिनेछ।

### ४.२.१ जलवायु परिवर्तन अनुकूलन कार्यक्रम (पानी मुहान, सिमसार संरक्षण)

**उद्देश्य:**

जलवायु परिवर्तनबाट सिर्जित नकारात्मक प्रभाव र असरलाई न्यूनीकरण एवम् व्यवस्थापन गरी मानव जीवनलाई जलवायु अनुकूलित बनाउनुका साथै विकास निर्माणका कार्यलाई दिगो बनाउनु यसको मूल उद्देश्य हो ।

**यस अन्तर्गत सञ्चालन गर्न सकिने कृयाकलापहरु:**

- परम्परागत पोखरीहरुको संरक्षण गर्ने, पुरिएका पोखरी उत्खनन गर्ने, गाउँघरको बाटोमा बग्ने भललाई पोखरी बनाई संकलन गर्ने आदि क्रियाकलापहरु संचालन गरिनेछ,
- स्थान छनौट गर्दा सार्वजनिक ऐलानी, पर्तिक्षेत्र, परम्परागत साना पोखरी भएका क्षेत्रलाई प्राथमिकता दिने, त्यस्तो स्थान नभएमा सामुदायिक वन, राष्ट्रिय वन क्षेत्रमा रूखबिरुवाहरू नभएको तथा समुदायले सिंचाई गर्ने जग्गामा समेत सिचाई र रिचार्ज पोखरी निर्माण गर्न सकिनेछ,
- परम्परागत कुवा, ढुङ्गे धारा र पानीका श्रोतहरुको सरक्षण गर्ने,
- पानी श्रोतको शुक्ष्म जलाधार क्षेत्रमा वृक्षारोपण गर्ने,
- मौजुदा ताल, पोखरी, सिमसार क्षेत्र संरक्षण र Runoff Harvesting dam को निर्माण गरिनेछ,

- पानी श्रोत, सिमसार र संरक्षण पोखरीको तल माथि पहिरो, गल्छी तथा नदि कटान प्रभावित क्षेत्र भएमा सो नियन्त्रण गर्न चेकड्याम, टेवा पर्खाल तथा तटबन्ध लगायतका वायोईन्जिनियरिङ्गको काम गर्न सकिनेछ,
- नदीउकास जग्गामा वृक्षारोपण तथा वेतबास रोपण कार्य गर्ने,
- निर्माण कार्य गर्दा बायोईन्जिनियरिङ्ग प्रविधिलाई प्राथमिकतामा राखि कंकृट कार्यलाई निरुत्साहित गर्ने विशेष गरी रिचार्ज / संरक्षण पोखरी निर्माण कार्यमा पोखरीको पिधमा ढलान नगर्ने,
- नियमित अनुगमन, सुचना पाटीको व्यवस्थापन गर्ने।

कार्य सम्पन्न पश्चात् प्रगति प्रतिवेदनमा कार्य गर्नुपूर्व, कार्यचालु, कार्य सम्पन्न पश्चातको फोटो, नक्शा, लाभान्वित घरधुरी, रोजगारी सिर्जना र रोपेको वा वितरण गरेको बिरुवाको जात र संख्या वृक्षारोपणको क्षेत्रफल, खर्च रकम र गरेको कामको छोटो विवरण आदि उल्लेख गर्नु पर्नेछ।

**अपेक्षित उपलब्धि:**
यस कार्यबाट पानीको उत्पादकत्व र गुणस्तर अभिवृद्धि, वातावरणीय स्वच्छता अभिवृद्धिका साथै स्थानीय समुदायको जीविकोपार्जनमा उल्लेख्य सुधार हुने ।

## ४.२.२ आकस्मिक विपद् व्यवस्थापन तथा प्राकृतिक प्रकोप न्युनीकरण (तारजाली खरिद समेत)

**उद्देश्य:**
जलजन्य विपद् एवम् प्राकृतिक प्रकोपबाट हुने क्षतिको कारण तल्लोतटीय र वरिपरिका क्षेत्रमा सिर्जित नकारात्मक असर र जोखिमहरुको न्यूनीकरण र व्यवस्थापन गरी स्थानीय समुदायको जनजीवनलाई सहज बनाउने। **यस अन्तर्गत सञ्चालन गर्न सकिने कृयाकलापहरु:** पहिरो उपचार, गल्छी/खोल्साखोल्सी उपचार, खहरे नियन्त्रण, खोलाकिनार संरक्षण, तारजाली खरिद, कार्यक्रमहरुको अनुगमन तथा मुल्यांकन र वार्षिक प्रगति प्रतिवेदन तयारी एवं प्रकाशन समेत रहेको छ। साथै, आवश्यकता अनुसार बायोईन्जिनियरिङ्ग कार्यलाई समेत गर्न सकिनेछ।

कार्य संचालन गर्दा स्थानीय उपभोक्ताको सहभागिता र सहकार्य लाई प्राथमिकता दिई सञ्चालन गर्नु पर्नेछ। तटबन्धन, स्पर र चेकड्याम जस्ता संरचना निर्माण गर्नु पर्ने भएमा नदीको लागि आवश्यक ठाउँ छोडेर मात्र निर्माण गर्नु पर्नेछ र तटबन्धको संरचना निर्माण गर्दा प्राविधिक रुपमा आवश्यक पर्ने लञ्चिङ एप्रोन, डाइक र स्परहरुको व्यवस्था गर्नु पर्नेछ। क्रियाकलाप सञ्चालन गर्दा एकीकृत जलाधार व्यवस्थापन अवधारणानुरुप प्याकेजमा गर्न सकिनेछ । यस अन्तर्गत निम्न लिखित क्रियाकलाप सञ्चालन गर्न सकिने छ।

## ४.२.३ दिगो भू व्यवस्थापन (क्षतिग्रस्त भूमि पुनरुत्थान, बिरुवा उत्पादन, फलफूल, डाँले घाँस रोपण आदि)

**उद्देश्य:**
जमीनको क्षमता अनुसार उपयुक्त भू उपयोग व्यवस्थापन कार्यबाट प्राकृतिक प्रक्रियाको पुनर्स्थापना गर्दै जमीनको उत्पादकत्व संरक्षण एवम् अभिवृद्धि, जलवायु परिवर्तन अनुकूलन, आयमूलक कार्य, तथा खाद्य आपूर्तिमा टेवा पुर्याई समुदायका मानिसको जीविकोपार्जनलाई सहज बनाउनु ।

यस अन्तर्गत गर्न सकिने कृयाकलापहरु:

- नर्सरी मर्मत सुधार, विभिन्न प्रजातिका बीउ संकलन र खरीद, बिरुवा उत्पादन, बिरुवा वितरण, ~~बिरुवा व्यवस्थापनका लागि आवश्यक जनशक्ति व्यवस्थापन,~~
- बिरुवा उत्पादनका लागि आवश्यक भौतिक संरचना निर्माण,
- क्षतिग्रस्त भूमि पुनरोत्थान (भल तर्काउने कुलो, नाला, चेकड्याम, पर्खाल, हरियाली प्रवर्द्धनका कार्य आदि),
- सिल्टेसन व्यवस्थापन,
- हरियाली प्रवर्द्धनका साथै आय सिर्जनाका लागि फलफूलका बिरुवा उत्पादन, खरीद तथा वितरण ।

भू संरक्षणको दृष्टिकोणले-महत्वपूर्ण डालेघाँस, भूईघाँस तथा अन्य फलफूल तथा बायोइन्जिनियरिङ प्रजातिका बिरुवाहरु उत्पादन गरी वृक्षारोपण गर्न अभिप्रेरणा जगाई भु संरक्षण तथा माटोको उर्वरा शक्तिलाई कायमै राख्न यो क्रियाकलाप संचालन गरिनेछ ।बिरुवा वितरण गर्दा भुक्षय भएका र हुन सक्ने स्थानमा रोपण कार्यका लागि जनसहभागिता परिचालन गरिनेछ ।

## ४.२.४ विकासका पुर्वाधार संरक्षण कार्यक्रम

**उद्देश्य:**

सुरक्षित जिवनयापन र दिगो बिकासका लागि आधारभूत विकासका पूर्वाधारहरुको संरक्षण गर्नु ।

**यस अन्तर्गत गर्न सकिने कृयाकलापहरु:**

सिंचाईकुलो संरक्षण, सडकपाखो संरक्षण, संरक्षणपेटी विकास (Shelterbelt Development), अवरोधपेटी विकास (Buffer Strip Development), गोरेटो सुधार तथा संरक्षण, वस्ती संरक्षण, विद्यालय लगायतका अन्य भौतिक संरचना संरक्षण ।

यो कार्यक्रम बिकास पूर्बधारहरुलाई जलउत्पन्न प्रकोपबाट बचाउन सञ्चालन गरिनेछ। बिभिन्न निकायहरुबाट निर्माण भएका बिकासका पुर्वाधारहरुको संरक्षणका लागि उक्त संरचनाहरुलाई पहिरो बाढी लगायतका प्रकोपबाट बचाउने गरि क्रियाकलापहरु सन्चालन गरिनेछ ।

यस कार्यक्रममा तपसिलका उपचार विधि प्रयोग गर्न सकिनेछ:

- भलको व्यवस्थापन तथा पानीको निकास,
- कम खर्चिलो भू संरक्षण प्रविधि,
- Dry Stone, Loose Stone, Brush Wood Checkdam
- Fascine, Pallisade, Wattling, Layering, Rip-Rap, Hedge-row
- Contour trenching, Contour Bunding, Jute Netting
- स-साना ग्याबियन चेकड्याम,रिटेनिङ वाल,ब्रेष्टवाल लगायतका इन्जिनियरिङ संरचना,
- वायो-ईन्जिनियरिङ संरचना जस्तै घाँसरोपण, वाँसरोपण, वृक्षारोपण, हाँगा रोपण आदि,
- सर्भे डिजाईन तथा ल.ई., स्थलगत नक्सा (लोकेशन म्याप), प्रभावित क्षेत्रको भु-उपयोग देखीने खेस्रा नक्सा, विभिन्न भागको लम्बाइ, चौडाइ, गहिराई, माटो तथा भू बनौट, प्रकोपको प्रकृति (Mud Flow, Debris Flow, Gulley Erosion Size, etc) तथा प्रभावित हुने घर परिवार संरचना वा सुरक्षित हुने जग्गा जमीनको क्षेत्रफल जस्ता विषयहरु समावेश हुने छन् ।

### ४.२.५ कम खर्चिलो भु-संरक्षण प्रविधिबाट गल्छी, पहिरो तथा भुक्षय नियन्त्रण कार्यक्रम

यस कार्यक्रमको उद्देश्य ईन्जिनियरिङ संरचना (Engineering Structure) निर्माण गरि गल्छि पहिरो तथा भूक्षय नियन्त्रण कार्य गर्दा खर्चमा मितव्ययिता अपनाई बायोईन्जिनियरिङ प्रविधिबाट भू संरक्षण कार्यको दिगोपनमा प्रभावकारिता अभिबृद्धि गर्न ब्रस लेयरिङ, फेसिन निर्माण (Fascine Construction), पालिसेड (Palisade), बासको क्रिबवाल, जुट नेटिङ, घाँस रोपण, बाँस रोपण, हेज रो इत्यादी कार्य गरी भू-संरक्षणको कार्य गर्नु रहेकोछ । यसमा विनियोजित रकम स्वीकृत डिजाईन तथा लागत अनुमानको परिधिमा रही बायोईन्जिनियरिङ कार्यमा खर्च गर्नु पर्नेछ। आवश्यक परेमा सेवा प्रदायकबाट विज्ञ सेवा लिई समेत काम गराउन सकिनेछ ।

### ४.२.६ उपजलाधार क्षेत्रको प्राथमिकिकरण

यस कार्यक्रमको उद्देश्य लुम्बिनी प्रदेशमा भएका हालसम्म प्राथमिकिकरण नभएका उपजलाधारहरूको Land Use, Land System, Erosion Potential तथा Population Density/Anthropogenic distrubance को आधारमा भु संरक्षण तथा जलाधार व्यवस्थापन कार्य प्राथमिकिकरण गर्नु हो । यसरी तयार भएको उपजलाधार क्षेत्रको प्राथमिकिकरण भू संरक्षण तथा जलाधार व्यवस्थापन कार्यको योजना तर्जुमामा प्रयोग गर्न सकिनेछ । भू तथा जलाधार व्यवस्थापन कार्यालयले प्रत्येक जिल्लाको छुट्टाछुट्टै उपजलाधार क्षेत्रको प्राथमिकिकरण Sub Watershed prioritization गरी सो को प्रतिवेदन निर्देशनालय र मन्त्रालयमा पेश गर्नुपर्नेछ । यस शीर्षकमा विनियोजन भएको बजेट सरोकारवालाहरुसँग अन्तरकृया, तथ्याङ्क संकलन, नक्शा र प्रतिवेदन तयारी तथा प्रकाशन समेतमा खर्च गर्न सकिनेछ । यस शिर्षकको रकमबाट Sub Watershed Management Plan समेत तयारी गर्न सकिनेछ ।

(**नोटः** कार्य सम्पन्न पश्चात प्रगति प्रतिवेदनमा कार्य गर्नु पूर्व, कार्य चालु र कार्य सम्पन्न पश्चातको फोटो, नक्शा, क्रियाकलापको नाम र परिमाण, संरक्षण भएको क्षेत्रफल, लाभान्वित घरधुरी, रोजगारी सिर्जना र खर्च रकम तथा गरेको कामको विवरण समेत उल्लेख गर्नु पर्नेछ।)

# परिच्छेद ५: वन क्षेत्र भित्रका खोल्साखोल्सी व्यवस्थापन कार्यक्रम (३२९०००१५)

**५.१ वन क्षेत्र भित्रका खोला/खोल्सी व्यबस्थापन तथा नदीजन्य पदार्थ संकलन(घनफिट लाखमा)**

यस कार्यक्रमको मुख्य उद्देश्य वनक्षेत्र भित्र रहेका खहरे तथा खोलामा ढुङ्गा, बालुवा, गेग्रान थुप्रि खोलाले दिशा परिवर्तन गरि वनक्षेत्रको बिनास तथा बाढीको जोखिमबाट जोगाउने, नदि किनार कटान रोक्ने आदि क्रियाकलाप सन्चालन गरि प्राप्त नदिजन्य पदार्थको विक्रीवितरणवाट प्रदेशको आम्दानी बढाउने रहेको छ। यस शिर्षकबाट खोलाखोल्सी व्यवस्थापन कार्यको लागि आवश्यक वातावरणीय प्रतिवेदन तयारी, प्राविधिक प्रतिवेदन तयारी, सरोकारवालाहरुसँग अन्तक्रिया, अनुगमन तथा मुल्याङ्कन कार्यमा समेत खर्च गर्न सकिनेछ ।

यो कार्यक्रम **वन क्षेत्र भित्रका खोला खोल्सी व्यवस्थापन कार्यविधि, २०८० (संशोधन समेत)** तथा प्रचलित कानुन बमोजिम सञ्चालन गर्नुपर्नेछ । कार्य सम्पन्न पश्चात् प्रगति प्रतिवेदन पेश गर्नुपर्नेछ ।

# परिच्छेद ६: वातावरण तथा जलवायु अनुकूलन कार्यक्रम (३२९०००१६)

## ६.१ स्वच्छ वातावरण एवम् कार्यालय परिसर सौन्दर्यीकरण (कार्यालय)

यस अन्तर्गत विनियोजित रकम कार्यालय सरसफाई, सौन्दर्यमुलक विरूवा रोपण, हरियाली प्रवर्धन, फोहर व्यवस्थान आदीमा खर्च गर्न सकिनेछ ।

यस कार्यक्रमको उद्देश्य जनसम्पर्क हुने मुख्य प्रशासनिक क्षेत्र लगायतका सार्वजनिक स्थलहरूमा सरसफाइ र वातावरण संरक्षणका कार्यक्रमहरू सञ्चालन गरी स्वच्छ वातावरण कायम गर्नु रहेको छ । यस अन्तर्गत विनियोजित रकम बृहत्तर सरसफाई, गमला सहितको सौन्दर्यमुलक विरूवा खरिद/रोपण, हरियाली प्रवर्धन, फोहर व्यवस्थापन, बाटोमा ईन्टरलक ईट्टा/टायल ओछ्याउने कार्य, होर्डिंग वोर्ड आदीमा खर्च गर्न सकिनेछ।

## ६.२ बर, पिपल, समी तथा लाकुरी रोपण तथा चौतारा व्यवस्थापन

यो कार्यक्रमको उद्देश्य सार्वजनिक स्थलमा भएका प्राकृतिक, सांस्कृतिक, ऐतिहासिक, पर्यावरणीय दृष्टिकोणले महत्वपुर्ण रहेका उल्लिखित प्रजातीहरुको संरक्षण एवम् पुराना वर, पिपल, समी, लाकुरी लगायतको चौताराको संरक्षण, मर्मत सुधार तथा उपयुक्त स्थानमा नयाँ चौतारा निर्माण गरी व्यवस्थापन गर्नु रहेको छ। सम्बन्धित डिभिजन वन कार्यालयले आफ्नो कार्यक्षेत्र भित्रको विद्यमान चौतारा संरक्षण, मर्मत सुधार र नयाँ निर्माण तथा व्यवस्थापन गरिने चौताराको विवरण, सो को लागी लागत अनुमान समेत तयार गरी कार्यान्वयन गर्नुपर्नेछ ।

बुद्धशान्ति साझेदारी वनमा चौतारा निर्माण, नवलपरासी (ब.सु.प.) र कनकमणी बुद्धपार्क चौतारी निर्माण, निग्लिहवा कपिलबस्तु समेत यसै बमोजिम गर्न सकिनेछ।

## ६.३ स्कुल वन बगैचा कार्यक्रम

यो कार्यक्रमको उद्देश्य विद्यालयमा हरियाली वातावरण बनाई विद्यार्थीहरुलाई वातावरणीय शिक्षा, र संरक्षण सम्बन्धी व्यवहारिक ज्ञान तथा सीप प्रदान गर्नु हो। यस कार्यक्रमका लागी डिभिजन वन कार्यालयले विद्यालयहरुसँग प्रस्ताव माग गरि उपयुक्त प्रस्तावलाई छनौट गरि कार्यान्वयन गर्नेछ । यस कार्यक्रम अन्तर्गत बहुबर्षिय विरुवा खरिद तथा रोपण (सौन्दर्यमुलक, फलफुलजन्य), बगैचाका लागि क्यारी निर्माण, फोहरमैला व्यवस्थापन, विद्यार्थीहरुका लागि अभिमुखीकरण कार्यक्रम, विरुवा संरक्षणका लागि आवश्यक पर्ने बारबन्देज, मल खरिद आदी कृयाकलापहरु सन्चालन गर्न सकिनेछ ।प्रस्ताव छनौट गर्दा सार्वजनिक विद्यालयलाई प्राथमिकता दिई निम्नअनुसारका विषयवस्तुलाई आधार मान्नु पर्नेछः –

- विद्यालयमा रहेका विद्यार्थी सँख्या,
- विद्यालयको भौगोलिक अवस्थिती (दुर्गम क्षेत्रमा रहेका विद्यालयलाई प्राथमिकता),
- प्रस्तावनाले समेट्ने कृयाकलापहरु,
- विद्यालयको प्रस्ताव कार्यान्वयनमा योगदान,
- मानव वन्यजन्तु द्धन्दबाट प्रभावित क्षेत्र ।

## ६.४ जलवायू परिवर्तन र अनुकुलन रणनीति तयारी

जलवायू परिवर्तन र अनुकुलन रणनीति तयारी गर्दा कार्यक्षेत्रगत शर्त (Terms of Refrence) तयारी, सरोकारवालाहरुसँगको अन्तर्क्रिया, बैठक, मस्यौदा तयारी तथा पुनरावलोकन, प्रस्तुतीकरण, छपाई लगायतका कृयाकलापहरुमा खर्च गर्न सकिनेछ। यो कृयाकलाप आवश्यकता अनुसार परामर्श सेवा खरिद गरि सन्चालन गर्न सकिनेछ ।

## ६.५ फोहोर व्यवस्थापन कार्यक्रम (Reduce Reuse Recycle समेत)

यस कार्यक्रमको उद्देश्य फोहोर उत्पादन न्यूनिकरण (Reduce) गर्ने र उत्पादन भएको फोहोरलाई प्रशोधन तथा पून:प्रयोग योग्य हुने कार्य (Recycle) गरि पून:प्रयोग (Reuse) मा ल्याउन अभिप्रेरित गरी स्वच्छ वातावरण कायम गर्नु हो। यस अन्तर्गत विनियोजित रकमबाट समुदायमा बिबिध कृयाकलापका कारणले उत्पादन हुन सक्ने फोहोरहरूको स्रोतमा नै न्यूनिकरण गर्ने कार्यहरू (प्लाष्टिकजन्य झोला, बोतल तथा अन्य सरसामानको बैकल्पिक प्रयोग), उत्पादित फोहोरलाई स्रोतमा नै बर्गीकरण (segregation) गर्ने, उचित तरिकाले फोहोर संकलन गर्ने, संकलित फोहोरको उचित व्यवस्थापन तथा प्रशोधन गरी पुन प्रयोगमा ल्याउने कार्यहरुमा सहयोग गरिनेछ । यसमा विनियोजित बजेट बाट डस्टवीन खरिद, कपडा अथवा जुटको झोला, कम्पोष्ट पिट र विन, राजमार्ग क्षेत्र सरसफाई तथा आवश्यकता अनुसार प्रचारप्रसार, अन्तर्क्रिया/गोष्ठी, होर्डिंग वोर्ड आदीमा खर्च गर्न सकिनेछ ।

## ६.६ सार्वजनिक स्थल गाउँ/नगर सरसफाइ कार्यक्रम (प्लाष्टिक नियन्त्रण समेत)

यस कार्यक्रमको उद्देश्य बढी भिडभाड हुने बसपार्क, शहरी क्षेत्र, मेला प्रदर्शनी स्थल, विद्यालय क्षेत्र, धार्मिक स्थल, मुख्य प्रशासनिक क्षेत्र लगायतका सार्वजनिक स्थलहरूमा सरसफाइ र वातावरण संरक्षणका कार्यक्रमहरू सञ्चालन गरी स्वच्छ वातावरण कायम गर्नु रहेको छ । यस अन्तर्गत विनियोजित रकम प्लाष्टिक नियन्त्रणलाई प्राथमिकतामा राखी सरसफाई, सौन्दर्यमुलक विरूवा रोपण, हरियाली प्रवर्धन, प्लाष्टिक झोलाको वैकल्पिक प्रयोग प्रवर्द्धन कार्य, फोहर व्यवस्थान केन्द्र स्थापना तथा फोहोर संकलन गर्ने डस्टविन, झाडु, कुचो आदी खरिदमा समेत खर्च गर्न सकिनेछ । यसमा विनियोजित बजेट माथी उल्लेखित कृयाकलाप बाहेक आवश्यकता अनुसार प्रचारप्रसार, अन्तर्क्रिया/गोष्ठी, होर्डिंग वोर्ड आदीमा समेत खर्च गर्न सकिनेछ ।

## ६.७ EIA, IEE को EMP कार्यान्वयन अवस्थाको अनुगमन (प्रतिवेदन सहित)

यस कार्यक्रमको मुख्य उद्देश्य प्रदेश भित्र कार्यान्वयनमा रहेका आयोजनाहरूको स्वीकृत वातावरणीय प्रतिवेदनको कार्यान्वयनको अवस्था सम्वन्धी स्थलगत रूपमा अध्ययन एवम अनुगमन गरी स्वीकृत अध्ययनमा संकलित तथ्यांकहरूको विश्लेषण गरी कार्यान्वयन अवस्थाको यथार्थ चित्रण गर्नु रहेको छ । यसमा विनियोजित रकम अनुगमनको क्रममा सुचना संकलन तथा अनुगमनमा खटिने प्राविधिक/कर्मचारीको दैनिक भ्रमण भत्ता, विज्ञको पारिश्रमिक, प्रयोगशाला परिक्षण, तथ्यांक विश्लेषण, यातायात, प्रतिवेदन लगायतमा खर्च गर्न सकिनेछ । यसरी स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदनहरूको स्थलगत परीक्षण पश्चात समष्टीगत प्रतिवेदन तयार गरी मन्त्रालयमा पेश गर्नुपर्नेछ । प्राप्त प्रतिवेदनको विश्लेषणबाट योजना कार्यान्वयन गर्ने फर्म/सँस्था/उद्योग एवम् निकायहरूको वर्गीकरण गरी आवश्यक सुझाव र प्रचलित कानुन बमोजिम कारवाहीको सिफारिस गर्नु समेत यस शीर्षक अन्तरगतका कार्यहरू पर्दछन्।

## ६.८ जलबायु परीवर्तन र अनुकुलन सम्बन्धी अभिमुखीकरण (जन प्रतिनिधि तथा सरोकारवाला समेत)

यस कार्यक्रमको उद्देश्य जलवायू परिवर्तनका कारण भविष्यमा निम्तिन सक्ने संकटको न्यूनीकरण तथा विभिन्न किसिमका अनुकूलनका लागि अभिमुखीकरण तथा सचेतना अभिवृद्धि गर्नु रहेको छ । यसमा विनियोजित रकम गोष्ठी तथा अन्तरक्रिया कार्यक्रम सन्चालन, सहभागीहरुको दैनिक तथा यातायात खर्च, कर्मचारीहरुको दैनिक भ्रमण खर्च, इन्धन, सवारी साधन मर्मत आदीमा खर्च गरिनेछ ।

## ६.९ जलबायु परीवर्तन र यसको असरबारे प्रदेशका संचारकर्मीको क्षमता अभिवृद्धि कार्यक्रम

यस कार्यक्रमको उद्देश्य जलवायू परिवर्तनका कारण भविष्यमा निम्तिन सक्ने संकटको न्यूनीकरण तथा विभिन्न किसिमका अनुकूलनका लागि संचारकर्मीहरुलाई अभिमुखीकरण तथा सचेतना अभिवृद्धि गरी संचार माध्यमबाट जनचेतना अभिवृद्धी गर्नु रहेको छ । यसमा विनियोजित रकम गोष्ठी तथा अन्तरक्रिया कार्यक्रम सन्चालन, सहभागीहरुको दैनिक तथा यातायात खर्च, कर्मचारीहरुको दैनिक भ्रमण खर्च, इन्धन, सवारी साधन मर्मत आदीमा खर्च गरिनेछ ।

# परिच्छेद ७: वन उद्यम र पर्यापर्यटन प्रवर्द्धन कार्यक्रम (३२९०००१७)

## ७.१ वन उद्यम प्रवर्द्धन कार्यक्रम

### ७.१.१ जडीबुटी तथा काष्ठजन्य उद्यम विकासमा सहयोग (निजी, सहकारी, सामुदायिक, साझेदारी)

यस कार्यक्रमको मुल उद्देश्य जडीबुटी, गैहृकाष्ठजन्य तथा काष्ठजन्य वन पैदावरमा आधारित निजी, सहकारी, सामुदायिक र साझेदारी उद्यमको विकास र प्रवर्द्धनमा सहयोग गरि प्रशोधन तथा बिक्री वितरण सवल र सुदृढ बनाउँदै स्थानीय स्तरमा आय आर्जन र रोजगारीका अवसरहरुको अभिवृद्धि गर्ने रहेको छ। यस कार्यक्रम अन्तर्गत मूल्य अभिवृद्धि गर्न आवश्यक पर्ने संकलन, प्रशोधन र भण्डारण विधि लगायतका प्रवर्धनात्मक कार्यहरुमा सहयोग पुग्ने प्रविधि र क्षमता विकास कार्यहरु, स्थानीय स्तरमा कच्चा पदार्थ उपलब्ध भै सञ्चालन हुन सक्ने वा भैरहेका लघु उद्यमहरुमा प्रविधि तथा उपकरणहरुको सहयोग गर्न सकिने छ।

वातावरणवाट दिगो रुपमा प्राप्त हुने काठ, वाँस, बेत, निगालो, अमृसो लगायतका अन्य गैहृकाष्ठ तथा जडीबुटीजन्य उद्यमका लागि मन्त्रालयले प्रस्ताव आह्वान गर्न कम्तिमा १५ दिनको म्याद राखी सार्वजनिक सूचना प्रकाशन गर्नुपर्नेछ। प्रस्तावना पेश गर्दा उद्यमका लागि प्रशस्त कच्चा पदार्थ भएको वा हुन सक्ने र प्रस्तावित उद्यमवाट उत्पादित वस्तुको माग तथा वजार भएको हुनु पर्नेछ । कच्चा पदार्थको नियमित प्राप्ति, सृजना हुने रोजगारी, वातावरणमा पार्ने सकारात्मक प्रभाव, स्रोतको सदुपयोग लगायतका सुचकका आधारमा प्राप्त प्रस्ताव मूल्यांकन गरी सवैभन्दा उत्तम प्रस्ताव छनौट गर्ने र संझौता गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्नेछ ।गत बर्ष अनुदान लिइसकेका तथा उत्कृष्ट कार्यसम्पादन गरिरहेका उद्यमहरुले समेत गत बर्ष भन्दा अन्य कामको प्रस्ताव पेश गर्न पाउनेछन् ।

निजी उद्यमको हकमा कुल लागतको ५० प्रतिशत अनुदान दिने र सहकारी, सामुदायिक वा अन्य साझेदारीको हकमा वढीमा ७५ प्रतिशतसम्म अनुदान यस शिर्षकको रकमवाट खर्च गर्न सकिने छ । पहिलो किस्ता एक तिहाई र वाँकी अंश वढीमा २ किस्तामा भूक्तानी गर्न सकिने छ । कुल विनियोजित बजेटको ४ प्रतिशत नवढ्ने गरी सहजिकरण, सूचना प्रकाशन, अनुगमन इन्धन र पुजीगत कार्यमा खर्च गर्न सकिने छ। यसरी कार्य सम्पन्न पश्चात् प्रगति प्रतिवेदनमा निम्न विषयहरू समावेश गर्नुपर्नेछः

- उद्यमको नाम, संचालक र ठेगाना,
- उद्यम रहेको स्थान (अवस्थिति सहित),
- उद्यमको प्रकार निजी, सहकारी, साझेदारी, समुदाय,
- उद्यमवाट उत्पादन हुने वस्तु तथा सेवा,
- कुल लागत र अनुदान तथा उद्यमीको अंश,
- रोजगारी अनुमानित श्रमदिन प्रतिवर्ष,
- उद्यम स्थलमा राखिएको माथिका विवरण देखिने सुचना पाटीको फोटो ।

उद्यम संचालक, उद्यम र उत्पादिन वस्तु सवै एकमुष्ट प्रष्ट देखिने फोटो, मेसिन औजार अनुदानमा खरिद गरेको भए उक्त मेसिनमा पनि सम्बन्धित कार्यालयबाट प्रदान गरेको अनुदान प्रतिशत समेत खुलाइ सबैले देखिने स्थानमा उल्लेख गरिएको हुनुपर्ने र सो को फोटो समेत कार्यसम्पन्न प्रतिवेदन साथ पेश गर्नु पर्ने छ।

## ७.२ पर्यापर्यटनमा आधारित संरक्षित वन विकास कार्यक्रम (कार्यायोजना निर्माण/परिमार्जन समेत)

यस कार्यक्रमको मुख्य उद्देश्य धार्मिक, साँस्कृतिक, ऐतिहासिक, वातावरणीय तथा जैविक विविधताका हिसाबले विशेष महत्व बोकेका क्षेत्रहरूको स्थानीय जनसमुदायहरुको सहभागितामा संरक्षणमा प्रभावकारिता ल्याउनु हो । हाल प्रदेशमा रहेका घोषणा भएका र घोषणाको प्रकृयामा रहेका प्रस्तावित संरक्षित वनहरूमा पर्यापर्यटनको विकास र प्रवर्द्धन गरी स्थानीय रोजगारी, आय आर्जन तथा जीविकोपार्जनमा सघाउ पुर्याउनु यो कार्यक्रमको लक्ष्य रहेको छ । कार्यक्रम सञ्चालन गर्नका लागि संरक्षित वन परिषद् गठन भएको र सक्रिय रहेको स्थानमा सोही परिषदबाट र अन्यथा डिभिजन वन कार्यालयको अगुवाईमा प्रमुख सरोकारवालाहरु (सम्बन्धित क्षेत्रका सामुदायिक वन, कबुलियती वन, निजी वन, धार्मिक वन, सम्बन्धित स्थानीय तहका जनप्रतिनिधी लगायतका सरोकारवालाहरु संग) को समन्वयमा आवश्यक परेमा बैठकबाट निर्णय समेत गरि विनियोजित बजेटको अधीनमा रही क्रियाकलापहरूको प्राथमिकीकरण तथा निर्णय गरी निम्नानुसार क्रियाकलापहरू सञ्चालन गर्नु पर्ने।

- दुर्लभ तथा लोपोन्मूख एवं आर्थिक महत्व भएका प्रजातिहरूको हटस्पटहरूको पहिचान गरी स्वःस्थानीय तथा परस्थानीय संरक्षण,
- परिषद् र सरोकारवालाहरूलाई नियमित बैठक, तालिम, अध्ययन अवलोकन भ्रमण,
- खानेपानी मुल संरक्षण, वन्यजन्तुका लागि पानी पोखरी, परम्परागत पोखरी संरक्षण, वर पिपल लाकुरीका चौतारी संरक्षण तथा रोपण,
- वन संरक्षण क्षेत्र भित्रका धार्मिक एवं साँस्कृतिक सम्पदाको संरक्षण, अभिलेखिकरण तथा सूचना केन्द्र विकास,
- कोरिडोर र कनेक्टिभिटी पुनर्स्थापन गर्नका लागि वन्यजन्तु मैत्री तरिकाले स्थानीय वनस्पति प्रजाति रोपण तथा संरक्षण,
- संरक्षित वनमा निर्भर भएका समुदायको आयमूलक कार्यक्रम, सुधारिएको चुल्हो र सोलार लगायतको वैकल्पिक उर्जामा सहयोग,
- मानव वन्यजन्तु द्वन्द्व न्यूनिकरण र व्यवस्थापनका क्रियाकलापहरू सञ्चालन,
- पर्यटन पदमार्ग सुधार तथा निर्माण, प्रतिक्षालय, पर्यटकको चाप हुने क्षेत्रमा सार्वजनिक शौचालय निर्माण तथा मर्मत सुधार ,न्यूनतम लागत र न्यूनतम भौतिक संरचनामा दृश्यावलोकन विन्दुहरूको विकास,
- सम्बन्धित वन संरक्षण क्षेत्रको कार्ययोजना तयारी, सो भित्रका सामुदायिक वन, कवुलियती वन, धार्मिक वनहरुको नविकरण,
- वन सम्वर्द्धनका क्रियाकलापहरू,
- जनचेतनामुलक क्रियाकलाप, प्रचार प्रसार तथा बिभिन्न दिवस समारोह लिफलेट, पुस्तिका प्रकाशन र वितरण,
- सरसफाई अभियान, प्लाष्टिक रहित क्षेत्र वनाउने क्रियाकलाप र यसका लागि सामुदायिक वन, होमस्टे, आमा समूह, युवा क्लव आदिको परिचालन,
- संरक्षण सम्बन्धी स्कुल शिक्षा कार्यक्रम सञ्चालन,
- वन्यजन्तु एवं लोपोन्मुख वनस्पति तथा जडीबुटी चोरी/शिकारी नियन्त्रणका लागि स्थानीय गस्ती परिचालन, सुराकी परिचालन, वन हेरालु परिचालन, संरक्षण गस्ती परिचालनको लागि सवारी साधन मर्मत, इन्धन लगायतमा खर्च गर्न सकिने,

- अनियन्त्रित आगलागी नियन्त्रणका लागि सामाग्री खरिद, उपयोग सम्बन्धी तालिम, समूह परिचालन, गस्ती तथा आगलागि नियन्त्रमा खट्नेका लागि प्रति दिन प्रति व्यक्ति रु २०० सम्म खाजा तथा पानीको रुपमा खर्च गर्न सकिने,
- वनमा आगलागी निभाउन जाँदा वा गस्ती गर्दा दुर्घटना भएमा बढीमा ५० हजार सम्म प्रहरी मुचुल्का, स्थानीय निकाय, सम्बन्धित संरक्षित वन र चिकित्सकको सिफारिसका आधारमा उपचारको लागि खर्च गर्न सकिने,
- स्वीकृत कार्ययोजना भएको हकमा उक्त कार्ययोजनाले निर्दिष्ट गरेका प्राथमिकता प्राप्त क्रियाकलापहरु तथा सम्बन्धित वन संरक्षण परिषद वा सरोकारवालाहरुको बैठकले निर्धारण गरेका र संरक्षित वनको उदेश्यमा सघाउ पुऱ्याउने प्रष्ट आधार भएका अन्य क्रियाकलापहरु,
- डिभिजन वा पाएक पर्ने सव डिभिजन वन कार्यालयमा संरक्षित वनको कार्यालय सञ्चालन गरी आवश्यकता अनुसार कार्यालय सामाग्रीहरु,
- सार्वजनिक सुनुवाई तथा सरोकारवालाहरूको कार्यक्रम अनुगमन भ्रमण ।

उल्लेखित कार्यक्रमहरूको तयारी र कार्यान्वयन सहजिकरणका लागि संरक्षित वनमा कम्तिमा वन विज्ञानमा प्रमाणपत्र तह उत्तिर्ण १ जना रेञ्जर र कम्तिमा SEE पास गरेको १ जना स्थानीय सहजकर्ता राख्न सकिनेछ। यसरी नियुक्त गरेका रेन्जरलाइ बढीमा शुरु नियुक्तिको तलव स्केल र सहजकर्तालाइ बढीमा १५ हजार सम्म मासिक खर्च गर्न सकिनेछ। यस पर्यापर्यटनमा आधारित संरक्षित वन विकास कार्यक्रम अन्तर्गत निम्न कार्यक्रमहरु सञ्चालन हुने छन्।


१. **खाता क्षेत्र पर्यापर्यटन तथा संरक्षित वन विकास कार्यक्रम, बर्दिया**
२. **मदाने क्षेत्र पर्यापर्यटन तथा संरक्षित वन विकास कार्यक्रम, गुल्मी**
३. **रेसुंगा क्षेत्र पर्यापर्यटन तथा संरक्षित वन विकास कार्यक्रम, गुल्मी**
४. **थाप्ले सत्यवती, सालिमेदह क्षेत्र पर्यापर्यटन तथा संरक्षित वन विकास कार्यक्रम, गुल्मी**
५. **गौमुखी क्षेत्र पर्यापर्यटन तथा संरक्षित वन विकास कार्यक्रम, प्यूठान**
६. **जलजला क्षेत्र पर्यापर्यटन तथा वन संरक्षण कार्यक्रम, रोल्पा**


## ७.३ नक्षत्र बाटीका निर्माण

प्रकृति, संस्कृति र पर्यावरणको सन्तुलन कायम गर्ने उदेश्यले नक्षत्र वाटीका निर्माण गरिनेछ ।प्रचलित नर्मसको परिधिको भित्र रहि स्विकृत लागत अनुमान बमोजिम नक्षत्र बाटीका निर्माण कार्य गर्नुपर्नेछ। यसको नमुना निम्नानुसार रहेको छ ।

लुम्बिनी प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

# प्रकृति र संस्कृतिको संगमः नक्षत्र वाटिका !






चित्रः नक्षत्र बाटिका

[stamp: ... वन तथा वातावरण मन्त्रालय ... (देउखुरी), नेपाल]

# परिच्छेद ८: कृषि वन तथा बृहत्तर हरियाली प्रवर्द्धन कार्यक्रम (३२९०००१८)

## ८.१ प्रदेश राजधानी सौन्दर्यीकरण अभियान

यस कार्यक्रमको मुख्य उदेश्य लुम्बिनी प्रदेशको राजधानी क्षेत्रलाई वातावरण मैत्री एवम् हरियाली प्रर्द्धन गरी सौन्दर्यीकरण गर्नु यस कार्यक्रमको उदेश्य रहेको छ । यस अन्तर्गत राजधानी परिषर एवम् वरपर बगैचा निर्माण, सौन्दर्यमुलक एवम् बाह्रै महिना हरियाली हुने विरुवा तथा फलफुलका विरुवाहरु समेत रोपण गरिनेछ साथै सडक किनारामा सौन्दर्यमूलक विरुवा, फुल रोपण, गमला खरिद, विरुवा संरक्षणको लागि बारवन्देज/Tree guard खरिद, विरुवा खरिद, होर्डिङ्ग बोर्ड खरिद, र ढुवानी समेतमा खर्च गर्न गर्न सकिने छ।

## ८.२ नर्सरी मर्मत तथा स्तरोन्नति

यो कार्यक्रमको उद्देश्य निर्माण भएका स्थायी नर्सरीहरुको मर्मत तथा स्तरोन्नति गरी गुणस्तरयुक्त बिरुवा उत्पादन गर्ने रहेको छ। यसका साथै नर्सरीमा बाह्रै महिना बिरुवा उपलब्ध हुने गरी सिंचाईको स्थायी व्यवस्था (Perennial source of water), स्थायी रुपमा फेन्सिङ वा पर्खाल, स्टोरहाउस, कम्पोष्टपिट, सेडहाउस, हरेक बेडमा पाइप जडान गरी स्प्रिङ्कल सिंचाइको व्यवस्था, नर्सरी बेड स्तरोन्नति, बाटो स्तरोन्नति, बत्तीको व्यवस्था गरी स्थायी रूपमा नर्सरी सञ्चालन हुने गरी निर्माण गर्नुपर्नेछ । यस किसिमको नर्सरी सञ्चालनको लागि बाह्रै महिना काम गर्ने गरि नर्सरी नाइकेको व्यवस्था मिलाउन सकिनेछ। यस खालको नर्सरीमा बहुबर्षे तथा अग्ला साईजका बिरुवा समेत उत्पादन गर्नुपर्ने भएकोले यो कार्य गर्दा यस विषय समेत विचार पुर्‍याउनु पर्नेछ। नर्सरी राखिएको स्थानमा स्पष्ट देखिने गरी सुचना पाटी राख्नु पर्नेछ । कार्यक्रम सम्पन्न पछि प्रगति प्रतिवेदनमा निम्न बुँदाहरु समाबेश गर्नुपर्नेछ ।

- नर्सरी मर्मत तथा स्तरउन्नति गरिएको स्थान, फोटो तथा नक्शाहरु,
- सिर्जना भएको रोजगारी श्रमदिन,
- निर्माण गर्दा गरेको कामहरु, लागेको खर्च र कार्य सम्पन्न प्रतिवेदन ।

## ८.३ गत वर्षको बिरुवा स्याहार सम्भार (बहुवर्षीयको रुपमा अल्या भइ आएको)

गत विगत बर्षहरूमा उत्पादन गरी यस आर्थिक बर्षमा अल्या भई आएको बिरुवाहरूलाई बहुबर्षे स्वस्थ बिरुवाको रूपमा हुर्काउनु यस कार्यक्रमको उद्देश्य रहेको छ । विगत वर्षमा बहुबर्षे बिरुवा उत्पादनको लक्ष्य राखी उत्पादन भएका तथा बिरुवा वितरण तथा बृक्षारोपणको सिजनमा बृक्षारोपणको लागि तयार नभई बाकी रहेको बिरूवाहरूलाई आम्दानी बाधी बिरुवाको वासलात (Plant Balance Sheet) विवरण तयार गरि राख्नुपर्नेछ। यसरी विभिन्न स्थानमा रहेका बिरुवाहरूलाई आवश्यकता अनुसार एकत्रित गर्ने, उचित स्याहार सम्भार, सिचाई, गोडमेल, ग्रेडिङ, ठुला बिरुवाका लागि स्पेश मेन्टेन, रूट प्रुनिङ, आवश्यकता अनुसार मलजल, पोलिथैलामा माटो पुनभरण, छाहारी व्यवस्थापन, औषधोपचार तथा आवश्यकता अनुसार नर्सरी सञ्चालनका लागि अन्य सामग्रीको व्यवस्थापन समेतको कार्यमा यस शीर्षकमा विनियोजन भएको रकम खर्च गरी बृक्षारोपण लायक स्वस्थ तथा परिपक्क बिरुवा वनाउनु पर्नेछ । यस शीर्षकमा विनियोजित भएको रकमबाट नर्सरी नाइके राखी बिरुवा स्याहार सम्भार गरिनेछ ।

यसरी उत्पादन हुने बिरुवाहरू विभिन्न दिवस, समारोह, कार्यालय परिसर, सडक बृक्षारोपण, विगत वर्षहरूमा बृक्षारोपण भएको क्षेत्रमा आवश्यक्ता अनुसार पुनरोपण, अतिक्रमण हटाइएको तथा अन्य खाली वन क्षेत्रमा गरिने बृक्षारोपणको लागि वितरण गरिनेछ । ~~बिरुवा उत्पादन भई वितरण गर्दा बहुबर्षे बिरुवाको अलग्गै~~ बिरुवा मौज्दात तथा वितरण रजिष्टर खडा गरी बिरुवा वितरण लगत अद्यावधिक गरी राख्नुपर्नेछ । कार्यक्रम सम्पन्न पछि प्रगतिमा निम्न बुदाँहरु समावेश गर्नुपर्नेछ।

- स्याहार सम्भार गरिएको नर्सरी अनुसारको बिरुवाहरुको प्रजाति, साइज र संख्या,
- वितरणको लगत: सरकारद्वारा व्यवस्थित वन, नदी उकास क्षेत्र, सामुदायिक वन, निजी वन तथा आवादी जग्गामा, सार्वजनिक पर्ति जग्गामा रोपण गर्न तथा अन्य बृक्षारोपणको विवरण,
- स्याहार सम्भार, वितरण तथा बृक्षारोपणको फोटो ।

## ८.४ आगामी वर्षका लागि बिरुवा उत्पादन (बहुवर्षीय)

स-साना बिरुवाहरू बृक्षारोपण गर्दा धेरै स्याहार सम्भार गर्न पर्ने र Plant Mortality पनि धेरै नै हुनसक्ने भएकोले बृक्षारोपण क्षेत्रमा अधिकतम Survival Rate को लागि ठुला र परिपक्क बिरुवा रोपणलाई अभिप्रेरित गर्न नर्सरीहरूमा बहुवर्षिय बिरुवा उत्पादन गर्नु यस कार्यक्रमको मुख्य उद्देश्य रहेको छ ।

यस कार्यक्रम अनुसार कम्तिमा एक मिटर उचाईका बिरुवा (अति ढिलो बढ्ने प्रजाति बाहेक) हुने गरी वहुवर्षीय बिरुवा उत्पादनमा जोड दिएको छ । नर्सरीमा बहुबर्षे बिरुवा उत्पादन गर्दा लामो समयसम्म बिरुवालाई नर्सरीमै राखी स्याहार गर्नुपर्ने भएकोले कम्तिमा ४"x७" वा सो भन्दा वढीको साइजका पोलिथिन थैला प्रयोग गर्नुपर्नेछ । प्रजाति छनौट गर्दा सडक किनारा तथा शहरी क्षेत्रका लागि आवश्यक पर्ने, विभिन्न महोत्वस समारोहको लागि आवश्यक पर्ने र नियमित बृक्षारोपणका लागि आवश्यक तर ढिलो बढ्ने प्रजातिका बिरुवाहरूलाई प्राथमिकता दिनुपर्नेछ । यस कार्यक्रमबाट चालु आ.व.को यथासम्भव छिटो बिरुवा उत्पादन कार्य सुरू गरी आगामी आ.व.हरूमा मात्र प्रयोग हुने गरी उत्पादन गरिने हुँदा आषाढ मसान्तमा आम्दानी बाँधी सोको जानकारी वन निर्देशनालय र मन्त्रालयमा पठाउनु पर्नेछ ।

कार्यक्रम सम्पन्न पश्चात प्रगति प्रतिवेदनमा निम्न बुँदाहरु समावेश गर्नुपर्नेछ ।

- उत्पादित बिरुवाहरुको जात र संख्या (पोलिथैला साइज अनुसारको बिरुवा सँख्या),
- नर्सरी भएको स्थानको जि.पी.एस कोर्डिनेट सहितको ठाउ ठेगाना,
- बिरुवा उत्पादन रजिष्टर,
- बिरुवा वितरण रजिष्टरमा बिरुवा प्राप्त गर्ने सँघ, संस्था, समूह, व्यक्तिको नाम, ठेगाना, सम्पर्क नम्बर, बिरुवा जात सँख्या, रोपिने स्थान सहितको विवरण,
- विभिन्न क्रियाकलापहरुको फोटो ।

**पुनश्च:** यस कार्यक्रम अन्तरगत ढिलो बढ्ने र बहुमूल्य प्रजातिका विरुवाहरु उत्पादन गर्नुपर्नेछ तर मसला, बकाईनो, ईपिलईपिल, खयर, टिक (कटिङ्ग), शितलचिनी, किम्बु आदी छिटो बढ्ने प्रजातिहरुलाई बहुबर्षिय विरुवाको रुपमा उत्पादन गर्न पाईने छैन ।

## ८.५ चालु आ.व.को लागि बिरुवा उत्पादन (एक वर्षीय)

जिल्लामा खाली रहेको निजी, सार्वजनिक तथा वनक्षेत्रमा वृक्षारोपण गर्न, समुदायको जग्गामा बिरुवा रोपण गरी रुखले ढाकेको क्षेत्रको बिस्तार गर्न बिरुवा उत्पादन कार्ययोजना वनाई यो कार्यक्रम सञ्चालन गर्नु पर्नेछ । प्रजातिहरू छनौट गर्दा उपभोक्ताहरुको रुचि र कृषि वनको लागि आवश्यक, कार्यालयको बार्षिक

कार्यक्रममा उल्लेखित बृक्षारोपणको लक्ष्यलाई आधार मानी विभिन्न प्रकारका रुख, काष्ठ तथा अन्य बहुउपयोगी प्रजातिलाई प्राथमिकता दिनुपर्नेछ। बिरुवा उत्पादनको कार्यदिश दिदा अनिवार्य रूपमा प्रजाति किटान गर्नुपर्नेछ । कार्यालय आफैले नर्सरी संचालन गर्दा सम्भव भए सम्म वीउ स्रोत, समयतालिका आदि समेत खुल्ने गरी डिभिजनल वन अधिकृतबाट प्रमाणित गरिएको बिरुवा उत्पादन रजिष्टर राख्नु पर्नेछ र रजिस्टरमा बिरुवा वितरणको विवरण अनिवार्य रुपमा राख्नु पर्दछ ।

बिरुवा वितरण गर्दा सबै प्रकारका वनहरु जस्तैः सरकारद्वारा व्यवस्थित वन, सामुदायिक वन, निजी वनहरु आदिमा जनसहभागिता परिचालन गरी वृक्षारोपण गर्न अभिप्रेरित गरिनेछ ।

कार्यक्रम सम्पन्न पश्चात प्रगति प्रतिवेदनमा निम्न बुँदाहरु समावेश गर्नुपर्नेछ ।

- उत्पादित बिरुवाहरुको जात र संख्या (पोलिथैला साइज अनुसारको बिरुवा सँख्या),
- नर्सरी भएको स्थानको जि.पी.एस कोर्डिनेट सहितको ठाउ ठेगाना,
- बिरुवा उत्पादन रजिष्टर,
- बिरुवा वितरण रजिष्टरमा बिरुवा प्राप्त गर्ने सँघ, संस्था, समूह, व्यक्तिको नाम, ठेगाना, सम्पर्क नम्बर, बिरुवा जात सँख्या, रोपिने स्थान सहितको विवरण,
- विभिन्न क्रियाकलापहरुको फोटो ।

## ८.६ अनुसन्धानमुलक वन नर्सरी (अनुसन्धान, सञ्चानल ईत्यादि)

यस कार्यक्रमको उद्देश्य वन नर्सरीहरूमा स्वस्थ बिरुवा उत्पादन गर्न विभिन्न प्रविधिको अनुसन्धान गरी अन्य नर्सरीहरुमा बिरुवा उत्पादन गर्दा नविनतम तथा प्रभावकारी विधि सिफारिश गर्नु रहेको छ । यस कार्यक्रममा बिनियोजित रकम नर्सरीमा भएका संरचनाहरु (बेड, ग्लास हाउस, सेडहाउस, ग्रीन हाउस, तारवार, बाटो लगायत) मर्मत गरी कार्य सञ्चालनमा ल्याउने, सरसफाई गर्ने र आवश्यकता अनुसार स्तरउन्नती गर्ने, स्थायी रुपमा बोरिङ्ग तथा अन्य उपयूक्त प्रविधि बाट पानी आपुर्ती तथा व्यवस्थापन गर्ने र सो को लागि चाहीने संरचना निर्माण गर्ने कार्यमा खर्च गरीनेछ। यस कार्यक्रमबाट वन नर्सरीमा बिरुवाको बृद्धिदर, उत्पादित बिरुवाको बृक्षारोपण पश्चात् बाच्ने दर (Survival rate) बृद्धि, नर्सरीमा हुने रोग किरा सम्बन्धी समस्या समाधानको तरिका लगायत अन्य विविध पक्षमा अनुसन्धान हुने गरी एक अनुसन्धान वन नर्सरी सञ्चालन गर्नु पर्नेछ। अनुसन्धानमुलक वन नर्सरी स्थापना तथा सञ्चालनका लागि अनुसन्धानको उद्देश्य, विधि, सञ्चालन प्रकृया तथा प्राप्त निष्कर्ष तथा उपलब्धीहरूको उपयोग विधि समेत समावेश गरी अनुसन्धान विधि/पद्धति (Research Protocol) तयार गरी मन्त्रालयबाट स्वीकृत गराई कार्य सञ्चालन गर्नुपर्नेछ। साथै यस शीर्षकमा विनियोजित बजेट माथी उल्लिखित विविध पक्षको अनुसन्धान हुने गरी विउ संकलन, विउ रोपण, विउको उमार शक्तिको परिक्षण, बिरुवा उत्पादन, विरुवाको वृद्धीदर, विरुवाको माग लगायतका विषयहरुमा अध्ययन अनुसन्धानका लागी समेत खर्च गर्न सकिनेछ। नर्सरी राखिएको स्थानमा स्पष्ट देखिने गरी सुचना पाटी राख्नुका साथै संचालित कृयाकलापको विवरण सहितको Information Board राख्नुपर्नेछ। कार्यक्रम सम्पन्न पश्चात प्रगति प्रतिवेदनमा निम्न बुँदाहरु समावेश गर्नुपर्नेछ।

- नर्सरी निर्माण गरिएको स्थान, फोटो तथा नक्शाहरु,
- अनुसन्धान गरिएका पक्षहरू र निष्कर्ष सहितको प्रतिवेदन,
- नर्सरीको उत्पादित बिरुवा (एकबर्षे/बहुबर्षे) को विवरण,
- सिर्जना भएको रोजगारी श्रमदिन,

- निर्माण गर्दा लागेको खर्च ।

## ८.७ गत विगत बर्षहरुमा रोपण भएका क्षेत्रमा पुन: रोपण, स्याहार सम्भार र संरक्षण

यस कार्यक्रमको मुख्य लक्ष्य विगत वर्षहरुमा सामुदायिक, साझेदारी र सार्वजनिक क्षेत्रमा भएका बृक्षारोपणको स्याहार सम्भार तथा पुन:रोपण समेत गरी विगतमा भएका बृक्षारोपणलाई सफल बनाउनु रहेको छ । यसमा विनियोजन भएको रकम विगत समयमा भएको बृक्षारोपणको गोडमेल (Weeding), सरसफाई (Cleaning), आवश्यकता अनुसार मलखाँद समेत प्रयोग गरी मृत बिरुवाहरू भएको स्थानमा पुन:रोपण (Beating up), बिरुवा ढुवानी कार्य आदिमा खर्च गर्न सकिनेछ यसरी कार्य सम्पन्न पश्चात् प्रगति प्रतिवेदनमा निम्न विषयहरू समावेश गर्नुपर्नेछः

- गोडमेल तथा सरसफाई गरीएको वृक्षारोपण क्षेत्रको विवरण (बिरुवा सँख्या, प्रजाति, क्षेत्रफल नक्सा समेत),
- पुन:रोपण (Beating up) गरिएको बिरुवा, मलखाँदको परिमाण,
- लाभान्वित क्षेत्र/समुदाय,
- सिर्जना भएको रोजगारी (श्रमदिन),
- कार्य सञ्चालन पुर्व तथा पश्चात्को र कार्य सञ्चालनको फोटो ।

## ८.८ बृक्षारोपण योजना तयारी र कार्यान्वयन (वृहत्तर चक्ला वृक्षारोपण समेत)

यस कार्यक्रमको मुख्य लक्ष्य उत्पादन गरिएको गुणस्तरिय र बृक्षारोपण लायक बिरुवाहरूलाई खाली वनक्षेत्र (हैसियत सुधार गर्नुपर्ने वनक्षेत्र समेत), चुरे क्षेत्र, नदी उकास, निजी, सार्वजनिक जग्गा, अतिक्रमण हटाइएको क्षेत्रमा बृक्षारोपण गर्न कार्ययोजना (Action-plan) तयार गरी कार्य सञ्चालन गर्नु रहेको छ। यस कार्यक्रम कार्यन्वयनका लागी सबै डिभिजनहरुले फागुन मसान्त भित्र वृक्षारोपण स्थलको जिपिएस नक्सा तथा कोर्डिनेट सहितको विवरण (क्षेत्रफल, स्थान आदि), सरोकारवालासँग छलफल, ल.इ. तयारी, बिरुवा प्रजाति, सँख्या तथा बृक्षारोपणको खाडलको आकार तथा दुरी, मलखाँदको प्रयोग, लागत साझेदारीको अवस्था र बिरुवा संरक्षण तथा स्याहार सम्भारको व्यवस्था सहितको प्रदेश वन ऐन २०७८ को दफा ८९ बिस्तृत वृक्षारोपण योजना तयार गर्नुपर्नेछ। यसमा बिनियोजित रकम प्राबिधिक खर्च, योजना निर्माण, इन्धन खर्च तथा बिज्ञसेवा र पुनरावलोकन समेतमा खर्च गर्नसक्ने छ ।

## ८.९ सरकारी तथा सार्बजानिक जग्गामा बृक्षारोपण र संरक्षण

स्वीकृत भएको बृक्षारोपण योजना अनुरुप मात्र वृक्षारोपण गर्नुपर्ने छ। अतिक्रमित क्षेत्र, चरिचरणको चपेटामा परेको वनक्षेत्र, नदि उकास, सार्वजनिक जग्गा तथा चुरे क्षेत्रका खालि जमिनमा वृक्षारोपण गर्दा आवश्यकता अनुसार जग्गा तयारी, झाँडी सफाई, तारबार, ट्रेन्च निर्माण वा बारबेर गरि गर्नु पर्नेछ ।वृक्षारोपण कार्यक्रम सम्पन्न भएपछि वृक्षारोपण सम्बन्धी तथ्याङ्कहरु भएको सुचना पाटी तयार गरी राख्नु पर्नेछ । कार्य सम्पन्न पश्चात् प्रगति प्रतिवेदनमा निम्न विषयहरू समावेश गर्नुपर्नेछ।

- वृक्षारोपण क्षेत्रको विवरण (नक्सा, रोपण गरिएको बिरुवा सँख्या र प्रजाति, क्षेत्रफल, स्थान समेत),
- बृक्षारोपणमा अवलम्बन गरिएका उपायहरूको विवरण (तारबार, हेरालु, मलखाँद सम्बन्धी विवरण),
- लाभान्वित क्षेत्र/समुदाय,
- सिर्जना भएको रोजगारी (श्रमदिन),
- कार्य सञ्चालन चरणको फोटोहरु ।

## ८.१० नदि उकास तथा सार्वजनिक जग्गामा विरुवा रोपण (वृक्षारोपण, योजना तयारी र कार्यान्वयन)

यस कार्यक्रमको मुख्य उद्देश्य तराई तथा चुरे क्षेत्रका नदी उकास तथा खाली क्षेत्र पुनर्स्थापना गरी हरियाली कायम गर्नुका साथै वन पैदावार उत्पादनमा टेवा पुर्‍याउने रहेको छ। सो क्षेत्रहरूमा वृक्षारोपण गर्दा खाली जग्गाको सदुपयोग भई वातावरण संरक्षण, जैविक विविधता संरक्षणमा सहयोग पुग्नुका साथै वन पैदावारका लागि राष्ट्रिय वनमा चाप समेत कम गराउन सकिन्छ ।जिल्लामा भएका नदि उकास क्षेत्रहरु तथा सार्वजनिक जग्गाहरुको पहिचान गरि नक्शाङकन समेत गरि तयार गरिएको वृक्षारोपण योजना बमोजिमका कार्यहरु गरिनेछ साथै यस अन्तर्गत ८.९ अनुसारका क्रियाकलापहरु समेत कार्यान्वयन गर्न सकिनेछ।

## ८.११ अतिक्रमण हटाई वन क्षेत्रको पुनर्स्थापना (बृक्षारोपण)

अतिक्रमित वन क्षेत्रबाट अतिक्रमण हटाई वृक्षारोपण गर्नुपर्ने भएमा सो क्षेत्रको विस्तृत विवरण सहितको नक्शा, अतिक्रमण हटाउन लाग्ने खर्च, सोको संरक्षणको मोडालिटी र खर्च, वृक्षारोपण गर्दा लाग्ने खर्च र व्यवस्थापन योजना सहितको विस्तृत वृक्षारोपण योजना तयार गरी सम्बन्धित डिभिजनल वन अधिकृतबाट स्वीकृत गराई कार्यान्वयन गर्नुपर्ने छ । तर २ हेक्टर भन्दा कम क्षेत्रमा अतिक्रमण हटाई वृक्षारोपण गर्नुपरेमा कार्ययोजना अनिवार्य हुनेछैन । साथै यस कार्यक्रमबाट ग्रामिण क्षेत्रमा परम्परा देखि खोरिया फँडानीको रूपमा अतिक्रमण गरि खेती गरिरहेको जग्गामा समेत खोरिया फँडानी हटाई वन क्षेत्र पुनः स्थापनाका लागि वृक्षारोपण गर्न सकिनेछ । कार्य सम्पन्न प्रतिवेदनमा निम्न विषयहरू समावेश गर्नुपर्नेछ।

- वृक्षारोपण क्षेत्रको विवरण (नक्सा, बिरुवा सँख्या, प्रजाति, क्षेत्रफल, स्थान समेत),
- बृक्षारोपण क्षेत्रको संरक्षणका लागि अवलम्बन गरिएका उपायहरूको विवरण (तारबार, हेरालु, सम्बन्धी विवरण),
- लाभान्वित क्षेत्र/समुदाय,
- सिर्जना भएको रोजगारी (श्रमदिन),
- कार्य सञ्चालन चरणको फोटो ।

## ८.१२ "हरित सडक लुम्बिनीको पहिचान" कार्यक्रम मार्फत सडक सौन्दर्यीकरण वृक्षारोपण

प्रदेश भित्रका मुख्य राजमार्ग तथा सहायक राजमार्गहरुको छेउछाउ तथा मध्यभाग (Divider) मा सौन्दर्य प्रदायक वहुवर्षीय बिरुवाहरुको वृक्षारोपण मार्फत लुम्विनी प्रदेशको सडकहरुमा हरियाली प्रवर्द्धन गर्नु यस कार्यक्रमको मुख्य उद्देश्य रहेको छ । यो कार्यक्रम स्थानीय समुदाय, टोल बिकास संस्था, सम्बन्धित स्थानीय तह, डिभिजन सडक कार्यालय, वित्तिय संस्था, क्लव तथा अन्य सरोकारवालाहरुसँगको सहकार्यमा गर्न सकिने छ। प्रचलित नर्मसको परिधिको भित्र रहि स्विकृत लागत अनुमान बमोजिम सडक सौन्दर्यीकरण वृक्षारोपण कार्य गर्नुपर्नेछ ।वृक्षारोपण कार्य सम्पन्न भएपछि वृक्षारोपण सम्बन्धी तथ्याङ्कहरु भएको सुचना पाटी तयार गरी राख्नु पर्नेछ ।

यसरी कार्य सम्पन्न पश्चात् डिभिजन वन कार्यालयले प्रगति प्रतिवेदनमा निम्न विषयहरू समावेश गर्नुपर्नेछः

- वृक्षारोपण क्षेत्रको विवरण (नक्सा, बिरुवा सँख्या, प्रजाति, क्षेत्रफल/लम्बाई, स्थान समेत),

- बृक्षारोपणमा अवलम्बन गरिएका उपायहरूको विवरण (तारबार, गोडमेल, पुनरोपण, सिँचाई, हेरालु, मलखादको परिमाण),
- लाभान्वित क्षेत्र/समुदाय,
- सिर्जना भएको रोजगारी (श्रमदिन),
- खर्चको विवरण,
- कार्य सञ्चालन चरणको फोटो ।

## ८.१३ कृषि वन प्रवर्द्धन कार्यक्रम

निजी जग्गा/सार्वजनिक तथा हैसियत बिग्रेको वन क्षेत्रमा जमीनको उत्पादकत्वमा सुधार ल्याउन तथा स्थानीय जनताको आयआर्जनमा सहयोग पुर्याउनका लागि आयमूलक वनजन्य, जडीबुटी तथा फलफूलका बिरुवा खरिद, रोपण तथा स्याहार गरी आयमूलक कार्यक्रम संचालन गरिनेछ । यसका साथै अतिक्रमण हटाइएका वन क्षेत्रहरु तथा नदी उकास क्षेत्रहरुमा विपन्न वर्गका जनतालाई समूह बनाई आयमूलक वनजन्य, जडीबुटी तथा फलफूलका बिरुवा खरिद, रोपण तथा स्याहार गरी आयमूलक कार्यक्रम संचालन गर्न सकिनेछ। यस कार्यक्रम मार्फत खेर गैराखेको वा कम सदुपयोग भएको व्यक्तिको नाममा दर्ता भएको जग्गाको उत्पादन र उत्पादकत्व वृद्धि गरी स्थानीय क्षेत्रमा नै रोजगारी तथा आय आर्जन र उद्यमशिलताको अभिवृद्धिबाट समृद्धिका लागि वन भन्ने नारालाई प्रत्यक्ष रुपले सहयोग गर्ने अपेक्षा गरिएको छ ।

यसका अतिरिक्त यस शीर्षकमा विनियोजन भएको रकम समन्वय बैठक, अन्तरक्रिया, कृषि वन सम्बन्धी क्षमता विकास कार्यक्रम, कार्यक्रमको निरन्तर अनुगमन, इन्धन, दै.भ्र.भ. इत्यादिमा खर्च गर्न सकिनेछ । कार्यक्रम सम्पन्न भएपछि कृषि वनसँग सम्बन्धित तथ्याङ्कहरु भएको होर्डिङ्ग बोर्ड तयार गरी कार्यस्थल मुख्यभागमा राख्नु पर्नेछ ।

कार्य सम्पन्न पश्चात् प्रगति प्रतिवेदनमा निम्न विषयहरू समावेश गर्नु पर्नेछ।

- वृक्षारोपण क्षेत्रको विवरण (नक्सा, बिरुवा सँख्या, प्रजाति, क्षेत्रफल/लम्बाई, स्थान समेत),
- बृक्षारोपणमा अवलम्बन गरिएका उपायहरूको विवरण (तारबार, गोडमेल, पुनरोपण, सिँचाई, हेरालु, मलखादको परिमाण),
- लाभान्वित क्षेत्र/व्यक्ति/समुदाय,
- सिर्जना भएको रोजगारी (श्रमदिन),
- खर्चको विवरण,
- कार्य सञ्चालन चरणको फोटो ।

यसै कार्यक्रम बमोजिम **तारवार सहितको फलफुलको विरुवा वृक्षारोपण** समेत गर्न सकिनेछ।

## ८.१४ घुम्ति बिरुवा वितरण र रोपण सहजीकरण विशेष अभियान

नर्सरी भन्दा टाढा भएका किसानहरुलाई बिरुवा वितरण गर्नको लागि किसानहरुको माग संकलन गरिनेछ। किसानको माग अनुसारको बिरुवाको ढुवानी, वितरण तथा रोपण सहजिकरणको लागि विशेष अभियान सन्चालन गरिनेछ । यस कार्यक्रममा विनियोजित रकम बिरुवा ढुवानी, वितरण, रोपणकार्यमा प्राविधिक सहजिकरण, सवारी साधन भाडा, लोडअनलोड, अनुगमन एवम् प्राविधिक सहजिकरण कार्यमा खटिने कर्मचारीको दै.भ्र.भत्ता लगायतका कार्यमा खर्च गर्न सकिने छ ।

## ८.१५ वन नर्सरीहरुमा लाग्ने रोग सम्बन्धी अध्ययन तथा प्रकाशन

विस्तृत कार्य क्षेत्रगत शर्त तयार गरी मन्त्रालयबाट स्वीकृत गराई कार्यक्रम सम्पन्न गरिने छ। प्रचलित नर्मसको परिधिको भित्र रहि स्विकृत लागत अनुमान बमोजिम कार्य संचालन गर्नुपर्नेछ ।

## ८.१६ Seed Orchard & Seed Stand स्थापना र व्यवस्थापन

बहुउपयोगी प्रजातिको गुणस्तरिय बिउ उत्पादन गरी वितरण गर्न तथा त्यस्ता बिउको बंशाणुगत स्रोतको संरक्षण गर्नका लागी Seed Orchard र Seed Stand कम्तिमा एक/एक वटा स्थापना गर्नका लागि कार्यक्रम राखिएको छ।

यस शिर्षक अन्तर्गत बिनियोजित रकम Seed Orchard को स्थापनाका लागि कम्तिमा फरक फरक क्षेत्रको ३० वटा Genetically Superior Mother Tree छनौट गरी सो रुखहरुबाट विउ संकलन गरी विउको श्रोत पहिचान हुनेगरी विरुवा उत्पादन गरी RCBD (Experimental Design) मा आधारित भई वृक्षारोपणका लागि क्षेत्र छनौट, नक्शांकन, झाडी सफाई, तारबार गर्ने, संरक्षणका लागि हेरालु, होर्डिङ्ग बोर्ड निर्माण र वृक्षारोपण कार्य संचालन तथा BSO स्थापना एवं त्यस्तो कार्यमा खटिने कर्मचारीको लागि नियमानुसार पाउने दैनिक भ्रमण भत्ता र अनुगमन खर्च लगायतका कृयाकलापमा खर्च गर्न सकिनेछ।

Seed Stand को स्थापना र व्यवस्थापनका लागि क्षेत्र छनौट, नक्शांकन, Genetically Superior Mother Tree छनौट, झाडी सफाई, कमसल (Inferior) खालका रुखहरु हटाउने, टयागिङ्ग गर्ने, संरक्षणका लागि हेरालु, होर्डिङ्ग बोर्ड निर्माण र स्थापना एवं त्यस्तो कार्यमा खटिने कर्मचारीको लागि नियमानुसार पाउने दैनिक भ्रमण भत्ता र अनुगमन खर्च लगायतका कृयाकलापमा खर्च गर्न सकिनेछ।

कार्यक्रम सम्पन्न भए पश्चात प्रतिवेदनमा सन्चालन भएको कार्यक्रमहरुको फोटो, लागत अनुमान र खर्चको बिल भरपाई, GIS नक्शा सहितको Seed Orchard & Seed Stand स्थापना र व्यवस्थापनको बिस्तृत प्रतिवेदन पेश गर्नुपर्नेछ। कार्यक्रम सन्चालन स्थानमा सो सम्बन्धी सम्पुर्ण विवरण सहितको होडिङ्ग बोर्ड निर्माण गर्नुपर्नेछ।

पुनश्चः यस कार्यक्रम कार्यान्वियन सम्वन्धि विस्तृत कार्ययोजना तयार गरि मन्त्रालय बाट स्विकृत गराई संचालन गरिनेछ।

## ८.१७ BSO बाट वीउ संकलन, परीक्षण र वितरण

गुणस्तरिय बिरुवा उत्पादनका लागि गुणस्तरिय बिउ आवश्यक पर्ने भएकाले सरोकारवालाहरुलाई गुणस्तरिय बिउ उपलब्ध गराउन र लोपोन्मुख प्रजातिको संरक्षण गर्ने उद्देश्यका साथ बिगतमा वन तथा भु-संरक्षण बिभाग लगायतका निकायबाट स्थापना गरिएका बिउ बगैचा, बिउ उत्पादन क्षेत्र (संबन्धित निकायसंग समन्वय गरी) बाट तथा निजी जग्गाबाट बिउ संकलन गरी उक्त बिउको अंकुरण क्षमता परिक्षण समेत गरी वितरण तथा संकलनका लागि सिफारिसको कार्य गरिनेछ।

यसमा बिनियोजन गरिएको रकम बिउ संकलन कार्यमा खटिएका ज्यामीको ज्याला, खटिएका कर्मचारीहरुको दैनिक भ्रमण भत्ता, निजी जग्गाबाट संकलन गर्दाको अवस्थामा दररेट खुलेको हकमा स्विकृत दररेट बमोजिम र नखुलेको हकमा प्रचलित बजार दर अनुसारको रकम भुक्तानी, सवारी भाडा,

ढुवानी खर्च, परिक्षणका लागी आवश्यक पर्ने सामाग्री खरिद, बिउ भण्डारण कक्ष ब्यवस्थापन लगायत स्विकृत लागत अनुमान अनुसारको रकम खर्च गरिनेछ।

कार्य सम्पन्न पश्चात पेश गरिने प्रतिबेदनमा मुख्यत: निम्न ब्यहोरा खुल्नु पर्नेछ।

- बिउ संकलन मिति,
- संकलित प्रजाति अनुसार परिमाण,
- सिर्जना भएको रोजगारी श्रमदिन,
- बिंउ वितरणको विवरण,
- फोटोहरु ।